फागुन १०, २०६३

# समय



## फोहरमा राजनीति

मूल्य रु २५







asianpaints

NEW
APEX ULTIMA
The ultimate exterior paint

* Conditions apply



भास्वर ओझा


समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १४४, फागुन ४–१८, २०६३





आवरणः राजधानीमा दश दिनदेखि थुप्रिएको फोहर ।

*तस्विर : भास्वर ओझा*


**आवरण :** फोहोरमैला व्यवस्थापनमा करोडौं रकम खर्चिएको भए पनि सरकारको टालटुले नीति र ल्यान्डफिल साइटका स्थानीयबासीको अति महत्त्वाकांक्षाको चपेटामा मुलुकको राजधानी फेरि दुर्गन्धित बनेको छ । पटकपटक दोहोरिरहने यस्तो अवस्थाको दीर्घकालीन निकास पनि कसैसँग छैन २७

## रिपोर्ट

तराई आन्दोलनपछि विराटनगर अझै अन्योलमा १६

हराएका बालकहरू अझै भेटिएनन् १८

शिवरात्रिमा साधु थुप्रिने भय २०

जनतान्त्रिक वार्तालाई तयार बन्दै छन् २४

## शिक्षा

नेपालको शिक्षा प्रणाली बेरोजगार जन्माउने कारखानामात्र बनेको छ २३

## राजनीति

शक्ति प्रदर्शनको माओवादी खेलले मुलुक शक्ति संघर्षको चपेटामा पर्ने सम्भावना देखिएको छ ३२

## श्रद्धाञ्जली

दलाई लामाका समेत गुरु रहिसकेका चोगे ठिन्छेन रिम्पोछे गुरुहरूका पनि गुरु थिए ३६




समय


**खेलकुद :** आर्चरीमा पोखराका महिला कोभन्दा को कम भन्दै उत्रिएका छन् ५०

| | |
|---|---|
| सम्पादकीय | ५ |
| चसक | ६ |
| डाँक | ८ |
| टिपोर्ट | १० |
| मुलुक | ११ |
| साहित्य | ५१ |
| अनुहार | ५७ |
| शून्य समय | ५८ |

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
नवीन अर्याल
छत्र कार्की
**संवाददाता**
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी **(संयोजक)**
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल **(प्रबन्धक)**
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# जनताको आशामाथि कुठाराघात


## सम्पादकीय

**अन्तरिम संसद्** गठनको एक महिना पूरा भएको छ। सिद्धान्ततः संसदीय व्यवस्थाले जनताको सर्वोपरि भूमिका स्वीकार गरेको हुन्छ र संसद् उनीहरूको सर्वोच्च प्रतिनिधि थलो मानिन्छ। मनोनीत नै भए पनि ११ वर्षसम्म सशस्त्र आन्दोलन चलाउँदै आएको माओवादीका ८३ संसद्सहित निर्मित सदनले प्रजातन्त्र, शान्ति र समृद्धिका दिशामा संसदीय मूलभूत आदर्शसहित सरकारलाई क्रियाशील रहन घचघच्याइरहला भन्ने जनमानसमा न्यूनतम आशा अवश्य जागेको छ। तर त्यो आशामाथि कुठाराघात भएमा जनताको नजरमा माओवादीसहित आठ दलहरू गिर्न समय लाग्नेछैन।

विगत एक महिनामा संसद्का बैठकहरू औपचारिकतामा मात्र सीमित रहेका छन् भने कुनै पनि रुपमा सरकारलाई संसदीय मर्यादा र परम्पराअनुरुप उत्तरदायी र जवाफदेही बनाउन संसद् पूर्णतः उदासीन देखिएको छ। नगरकोट काण्डका तत्कालीन गृहमन्त्रीलाई गिरफ्तार गरी संसदीय समितिसमक्ष उपस्थित गराउने सदस्यहरू तराईमा झन्डै ४० जनाको मृत्यु हुँदा सम्बन्धित विषयमा अत्यन्तै संवेदनाविहीन बनेको देखिन्छ। संसदीय कारबाहीलाई मुलुकको समस्या, नागरिकहरूको हक, हित र सुरक्षाले प्रभावित गरेको हुन्छ भने उसलाई आफ्नै पूर्वदृष्टान्त र व्यवहार अनि सामूहिक नैतिकताले पनि निर्देशित गर्नै पर्छ। संसद्ले त्यो कसीमा आफूलाई खरो उतार्न सक्तैन भने उसको सान्दर्भिकता र प्रभावबारे अनेक प्रश्न उठ्नेछन्। के अन्तरिम संसद्ले त्यसैलाई आफ्नो सफलता मान्ने ?


भास्वर ओझा

जेठमा निर्वाचनको रटान सबै दल र सरकारको मुखमा छ। तर अन्तरिम संविधानको कार्यान्वयन र आन्तरिक संसद्को गठनको पनि निर्वाचनसम्बन्धी कानुनको व्यवस्था र व्याख्याबारे संसद् त्यत्तिकै उदासीन देखिएको छ। हुकुम प्रमांगीको शैलीमा आउने प्रधानमन्त्री, मन्त्री र राजनीतिक दलका नेताहरूको बोलीमा कानुनको हैसियत हुँदैन। चुनावी रटान लिने तर उपयुक्त कानुन व्यवस्थासहित चुनावका लागि आवश्यक सर्त पूरा नगर्दा निर्वाचन नाटक मात्र हुने चेतावनी प्रमुख निर्वाचन आयुक्तले दिइसकेका छन् र त्यस्तो निर्वाचन औचित्यहीन मात्र हुनेछ। त्यस्तो चुनाव र राजाको सरकारद्वारा संचालित चुनावबीच फरक नै के होला र ? चुनाव प्रक्रिया विश्वसनीय त हुनैपर्छ, निष्पक्ष र भयरहित अवस्थामा आफ्नो मान्यताअनुसार मत दिने वातावरण र कानुनद्वारा निर्वाचन आयोग सशक्त बन्न नसकेको अवस्थामा हुने चुनाव स्वीकार्य हुँदैन। त्यसो गर्नु आठ राजनीतिक दलद्वारा जनतालाई चुनाव प्रक्रियाबाट अलग राख्ने षड्यन्त्र हुनेछ र त्यो प्रजातन्त्र र नयाँ नेपाल निर्माणको नाममा नयाँ प्रतिगमनको अभ्यास मात्र सिद्ध हुनेछ। ■




## समय साता

**निधन** : साहित्यकार जनकप्रसाद हुमागाई ।

**हिमपात** : राजधानीमा करिब ६२ वर्षपछि, मुलुकभर हिमपातबाट तीनजनाको मृत्यु ।

**लोडसेडिङ** : फागुन १ गतेदेखि दैनिक सात घन्टा ।



**गठन** : व्यवस्थापिका संसद् नियमावलीअनुसार सभामुख सुवास नेवाङको सभापतित्वमा कार्यव्यवस्था परामर्श समिति गठन ।

**सिफारिस** : भ्रष्टाचार नियन्त्रण शाही आयोगको ज्यादतीमाथि छानबिन गर्न गठित आयोगद्वारा विघटित उक्त आयोगका अध्यक्ष भक्तबहादुर कोइरालालगायतका अन्य सदस्यहरूलाई कारबाही गर्न सरकारलाई रिफारिस ।



**सम्झौता** : भारत र भुटानबीच भएको १९४९ मा दुई देशबीच भएको सम्झौता विस्थापित गरी भुटानका राजा खेसर नाम्गेल र भारतीय विदेशमन्त्री प्रणव मुखर्जीद्वारा नयाँ मैत्री सम्झौता ।

**आग्रह** : औद्योगिक सुरक्षा समूहद्वारा माओवादीलाई देशका व्यवसाय तथा उद्योगहरूमा जबरजस्ती चन्दा असुली, अपहरण र हिंसाजस्ता कायमै रहेकाले यस्ता कामहरू तत्काल रोक्न आग्रह ।

**खारेज** : नेपाल स्टक एक्सचेन्जद्वारा दुई वर्षसम्म लगातार वार्षिक साधारणसभा नगर्ने र सूचीकरण शुल्क नतिर्ने तेह्रवटा कम्पनीको सूचीकरण खारेज ।



**मृत्यु** : इराकको राजधानी बगदादमा भएको कार बम विस्फोटमा परी असीजनाको मृत्यु, डेढ सय घाइते । मध्यबगदादको जनजीवन अस्तव्यस्त ।

**कुटपिट** : भरतपुरमा रहेको सैन्य शिविरका एक सैनिकद्वारा मदिरा सेवन गरी गाउँलेमाथि कुटपिट, १५ जना घाइते, तीनजनाको अवस्था नाजुक ।

**स्वागत** : तराईको आन्दोलनलाई ध्यानमा राख्दै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा गरिएको पछिल्लो सम्बोधनको भारतीय विदेशमन्त्री प्रणव मुखर्जीद्वारा स्वागत ।




**निर्देशन** : प्रधानसेनापति रुक्मांगत कटवालद्वारा सैनिक अधिकृतहरूलाई प्रजातान्त्रिक संरचनालाई दिगो र दरिलो बनाउन तथा जनताको शान्तिको चाहनालाई मूर्तरुप दिन हरहमेसा क्रियाशील रहन सैनिक अधिकृतहरूलाई निर्देशन ।

**माग** : अन्तरिम व्यवस्थापिका संसद्मा तराईबाट प्रतिनिधित्व गर्ने सांसदहरूद्वारा तराई आन्दोलनको क्रममा भएको धनजनको क्षति र दमनबारे छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्न माग ।



**रिहा** : पूर्व गृहमन्त्री कमल थापा, सर्वोच्च अदालतको आदेशमा ।




## समस्या तराई मात्र होइन

समय (वर्ष ३, अंक १४३) हेर्ने मौका पाइयो। मधेशमा चर्किएको द्वन्द्वले मुलुकको ध्यान तानेको छ। सुरुमा घुसपैठको आरोप लगाउने आठ दलहरूलाई मधेशको आन्दोलन बुझ्न पक्कै समय लाग्यो र मुलुक तराईको मागलाई सम्बोधन गर्न अन्तरिम संविधान संशोधन गर्ने कुरामा समेत अन्ततः सबै दलहरू सहमत भए। तर, समस्या तराई मात्र होइन। तराईले आफ्ना अधिकारलाई लिन २७ जनाको ज्यान गुमाउनु गऱ्यो। यसले अन्य क्षेत्रका बासिन्दाको ध्यान पनि पक्कै तानेको छ। अहिले अन्तरिम संविधान संशोधन गर्दा सम्पूर्ण क्षेत्रलाई समेटिएन भने फेरि अन्यत्र पनि आन्दोलनको आगो नदन्किएला भन्न सक्ने अवस्था छैन। संविधान संशोधनको घडी झन् महत्त्वपूर्ण छ। यसमा सबैले बेलैमा ध्यान पुऱ्याउन सकेनन् भने अर्को आपत् सरकालाई आइपर्नेछ।

■ **मुकुल खड्का**
ओखलढुंगा, हाल : काठमाडौं

## काममा नयाँपन खोइ ?

समय (वर्ष ३, अंक १४३) को रिपोर्ट पढेँ। माओवादीको नयाँ रणनीतिका बारेमा जान्ने मौका पाइयो। यसका लागि समयलाई साधुवाद। माओवादीले ११ वर्ष द्वन्द्वकालमा बाँडेका अनेकौं आश्वासनहरू छन्। त्यतातिर माओवादीको कुनै ध्यान जान सकेको छैन। तराईमा चर्केको आन्दोलनलाई माओवादीले 'घुसपैठ' भनेपछि उनीहरूको चरित्र कमसेकम तराईमा नांगिएको छ र अन्य क्षेत्रमा पनि त्यस्तै अवस्था छ। प्रचण्डलाई अगाडि सारेर मधेस तथा पहाडमा आफ्नो साख जोगाउन अहिले कुनै पनि हालतमा सम्भव छैन। उनीहरूको कार्यमा जबसम्म परिवर्तन आउँदैन, तबसम्म माओवादीका सबै अस्त्र विफल हुने पक्का छ। बरु माओवादीले सर्वसाधारणलाई आफूतिर तान्न सक्ने सामाजिक कामहरूमा सक्रिय भए कसो होला ? भाषणमा होइन अहिले काममा नयाँपन चाहिएको छ।

■ **अविनाश श्रेष्ठ**
सोह्रखुट्टे, काठमाडौं

## माओवादीको उदांगो चरित्र

समय (वर्ष ३, अंक १४३)मा माओवादीका पूर्व नेता रवीन्द्र श्रेष्ठद्वारा लेखिएका 'प्रचण्ड र दरवारबीचका गोप्य सम्बन्धहरू' पढ्न पाइयो। सबै दललाई दरवारका चाकरहरू भन्ने प्रचण्डको कुर्सीका लागि देखाएको चरित्र पढ्दा माओवादीप्रति झन् वितृष्णा जागेर आयो। त्यसो त अहिले बन्दुक बिसाइसकेपछि माओवादीले विगतमा देखाएको चरित्र सम्झेर गाउँमा माओवादीहरूलाई लखेट्ने गरेका समाचारहरू पनि यतततत्र नआएका होइनन्। दलका तल्ला कार्यकर्ताका गल्तीहरूलाई नबुझेर गरेको बताउने माओवादी नेतृत्वले प्रचण्डको पदलुप्तलाई के भनेर सम्बोधन गर्छ अथवा उनीहरूकै शब्दमा यो पनि 'दरवारियाहरूले रचेको षड्यन्त्र हो'। राजनीतिमा सबै जायज छ र माओवादी पनि जनताको हातमा होइन, व्यक्तिको हातमा सत्ता ल्याउन साम, दाम दण्ड र भेद सबै अपनाउन तयार छ भन्ने प्रस्टिँदैन र ?

■ **विनोद घिसिङ**
आरुबारी बौद्ध, काठमाडौं

## बन्दुक निकास होइन

समय (वर्ष ३, अंक १४३) मा भुटानी शरणार्थीसम्बन्धी रिपोट पढ्ने मौका पाइयो। उक्त समाचारमा भुटानी शरणार्थी समस्या समाधान नभए शरणार्थीहरूले बन्दुक बोक्न पछि नहट्ने कुरा पढ्दा नमजा लाग्यो। ११ वर्षसम्म बन्दुकको राजनीति गरिरहेका माओवादीले पनि दुई वर्षअघिसम्म पनि बन्दुकबाटै राज्यसत्ता र अधिकार पाइन्छ भन्ने अहं बोकेका थिए, तर अहिले उनीहरूले सोच धरातलीय यथार्थमा बदलिएको छ। बन्दुक समस्याको समाधान होइन भन्ने बुझेर शान्तिपूर्ण राजनीतिमा आइरहेका बेला अर्को कुनै पक्षले बन्दुक बोक्छु भन्नु फेरि नेपाली जनताको मनमाथि फेरि नयाँ युद्धको वीउ अंकुरण गर्नु जस्तै लाग्यो। शान्तिपूर्ण माध्यमबाट भुटानी शरणार्थीहरूको समस्याको हल खोजिनु पर्छ, बन्दुक समस्याको निकास होइन।

■ **अञ्जना शर्मा**
भैंसेपाटी, काठमाडौं

## कसरी राज्य चल्छ ?

समय (वर्ष ३, अंक १४३) मा युवराज घिमिरेको शून्य समय पढ्ने अवसर पाइयो। हरेक अंकको शून्य समयमा केही नौलो कुरो भेटाइन्छ। शून्य समयमा छापिएको फोटोले सबैभन्दा पहिला मेरो ध्यान केन्द्रित गऱ्यो। निरीह अवस्थामा बाँधिएका ती प्रहरीको मनोबल कस्तो रहला ? के ती प्रहरीको मनोबल उकासेर प्रहरी प्रशासनलाई चुस्त बनाउनु राज्यको दायित्वभित्र पर्दैन ? माओवादीका सेनाका लागि अहिले अर्बौं रुपैयाँ खर्चिएको छ। हिजोसम्म जस्तो भए पनि होस् मुख भिजाउने पानी भए हुन्छ भन्दै गाउँ चहार्ने माओवादीका सेनालाई अहिले मिनरल वाटर चाहिएको के यस्तो अवस्थामा प्रहरी प्रशासनमा परिवर्तन हुनु आवश्यक छैन। पहुँच नभएका प्रहरीहरू जिउँदै काटेर मार्दा पनि राज्य गैरजिम्मेवार बन्ने र पहुँच भएकालाई टपक्क टिपेर माथि पुऱ्याउने यस्तो प्रवृत्तिबाट मुलुकले कहिले छुट्कारा पाउने ? जनआन्दोलन-२ को मर्मका चर्को भाषण गर्दै हिँड्ने गिरिजा सरकारले यस्ता कुरामा ध्यान पुऱ्याउनु पर्ने हो कि होइन ? कि यसका लागि पनि प्रहरी प्रशासनले विद्रोह गरेर जंगल पस्नु पर्ने हो ?

■ **सुरेन्द्र गुरुङ**
धापासी, काठमाडौं
sgurung2002@yahoo.com


समय

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४



# संविधानसभामा विद्यार्थी महत्त्वपूर्ण

**नेपाली इतिहासमै** पहिलोपटक हुन लागेको संविधानसभाको निर्वाचनबारे मतदाताहरूलाई सचेत तुल्याउन युवा विद्यार्थीहरूले के गर्न सक्छन् भन्नेबारे राजनीतिशास्त्र विद्यार्थी संघले मुलुकमा दस जिल्लामा छलफल गरेको छ।

अभियानका क्रममा, परवर्तित राजनीतिक अवस्थामा युवा विद्यार्थीहरूले आगामी दिनमा अवलम्बन गर्नुपर्ने चिन्तन र त्यसको सही मार्गबारे छलफल गरिएको थियो।

यसबारे जानकारी दिन संघले राजधानीमा आयोजित कार्यक्रममा एमाले नेता तथा पर्यटनमन्त्री प्रदीप ज्ञवालीले अहिलेको राजनीतिक परिस्थितिमा युवा विद्यार्थीहरूलाई कसरी राजनीतिमा सक्रिय गराउन सकिन्छ भन्नेबारे सोच्नुपर्ने बताए। कांग्रेस प्रजातान्त्रिकका नेता प्रकाशमान सिंहको भनाइमा संविधानसभाको निर्वाचनमा जनजागरण र सचेतनाका लागि दलहरूले युवा विद्यार्थीलाई प्रयोग गर्नुपर्छ। नेविसंघ नेता गुरुराज घिमिरे संविधानसभाको चुनावमा युवा विद्यार्थीले साझा संयन्त्रमार्फत राजनीतिक सामाजीकरणका लागि लक्ष्य र एजेन्डा लिनुपर्ने बताउँछन्। कार्यक्रममा संविधानसभाको निर्वाचनमा युवा विद्यार्थीको भूमिका के हुने भन्नेबारे विद्यार्थी नेताहरू घिमिरे र ठाकुर गैरेले कार्यपत्रसमेत प्रस्तुत गरेका थिए।

# पैसैबिना मोटरसाइकल

**नेपालमा बनेको** पहिलो मोटरसाइकल कस्मिक मोटरसाइकल म्यानुफ्याक्चरिङ कम्पनी प्रालिले सुरुमा पैसा नबुझाएको स्थितिमा पनि फाइनान्स सुविधा प्रदान गरेको छ। यो योजना हाल उपत्यकाका मोटरसाइकलप्रेमीहरूलाई लक्षित गरी निकालिएको र यस योजनाले उपभोक्तालाई नयाँ मोटरसाइकल किन्न धेरै सहज हुने कुरा कम्पनीले जनाएको छ। विज्ञप्तिमा नयाँ योजनाका साथ साथ अन्य आकर्षक फाइनान्स सुविधाहरू पनि संचालित गरिएको उल्लेख छ। यसबाहेक कमपनीको सोरुम त्रिपुरेश्वरमा पुरानो मोटरसाइकल कम्पनीले लिएर नयाँ मोटरसाइकल दिने (सट्टापट्टा) सुविधा पनि उपलब्धको गराएको छ। त्रिपुरेश्वर सोरुममा सबै नमुनाका मोटरसाइकलहरू उपलब्ध छन्। कम्पनीले नयाँ मूल्यदर पनि कायम भएको जनाएको छ।

# रिलायवल कोलनी सुरु



**सात वर्षअघि** हाउजिङ व्यवसायमा लागी परेको गुण समूहले 'रिलायवल कोलेनी' नामक आवास योजना संचालनमा ल्याएको छ। ललितपुरको भैंसेपाटीको यो आवास योजनाअन्तर्गतका एक सय दसवटा छुट्टाछुट्टै घरहरूको बिक्री माघ २९ देखि खुला गरिएको छ।

रिलायवल कोलोनीका कार्यकारी अध्यक्ष दिजेन्द्र शाक्यद्वारा जारी वक्तव्यमा भनिएको छ, 'यस आवास क्षेत्रमा पर्याप्त रुपमा खानेपानी, विद्युत् र संचार सुविधा उललब्ध हुनेछ। यसबाहेक अन्य सेवाहरूमा पौडी पुल, हेल्थक्लब, व्यक्तिगत कम्पाउन्ड, मिनी बैंक, डिपार्टमेन्टल स्टोर तथा पार्टी हलको निर्माण गरिने योजना शाक्यले बताएका छन्।




# समयमा तयार भएन डिपीआर



**सप्तकोशी उच्चबाँधको** विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार गर्न नेपाल-भारत संयुक्त प्राविधिक टोलीलाई दिइएको समय सकिएको छ। तर, डिपीआरका लागि भइरहेको अध्ययन अझै आधाभन्दा बढी बाँकी छ। अहिलेसम्म मुस्किलले ३० प्रतिशत अध्ययन कार्यमात्रै सकिएको प्राविधिक टोलीले जनाएको छ।

नेपालबाट सुरेन्द्र बज्राचार्य र भारतबाट एके जैनले नेतृत्व गरेको संयुक्त प्राविधिक टोलीलाई ३० महिनाभित्र डिपीआर तयार गर्ने जिम्मेवारी दिइएको थियो। टोलीले २०६१, भदौ १ गते विराटनगरमा मुख्य कार्यालय राखेर डिपीआरका लागि स्थलगत अध्ययन सुरु गरेको थियो। आफूलाई दिइएको समय माघ २९ गते सकिए पनि टोलीले अध्ययन कार्य रोकेको छैन। संयुक्त प्राविधिक टोलीमा नेपाली पक्षको नेतृत्व गर्ने वरिष्ठ इन्जिनियर बज्राचार्यका अनुसार दुवै सरकारसँग थप समय मागिएको छ।

संयुक्त प्राविधिक टोलीको धरान डिभिजन कार्यालय प्रमुख इन्जिनियर देवेन्द्रप्रताप मथुरियाका अनुसार माओवादीले पटक-पटक पैदा गरेका बाधाका कारण निर्धारित अवधिभित्र डिपीआर तयार हुन नसकेको हो। माओवादीले पहिलोपटक २०६२, मंसिर १४ गते प्राविधिक टोलीको सामान कब्जा गरी उच्चबाँधको अध्ययनमा रोक लगाएको थियो। जनआन्दोलनको सफलतासँगै माओवादीले खुला राजनीतिमा आफूलाई प्रवेश गराएपछि टोलीले २०६३, भदौ २७ गतेदेखि पुनः अध्ययन सुरु गरेको थियो।

तर, माओवादीद्वारा घोषित किराँत गणतन्त्र सरकारले २०६३, मंसिर २१ गते एक प्रेस विज्ञप्ति प्रकाशित गर्दै दोस्रोपटक उच्चबाँधको अध्ययन कार्य स्थगनका लागि चेतावनी दियो। प्राविधिक टोलीले माओवादीका स्थानीय नेताहरूलाई उच्चबाँध सुरु भएको नभई त्यसका लागि अध्ययनमात्रै भइरहेको विश्वास दिलाएर मंसिर २७ गते काम सुरु सुचारु गर्‍यो। तर, एक महिना नबित्दै माओवादीको उदयपुर संगठन समितिले फेरि गत पुस १० देखि माघ ३ गतेसम्म उच्चबाँधको अध्ययन कार्य रोक्यो। माओवादी अवरोधका कारण पटक-पटक स्थगित भएको उच्चबाँधको अध्ययन कार्यलाई भर्खरै पूर्वी र मध्य तराईमा भएको तीन साता लामो मधेसी आन्दोलनले पनि प्रभावित पारेको इन्जिनियर मथुरियाले बताए।

इन्जिनियर मथुरियाका अनुसार अब कुनै व्यवधान पैदा नभए २०६५ सालको भदौसम्म डिपीआर तयार हुनेछ। डिपीआर तयार भएपछि नै विवादास्पद सप्तकोशी उच्चबाँधको आकार प्रस्ट हुनेछ। अहिलेसम्म सन् १९८१ को प्रतिवेदनकै आधारमा सप्तकोशी उच्चबाँधको विरोध भइरहेको छ। भारतले सन् १९४६ देखि सन् १९५२ सम्मको अध्ययनको आधारमा सन् १९८१ मा सार्वजनिक गरेको प्रतिवेदनले सप्तकोशीमा २ सय ६९ मिटर अग्लो बाँध बनाउनुपर्ने सुझाव दिएको छ।

सप्तकोशीमा २ सय ६९ मिटर अग्लो बाँध बनाउँदा सुनकोशी, तमोर र अरुण नदी समेत ढाक्ने गरी २ सय ५६ वर्ग किलोमिटर क्षेत्रफल ओगट्ने विशाल जलाशय तयार हुनेछ। भारतीय प्रतिवेदनले यो जलाशयबाट वार्षिक ३३ सय मेगावाट विद्युत् उत्पादन गर्न सकिने, नेपालको ५ लाख ४६ हजार र भारतको ९ लाख ७६ हजार क्षेत्रफल जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन सकिने उल्लेख गरेको छ। यसैगरी बाँध बनेपछि नियन्त्रित हुने सप्तकोशीमा जलपरिवहन सेवा सुरु गर्न र विहारलाई बाढीको प्रकोपबाट जोगाउन सकिने पनि प्रतिवेदनमा उल्लेख छ।

सन् १९८५मा नेपालका लागि जापानको अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले गरेको अध्ययनले भने सप्तकोशीमा बढीमा २ सय ३९ मिटर अग्लो बाँधमात्रै बनाउन सकिने निष्कर्ष निकालेको छ।

■ **ओमआस्था राई/धरान** (तस्विर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*




# इ–नेपालको तयारी

**राजनीतिक वृत्तमा** नयाँ नेपाल निर्माणको नारा तीव्र विस्तार भइरहेका बेला सूचना प्रविधिको क्षेत्रमा भने अबको नयाँ नेपाल इ-नेपाल हुने उद्घोष गरिएको छ ।

सूचना प्रविधि क्षेत्रका हस्तीहरूले सूचना प्रविधिको क्रान्तिले नै नयाँ नेपाल निर्माण हुने विश्वास व्यक्त गरेका छन् । त्यो विश्वासलाई व्यवहारमा परिणत गर्न मोफसलमा सक्रियता पनि देखाएका छन् ।

इ-नेपाल निर्माणको एक चरण स्वरुप लुम्बिनीलाई सूचना ग्राममा परिणत गर्न बुटवलका युवाहरूको एक समूह मरी मेटेर लागी परेको छ । उनीहरू भन्छन्, 'लुम्बिनीलाई अब सूचना प्रविधिको गाउँका रुपमा पनि चर्चित बनाउनेछौं ।'

लुम्बिनीलाई सूचना ग्राममा परिणत गर्ने त्यही लक्ष्य पूरा गर्न उनीहरू शृंखलाबद्ध योजनामा अघि बढिरहेका छन् । त्यसको एउटा पाटो हो, लुम्बिनी इन्फोटेक ।

कम्प्युटर एसोसिएसन अफ लुम्बिनी (क्यान लुम्बिनी)का अध्यक्ष टंक पाण्डेय भन्छन्, 'लुम्बिनीलाई सूचना प्रविधि गाउँमा परिणत गर्न थुप्रै योजना अघि सारेका छौं ।'

उनको भनाइमा त्यसका लागि पूर्वाधारहरू जुटाउँदै ग्रामीण क्षेत्रमा सूचना प्रविधिको पहुँच विस्तार गर्ने कार्यहरू तीव्र गतिमा भइरहेका छन् ।'

क्यान लुम्बिनीका युवाहरूले केही वर्षदेखि यस्तो अभियान थालेका हुन् । यसलाई उनीहरूले सूचना प्रविधिको तीव्र विकाससँगसँगै डोऱ्याएका छन् ।

त्यही अभियानमा बल जुटाउन उनीहरूले बुटवलमा सूचना प्रविधि प्रदर्शनी क्यान इन्फोटेक सञ्चालन गरेका छन् ।

राजधानीमा सूचना प्रविधि प्रदर्शनी सकिएको केही अवधिमै बुटवलमा यस्तो प्रदर्शनी भएको हो, तर प्रदर्शनी आयोजकहरू राजधानीको प्रदर्शनीभन्दा यो प्रदर्शनी निकै धेरै कुरामा फरक रहेको बताउँछन् ।

आयोजक प्रचार संयोजक किरण गौतम भन्छन्, 'यो सूचना प्रविधि प्रदर्शनी मात्रै हैन, सूचना प्रविधिको पहुँच बढाउने सिंगो प्याकेज हो ।'

उनको भनाइमा प्रदर्शनीमा अत्याधुनिक सूचना प्रविधिको प्रदर्शनसँगै त्यस्ता प्रविधिको प्रयोग, पहुँच, ग्रामीणवासीलाई चेतना विस्तार र यसको विस्तार जस्ता सबै विषयमा कार्यक्रमहरू केन्द्रित छन् ।

बुटवलको सूचन प्रविधि प्रदर्शनीमा राजधानीको प्रदर्शनीलाई उछिन्ने कयौं आधुनिक प्रविधिको प्रयोग र प्रदर्शन समेत गरिएको आयोजकहरूले बताए ।


त्यस्तो विश्वभर हेर्न सकिने गरी प्रदर्शनीको अनलाइन सीधा प्रसारण, साइरन जडित सुरक्षा प्रबन्ध र कयौं अत्याधुनिक प्रविधिको बिक्री वितरण र प्रदर्शनी जस्ता कुराहरू बिलकुल नयाँ प्रयोग भएको प्रचार संयोजक गौतमको तर्क छ ।

बुटवलमा सूचना प्रविधिका एक अर्का हस्ती गेहेन्द्र आचार्य सूचना प्रविधिको









पहुँचभन्दा बाहिर रहेका ग्रामीण बासिन्दाहरूलाई लक्षित गरी कतिपय कार्यक्रम सञ्चालन भएको बताउँछन् । उनका अनुसार ग्रामीण जनता, विद्यार्थी, सूचना क्षेत्रका व्यक्तिहरू लगायतलाई केन्द्रित गरेर सहुलियतका सामग्रीहरू र प्याकेज कार्यक्रम सञ्चालन भएका छन् ।

क्यान लुम्बिनीको अगुवाइ र अन्य संघसंस्थाहरूको सक्रिय सहयोगमा बुटवलमा फागुन ३ गतेदेखि त्यस्तो कार्यक्रम संचालन भएको हो । सोही अवसरमा सूचना प्रविधिको चेतना विस्तार गर्न सूचना प्रविधि ऱ्याली, चेतनामूलक अभियानहरू पनि सञ्चालन भएका छन् ।

मोफसलमा सूचना प्रविधिको विकासमा यति बढी चासो र सक्रियता देशकै पहिलो भएको आयोजकहरूको विश्वास छ । हुनत लुम्बिनीलाई सूचनाग्राममा परिणत गर्ने योजनाका साथ केही वर्षअघिदेखि नै क्यान इन्फोटेक सुरु भएको थियो । तर सूचना प्रविधिमा विकासको गतिसँगै इन्फोटेकलाई पनि अधिकतम परिष्कृत गर्दै लगिएको आयोजक संयोजक पाण्डेय बताउँछन् ।

उनको भनाईमा केही वर्षको अन्तरमा सूचना प्रविधिमा आमूल परिवर्तन आइसकेको छ । त्यही परिवर्तनसँगसँगै इन्फोटेकलाई रुपान्तरण गरिएको छ र सूचना क्रान्तिको सन्देश गाउँगाउँमा पुऱ्याउन प्रयास गरिएको छ ।

इन्फोटेक स्थलमा विद्यार्थीहरूलाई भारी सहुलियत दिइएको छ । विद्यार्थीहरूले सूचना प्रविधिबारे प्रशस्त लाभ लिन सकून् भनेर यसो गरिएको आयोजकहरूले बताए ।

पत्रकारितामा मोफसलको राजधानी भनेर चिनिएको बुटवलमा सञ्चार क्षेत्रमा आधुनिक सूचना प्रविधिको भरपूर उपयोग गर्न पनि आयोजकहरूले बल दिएका छन् । सञ्चार संस्थाहरूमा वेभसाइट, सूचना साइट निर्माणका अतिरिक्त आधुनिक प्रविधिको उपयोगितामा उनीहरूले सघाउ पुऱ्याएका छन् ।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्विर पनि)

# आर्थिक विकासका लागि जलसम्पदा



**विकास निर्माण** र अवसरबाट पछि परेका समुदाय र क्षेत्रको लागि कसरी सहयोग पुऱ्याउने भन्ने विषयले चर्चा पाएकै बेला नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा. तिलक रावलले पिछडिएको क्षेत्रहरूको लागि आर्थिक कार्यक्रमलाई जोड दिनुपर्ने सुझाव दिएका छन् ।

'पिछडिएका क्षेत्रहरूमा विकास निर्माणलाई जोड दिँदै सबैतिर समान अवसरको व्यवस्था हुने परिपाटी राज्यले खडा गर्नुपर्छ, रावलले भने', 'राज्यले सबै क्षेत्रको समान विकासको लागि मध्य र सुदूरपश्चिम क्षेत्रमा विकास क्षेत्रमा कर मिनाहा लगायतका जनताका जीवनस्तर उकास्न विशेष आर्थिक कार्यक्रम घोषणा गर्नुपर्छ ।' 'अब पनि पिछडिएका क्षेत्र र जनजातिहरूलाई राज्यले नसमेट्ने हो भने असमानताको खाडल अझ बढेर जान्छ', राष्ट्र बैंकका पूर्व गर्भनर रावलले सबैलाई बुझ्न आग्रह गरे ।

पूर्व गर्भनर डा. तिलक रावल भन्छन्, 'दस वर्षसम्म द्वन्द्वले जर्जर भएको मुलुकको विकासको लागि अब राज्यले अपार जलसम्पदा र प्राकृतिक साधनहरूको विकासलाई जोड दिएर उन्नति गर्नैपर्छ ।'

जलविद्युत् र पर्यटन क्षेत्रको विकास मात्र गर्न सकिए नेपालीलाई आर्थिक आय आर्जनको लागि अन्य काम गर्न फुर्सद नहुने उनले धारणा राखेका छन् । 'पर्यटन र जलसम्पदाको प्रयोगको लागि सर्वप्रथम राज्यले ग्रामीण भेकसम्म भौतिक पूर्वाधारको व्यवस्था गर्नुपर्छ', रावलले भने, 'भारतको एक व्यापारिक कम्पनीले कैलालीको टीकापुरको एक उद्योगको लागि लगानी गर्न खोजे पनि भौतिक पूर्वाधारको अभावमा उसका योजना पूरा हुन पाएन । उक्त कम्पनीले खोजेअनुसारको सडक सुविधा समेत टीकापुरमा हुन सकेन ।'

■ **रुद्र खड्का/नेपालगन्ज** (तस्विर पनि)






झापा सुरुंगा क्षेत्रमा भएको तनावपछि उत्पन्न भीड

# बन्द र हड्ताल मुक्त क्षेत्र

**बन्द आह्वानकर्ताको** ज्यादतीका विरुद्ध सडकमा उत्रिएका स्थानीयवासी, आठ राजनीतिक दल र प्रशासनबीच भएको भेलाले सुरुंगा क्षेत्रलाई बन्द र हड्ताल मुक्त क्षेत्र घोषणा गर्दै कसैले पनि बन्द र हड्ताल जस्ता कार्यक्रम लिएर नआउन कडा चेतावनीसहित सुरुंगा घोषणापत्र जारी गरेको छ।

यसअघि माघ २९ गते गणतान्त्रिक राजवंशी मञ्चद्वारा आयोजित एक दिने झापा बन्दको क्रममा सुरुंगाको अस्मिता मेडिकल हल र तीर्थ कम्युनिकेसनमा तोडफोडका साथै तीर्थ कम्युनिकेसनका सञ्चालक भवानी लुइँटेलमाथि सांघातिक हमला गरी गम्भीर घाइते पारेपछि बन्द आह्वानकर्ता र स्थानीय सुरुंगावासीमाझ झडप भयो।

अस्मिता मेडिकल हलका सञ्चालक भरत ढकालका अनुसार स्थानीय एक महिलाको विदेशबाट श्रीमान्ले फोन गरेकाले महिला फोनमा कुरा गर्दै गरेका बेला १५-२० जनाको संख्यामा हतियारसहित आएका बन्द आह्वानकारीहरूले एक्कासि दोकान तोडफोड गर्दै भवानीलाई पनि लाठीले हान्न थाले। ज्यान बचाउन दोकान छाडेर भागेका भवानीलाई बन्द आह्वानकर्ताहरूले मुंग्रोले हानी बाटैमा लडाई निर्मम कुटपिट गर्न थालेपछि हामीले पनि सबै सुरुंगावासीमा गुहार-गुहार ज्यान बचाऊ भनी करायौं। गाउँलेहरू भेला भएपछि बन्द आह्वानकर्ताहरू भाग्ने क्रममा अगम राजवंशी, राजीव यादव र अर्जुन राजवंशीलाई पक्री स्थानीय प्रहरीलाई जिम्मा लगाएका हौं।

करिब २ घन्टापछि बिर्तामोडस्थित प्रेम होटलका सञ्चालक सुरेन्द्र राजवंशीको अगुवाइमा ३-४ सयको संख्यामा हात-हतियार सहित बन्द आह्वानकर्ताहरूलाई आधा दर्जन सञ्चारकर्मीहरूले बाटैमा रोकेर अघि नबढ्न सल्लाह दिँदा पनि सञ्चारकर्मीउपर गाली गलोज र दुर्व्यवहार गर्दै अघि बढेपछि सुरुंगावासी र बन्द आह्वानकर्तामाझ झडप भएको र एक दर्जनभन्दा बढी घाइते भएका छन्।

सुरुंगामा भएको झडपमा विष्णु ओली, दीपक श्रेष्ठ, अगम राजवंशी, भवानी लुइँटेलको अवस्था चिन्ताजनक रहेको र उपचारका लागि भारतको सिलिगुडी र विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान पठाइएको छ।

■ **आनन्द गुरुङ/झापा** (तस्बिर पनि)

# आठ वर्षमै थोत्रो क्यान्सर अस्पताल

**भरतपुरस्थित नेपालको** एक मात्र सुविधा सम्पन्न क्यान्सर अस्पतालको छत रसाएर पानी चुहिन थालेको छ। आठ वर्षअघि बनेका पक्की भवनहरू चुहिन थालेपछि उपचारमा समस्या आउनुका साथै निर्माण कम्पनीको विश्वसनीयतामा पनि शंका उब्जेको छ।

माघ २४ गते भरतपुरमा दिनभर रिमझिम पानी पऱ्यो। भोलिपल्ट आकाश खुलेको थियो, तर क्यान्सर अस्पतालको रेडियो डायग्नोसिस तथा इमेजिङ विभागमा रहेका सिटी स्क्यान र एक्सरे सेवाका बहुमूल्य उपकरणहरूमा छोपेको प्लास्टिक हटेको थिएन। विभागका १५ वटा कोठामध्ये अधिकांशको भुइँ चिसै थियो। छतबाट पानीका थोपा तपतप चुहिरहेका थिए।

वर्षायाममा छत रसाएको देखेपछि हिउँदको मेसो पारेर अस्पतालले माघ २२ गतेबाट मर्मतको काम सुरु गरेको थियो। रसाएको ठाउँ मर्मतका लागि ठोकठाक गरिरहेका बेला आकाशबाट पानी थपिएपछि बिजोगै भयो। २२ गते बन्द भए पनि २३ गते चलेको सिटी स्क्यान र एक्सरे जस्तो महत्त्वपूर्ण सेवा २४ गतेबाट ठप्प भयो।

रेडियोडायग्नोसिस विभागमा सिटी स्क्यान, मेमोग्राम, एक्सरे र अत्याधुनिक युएसजी मेसिन रहेका हुन्छन्। यी उपकरणका सहयोगले क्यान्सर भए-नभएको पत्ता लगाइन्छ। महत्त्वका हिसाबले यहाँको काम एक क्षण पनि रोक्न नमिल्ने खालका छन्, तर छत चुहिएका कारण यस्तो महत्त्वपूर्ण विभागमा तीन चार दिनसम्म कोही पस्न पाएन।

यस्तो भएको यो पहिलो घटना होइन। गत वर्षायाममा अप्रेसन कक्षमै पानी चुहियो। रेडियोडायग्नोसिस विभागमा थाम्नै नमिल्ने अवस्था आएकाले अस्पतालले मर्मत सुरु गरेको हो। सामान्य रसाएका कोठाहरू जताततै छन्। अस्पताल बाहिरबाट हेर्दा निकै भव्य छ, तर भित्र भने छत रसाएर कोठा कुरुप भएका छन्।

'यति चाँडै चुहिएला भनेर चिताएकै थिएनौं', अस्पतालका कार्यकारी निर्देशक डा. बालमान सिंह कार्की बताउँछन्। क्यान्सर अस्पतालका भवनहरू २०५५ साल पुस ६ गते निर्माण पूरा भएर चिनियाँ पक्षले नेपाल सरकारलाई हस्तान्तरण गरेको हो।

यी भवनहरू चिनियाँ पक्षले आफ्नै प्राविधिकको रेखदेख, योजना र तजबिजमा बनाएको कार्यकारी निर्देशक कार्कीले बताए। बनाउने काममा नेपाली पक्षको कुनै किसिमको संलग्नता थिएन भन्छन्, उनी।

भवनहरू चिनियाँ प्रविधिअनुसार बनेका छन्। नेपालमा सामान्यतया भवनको छत ढलान गरेर मात्र छाडिन्छ, तर क्यान्सर अस्पतालमा चार इन्चको ढलानमाथि आठ इन्च सिलिकन (बालुवा) बिछ्याइएको छ। त्यसमाथि डेढ इन्चको प्लास्टर गरिएको छ। त्यसपछि छत रबरले ढाकिएको छ। हिट इन्सुलेसनका लागि यस्तो गरिए पनि यसैका कारण समस्या आएको बताउँछन्, कार्की।

ढलानमाथि अनावश्यक भार थपिएको र तापमानको गडबडीले तलको छत चर्किने अनि माथि रबरको तहबाट पानी पसेर रसाउन थालेको अनुमान उनको छ।

छत चुहिनुको खास कारण गहिरिएर कसैले खोजेको छैन। पानी चुहिएर कामै गर्न नमिल्ने भएपछि टालटुल गर्न अस्पताल लागेको छ। रबरको खोल र बालुवा झिकेर फाल्न थालिएको छ। ढलान चर्केको ठाउँ रसायनले जोडेर प्लास्टर गर्ने काममा अस्पताल लागेको छ।

■ **रमेश पौडेल/चितवन**

# नागरिक ट्राफिक टोपप्रसाद



**टाउकोमा ट्राफिकै** जस्तो टोपी, हातमा लौरो र मुखमा सिठी, खुट्टामा बुट अनि ट्राफिक प्रहरीको पोसाकमा दिनहुँ पाल्पाको बसपार्कमा देखापर्ने ६३ वर्षीय टोपप्रसाद श्रेष्ठलाई झट्ट कसैले पनि पत्याउँदैन, उनी ट्राफिक प्रहरी होइनन् भनेर। ट्राफिक प्रहरी जस्तै न उनी जागिरे हुन् न उनको त्यस्तो प्रमाणै छ। तैपनि उनी ड्युटीमा खटिरहन्छन्, प्रहरीझैं।

त्यसै कारणले होला उनले नागरिक ट्राफिकको दर्जा पाएका छन्। सवारीसाधन कहीं दुर्घटना भयो, गन्तव्यमा पुग्ने यात्रु अलपत्र परे, गाडी मालिकबीच झै-झगडा भयो, सवारीसाधनले नियम उल्लघंन गरे यी र यस्तै मुद्दामा उनले गुण लाग्ने काम गरेका छन्। ट्राफिकमा यस्तै समस्या लैजाने र समझदारीपूर्ण काम गर्ने भएकाले उनी सबैका प्रिय छन्।

२०३२ सालमा स्थायी घर स्याङ्जाको सिरुखर्कबाट काम खोज्ने सिलसिलामा पाल्पा हानिएका उनी केही समय होटलमा काम पनि गरे। घरमा गरी खान नपुगेर उनी यसरी जीवन बिताएका भने होइनन्। आफ्ना बुबासँग पारिवारिक खिचलो भएपछि ट्राफिक प्रहरी हुने सपना सजाएर उनी घर छाडेका थिए। 'सम्पत्ति छ, गरी खान घरैमा पुग्छ', उनले भने।

सामान्य लेखपढ मात्र जानेका उनी कसरी ट्राफिक बनिन्छ। त्यसबारे उनलाई थाहा भएन। उनले यस विषयमा ट्राफिक प्रहरीलाई नै सोध्दा उनको सपना खिल्लीमा उडाइदिए। उनले आपना विगत खोतल्दै भने, 'मेरो हिसाबमा धोको पूरा भएको छ।'

ट्राफिकले भन्दा राम्रो काम गरेकाले उनले सबैको मन जितेका छन्। ट्राफिक कार्यालय पाल्पाका प्रहरी नायब निरिक्षक कमल गुरुङ टोपप्रसादलाई मेजर उपनाम दिएका छन्। 'ट्राफिक प्रहरी सीमित हुँदा काम गर्न हम्मे हम्मे पर्दछ, आधा काम उसैबाट सहयोग भएको छ', उनले भने।

बसपार्कमा बसेरै यतिका वर्षसम्म पनि विवाह भने गरेका छैनन्। 'पेट पाल्ने सुरमा विवाह गर्नै हेक्का भएन', उनले गुनासो गरे। अब गर्ने कुरै भएन। बुढ्यौलीमा पनि जोसिला रसिला स्फूर्त श्रेष्ठ प्रत्येक बसका चालकले ५-१० रुपैयाँ थमाइदिन्छन्। यही नै उनको बिहान बेलुकाको छाक टार्ने माध्यम बनाएका छन्।

छोटा र लामो दूरीका सवारीसाधनले यात्रुलाई अनिवार्य टिकट उपलब्ध नगराउनु, मदिरा सेवन गरी सवारी चलाउने र सवारीसाधनको छतमा पनि यात्रु बोक्नेलाई कडा कारबाही गरिनु पर्ने उनको भनाइ छ। तानसेन नगरपालिकाबाट सुकुमवासीका नाउँमा नागरिकता लिएका उनीलाई नागरिक ट्राफिक भन्दा फरक नपर्ने बसपार्कका स्थानीय रविमान वज्राचार्य बताउँछन्। टोपप्रसादको काम देखेर ट्राफिक प्रहरीहरू पनि दंग छन्। 'ट्राफिक प्रहरी हरि श्रेष्ठ हामीले भन्दा जिम्मेवार ढंगबाट उनले काम गर्छन्', उनले भने।

■ गोविन्द लुइँटेल/पाल्पा (तस्बिर पनि)




हामी नेपालीहरूमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ। नयाँ प्रविधि र नयाँ क्षेत्रहरूमा हामी जानैपर्छ। मुख्यतः हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# अन्योलमा विराटनगर

**अहिले विराटनगरदेखि ६ किलोमिटर टाढा जोगबनी सीमा छेउमा हिंसा फैलाउने सिडी धमाधम वितरण हुन थालेको छ । सिडीमा कहीँ मधेसीले पहाडेमूलका नागरिकमाथि ज्यादती गरेको त कतै पहाडेमूलका व्यक्तिले मधेसीमाथि ज्यादती गरेको दृश्य देखाइएको छ ।**

■ **नवीन अर्याल,**
**माधव अधिकारी / विराटनगर**

**एजेलिया बोर्डिङ स्कुल**, कक्षा १० मा अध्ययनरत एलिजा निरौला अहिले पनि टेस्ट परीक्षाका लागि तयारी गरिरहेकी छन् । मधेसीहरूको अधिकारका लागि १९ दिन लामो विराटनगर बन्दका कारण उनी अहिले थप अन्योलमा छिन्, एसएलसी परीक्षाको पहिलो खुड्किलोको रुपमा रहेको टेस्ट परीक्षा दिन पाइने हो कि होइन भनेर ।

यस्तै अन्योलमा छन्, स्थानीय व्यापारी अर्विन अग्रवाल । सुनसरी ट्रेनिङ सेन्टरका प्रोप्राइटर अग्रवाल लामो बन्दका कारण आफूले भोग्नु परेको क्षतिको अन्दाज गर्न सक्दैनन् । माया भुजेललाई त बज्रपात नै परेको छ । विराटनगर उपमहानगरपालिका छेउ कटहरी गाविसकी भुजेलको पटक पटकको आन्दोलनले उठीवास नै गराएको छ । उनको घरको दराज फोडेर सबै सामान आन्दोलनकारीले लुटेर लगेका छन् । सुनचाँदीसहित रंगीन टेलिभिजन सेट आन्दोलनकारीले लगे भने फ्रिज र अन्य सामान सडकमा ल्याएर आगो लगाएका थिए ।

माया मात्र होइन, सोही गाविसमा बस्ने मानबहादुर विकको किराना पसलबाट सात लाख मूल्य बराबरको सामान लुटेर पसलमा आगजनी समेत गरिएको छ । लुटपाट र आगजनीपश्चात् कटहरी गाविसका करिब ५ घरका २० परिवार अहिले विस्थापित हुन पुगेका छन् । 'यो कस्तो आन्दोलन हो ?' हिंसा र लुटपाटका कारण विस्थापित हुन पुगेकी भुजेल अचम्म मान्दै प्रश्न गर्छिन्, 'समग्र मधेस र मधेसी (तराई) मूलको हितको लागि हो भने हामी पनि आन्दोलनमा छौं, तर यहाँ व्यक्ति हेरेर लुटपाट मचाउन थालिएको छ ।' मधेसीहरूको हक अधिकारको सुनिश्चितताका लागि मधेसी जनअधिकार फोरमले माघ २ गतेदेखि तराईका विभिन्न जिल्लाहरूमा आन्दोलन गर्दै आइरहेको छ । यस क्रममा विराटनगरमा मात्र एक सुरक्षाकर्मीसहित चारजनाको मृत्यु भइसकेको छ भने हजारौं आन्दोलनकारी घाइते भएका छन् । मृत्यु हुनेमा एक भारतीय नागरिक दलबल तिवारीसमेत छन् । आन्दोलनका क्रममा २ कुखुरा फार्म र ४ घर लुटिएका छन् । स्थानीय ह्याचरी व्यापारी निरञ्जन रिजालको २ करोड बराबरको क्षति भएको छ ।

पूर्वी तराईको राजस्व संकलन हुने मुख्य नाका तथा औद्योगिक नगरी विराटनगरले माघ महिनामा मात्र लगातार २५ दिन बन्द र हड्ताल व्यहोर्नु पर्दा राष्ट्रले अर्बौं रुपैयाँको क्षति व्यहोर्नु परेको छ । दैनिक २ करोड रुपैयाँबराबरको राजस्व उठ्ने पूर्वी तराई आन्दोलनका कारण ठप्प हुन पुग्दा यो महिना ५० करोडभन्दा ज्यादा घाटा राष्ट्रले सहनु परेको भन्सार प्रमुख हरिशरण पुडासैनी बताउँछन् । 'हामीले ठूलो घाटा सहनु परेको छ', उनले समयसँग भने । यता बन्दले अर्बौं रुपैयाँ बराबरीको नोक्सानी व्यहोर्नु परेको उद्योग संगठन मोरङका द्वितीय उपाध्यक्ष श्याम पौडेल बताउँछन् । 'आँकलन नै गर्न नसक्ने घाटा व्यहोर्नु पर्‍यो', उनले भने । 'लामो बन्दले कुल गार्हस्थ उत्पादन वृद्धिदरमा नकारात्मक असर परेको छ', नेपाल उद्योग वाणिज्य महासंघका सदस्य शंकरलाल अग्रवाल बताउँछन् । उनले विराटनगर औद्योगिक नगरी भएकाले यो आन्दोलनमा भएको घाटाको हिसाब राख्न निकै कठिनाइ भइरहेको बताए । पूर्वाञ्चलमा दैनिक ७० करोडभन्दा बढीको आर्थिक कारोबार हुने गर्दछ ।

यातायात व्यवसायीहरूले पनि यसपल्ट बन्द र तोडफोडका कारण ठूलै नोक्सानी व्यहोर्नु पर्‍यो । कोशी बस व्यवसायी संघ विराटनगरका इन्चार्ज दिलीप पौडेलका अनुसार १९ दिन विराटनगर ठप्प हुँदा यातायातले २० करोड रुपैयाँ घाटा व्यहोर्नु परेको छ । 'बसपार्कमा पार्किङ गरिरहेका बसहरू पनि तोडफोड भएका छन्', पौडेलले गुनासो पोखे ।

बन्दले उद्योग-व्यवसायी वर्गमा पर्न गएको समस्यालाई निराकरण गर्न सरकारले केही राहत दिनु पर्ने माग सम्बन्धित क्षेत्रले राखेका छन् । बन्दको अवधिमा भन्सार आइसिडीमा राखेको गाडीहरूको दस्तुर मिनाहा गर्नका लागि पत्राचार गरिएको उद्योग संगठन मोरङले जनाएको छ ।

### सिडी आतंक

अहिले विराटनगरदेखि ६ किलोमिटर टाढा जोगबनी सीमा छेउमा हिंसा फैलाउने सिडी



धमाधम वितरण हुन थालेको छ । सिडीमा कहीँ मधेसीले पहाडेमूलका नागरिकमाथि ज्यादती गरेको त कतै पहाडेमूलका व्यक्तिले मधेसीमाथि ज्यादती गरेको दृश्य देखाइएको छ । विराटनगर आसपासमा रहेका गाउँहरूमा अहिले यो सिडीको चर्चा व्यापक छ ।

असम्बन्धित दृश्यहरू जोडेर तयार पारिएको सिडीमा मधेसी र पहाडेमूलका नागरिकबीच आपसी द्वन्द्व फैलाउने चित्र तयार पारेर बनाइएको विराटनगर-१७ का दीपेन्द्र भट्टराई बताउँछन् । 'मैले हेरेको सिडीमा पहाडेमूलका व्यक्तिले मधेसी समुदायका व्यक्तिमाथि ज्यादती गरेको दृश्य पाएँ', भट्टराईले भने ।

यसलाई समयमै नरोकिएको खण्डमा भविष्यमा पहाडे र मधेसीमूलका नेपालीहरूबीच जातीय हिंसा भड्काउन मद्दत पुग्ने विराटनगरका स्थानीय नेताहरू बताउँछन् । 'यो निकै डरलाग्दो कुरा हो । यसलाई अहिले नै निस्तेज पारिएन भने भोलि यहाँ ठूलो जातीय हिंसा भड्किनेछ', मोरङ जिल्ला कांग्रेसका अध्यक्ष अमृत अर्याल भन्छन् । यसैगरी जातीय हिंसा भड्काउने खालको सिडी गाउँ तथा बस्तीमा पुऱ्याइएको बताउँदै नेकपा एमाले मोरङ जिल्ला सचिव नरेश पोखेल भन्छन्, 'यसलाई रोकिएन भने १९ दिन लामो आन्दोलनमा छिटपुट सुनिएको जातीय नाराहरूलाई व्यवहारमा उतार्न बल पुग्नेछ ।' सिडीको सम्बन्धमा मधेसी जनअधिकार फोरमका जिल्ला सचिव जयराम यादव आफूलाई केही जानकारी नभएको बताउँछन् । यता, प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला आफ्नी भाउजू नोना कोइरालाको तेह्रौं दिनको पुण्यतिथिमा कोइराला निवास पुग्दा स्थानीय सुरक्षानिकायले सिरहा र सप्तरीमा पोस्टरिङ गरिएको मधेस लिबरेसन टाइगर्सको बारेमा अवगत गराएको बताएको छ । अहिलेसम्म संगठनको स्वरुप सार्वजनिक नभए पनि श्रीलंकाको तमिल टाइगर्सजस्तै दुईवटा बन्दुकको नालमा बाघको फोटो राखेर यो संगठनको प्रचारप्रसार गर्ने काम सप्तरीतिर भइरहेको छ ।

## अन्योलमै विराटनगर

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको दोस्रो सम्बोधनले केही शान्त देखिएको विराटनगर अझै पनि त्रास र अन्योलमै छ । मधेसी जनअधिकार फोरमले दस दिनका लागि भनेर आन्दोलन स्थगित गरेका कारण विराटनगरवासी थप अन्योलमा छन् ।

विगत २५ दिनको बन्दले सबैभन्दा ठूलो मारमा दैनिक ज्यालादारी गर्ने मजदुरहरू परेका थिए । बन्दको समयमा घना बस्ती भएको सरोचिया क्षेत्रमा भोकमरी लागेपछि टोल संगठनले सयौं घरपरिवारलाई राहतस्वरुप दालचामल वितरण गरेको थियो ।

पुनः बन्द हुने आशंकाले अहिले मध्यम वर्गीय परिवारले खाद्यान्न, मट्टितेल र ग्याँसको जोहो गर्न थालेका छन् । जनआन्दोलन- २ को क्रममा १९ दिन देशभरि शान्तिपूर्ण आन्दोलन भएको थियो । तर, मधेसी अधिकारको नाममा तराईमा हिंसात्मक आन्दोलन देखिएका कारण विराटनगरवासीहरू अन्योलमा देखिन्छन् । फोरमले शान्तिपूर्ण आन्दोलन गरिरहेको दाबी गरे पनि समाचारको विषयलाई लिएर फोरमका कार्यकर्ताहरूले आफूहरूलाई डर, त्रास र धम्क्याउने काम अझै बाँकी राखेको विराटनगरका स्थानीय पत्रकारहरू बताउँछन् । फोरमका कार्यकर्ताबाट अहिलेसम्म सातजना पत्रकारलाई ज्यान मार्ने धम्की आएको उनीहरूले बताए । 'अहिले राति र बिहान हाम्रो घरको सुरक्षा प्रहरी प्रशासनले गरिरहेको छ । रिपोर्टिङका लागि कतै जानु पऱ्यो भने पनि प्रशासनलाई सूचना दिएर निस्कने अवस्था छ', बिबिसी नेपालका विराटनगर संवाददाता टंक खनालले समयलाई भने ।

## शोकमा डुबेको घर

माघ २९ गते सोमवार, विराटनगर-६ सम्झना चोकस्थित एकतले घरमा ठूलै चहलपहल थियो । त्यो घरमा न कुनै भोज भतेर भइरहेको थियो, न रमझम नै । सेतो लुगा ओढेर एउटी दुब्लीपातली महिला तेह्र दिनको काजकिरिया गर्दै थिइन् । ती महिला थिइन्, विराटनगरको रानीमा मधेसी आन्दोलनकारीहरूद्वारा निर्ममतापूर्वक मारिएका प्रहरी नायब निरिक्षक नरेशजंग कार्कीकी विधवा गायत्री । नरेश मधेसी जनअधिकार फोरमले सुरु गरेको आन्दोलनको क्रममा माघ १६ गते विक्षिप्त ढंगले बुधनगरमा मारिएका थिए । उनलाई 'ड्युटी'मा खटिएकै बेला आन्दोलनकारीहरूले हातखुट्टा बाँधेर चौकीबाट एक किलोमिटर टाढा घिसार्दै पहिले देब्रे खुट्टामा धारिलो तरवारले हानेको र त्यसपछि टाउकोको देब्रेपट्टि हानेर नजिकैको पोखरीमा फ्याँकेका थिए । 'मेरो छोराले केही बिराएको जस्तो लाग्दैन', बाबु गणेश कार्कीले भने । ३३ वर्षीय नरेश ६ महिनाअघि सोलुको दरबन्दी मिलाएर काजमा विराटनगर खटिएका थिए । उनले घटनाको एक दिनअघि लेटाङमा पढ्दै गरेकी आफ्नी छोरीको शिक्षाका लागि पैसा लिन श्रीमतीलाई विराटनगर बोलाएका थिए । 'अब कमाएर ख्वाउने छोरा नै सकियो', बाबु गणेशले पीर मान्दै भने, 'हामी आठजनाको परिवारको पालनपोषण यही छोराले गर्दै आइरहेको थियो ।' प्रनानि नरेश परिवारका एकमात्र छोरा थिए । उनको मृत्युपछि अहिले कार्की परिवार शोकाकूल छ ।

कमाएर ख्वाउने छोराको मृत्युपछि परिवारमा आर्थिक संकट देखिन थालेको नरेशका बुबाले समयलाई बताए । २०५४ सालमा राष्ट्रिय अनुसन्धानबाट जागिर सुरु गरेका नरेश माओवादी जनयुद्धका बेला विस्थापित भएर २ वर्षअघि विराटनगर झरेका थिए । घटनाका बेला बुधनगरको स्थिति तनावपूर्ण भएपछि उनका साथीहरूले त्यहाँबाट हट्न आग्रह गरे पनि नरेशले माथिबाट आदेश नआएको भन्दै चौकीको सुरक्षा गरेर बसेका थिए । 'मेरो छोरा कर्तव्य निर्वाह गर्ने क्रममा मऱ्यो । सरकारले छिटै आर्थिक सहयोग जुटाइदिएको खण्डमा हाम्रो लागि त्यो नै अहिले ठूलो सहयोग हुने थियो', उनका बुबाले भने । ■





गत मंसिर ८ गते देखि बेपत्ता भएका मदन कोइराला



प्रेमराज आचार्य

# फितलो अनुसन्धान

**पश्चिमाञ्चल उच्च माविका विद्यार्थीहरू, आमा समूह लगायत नागरिक समाजको पटक पटकको दबाबमूलक प्रदर्शनपछि मात्रै प्रहरीले १९ गते जाहेरी लिएको हो ।**

■ **केशव लामिछाने/पोखरा** (तस्बिर पनि)

**मंसिर महिनादेखि** हराएका पोखराका दुई बालकहरूको खोजीले अहिलेसम्म सफलता पाउन सकेको छैन । संदिग्ध एकजना अभियुक्त प्रशासनको नियन्त्रणभित्रै भए पनि दोषी पत्ता नलागेको मात्रै होइन, बालकहरू पनि भेटिएका छैनन् ।

पोखराको पश्चिमाञ्चल उच्च माविको कक्षा ८ र ९ कक्षामा पढिरहेका मदन कोइराला र प्रेमराज आचार्य गत मंसिर ८ गते देखि बेपत्ता भएका थिए । उनीहरू स्कुलबाट घर फर्कने बेलादेखि हराएपछि अहिलेसम्म अत्तोपत्तो छैन ।

बालकहरूले बेपत्ता भएको तीन दिनपछि घरमा फोन गरेका थिए । त्यही फोनका धनी धरानका सुवास थापा अहिले पुर्पक्षका लागि थुनामा रहेका छन् । तैपनि फितलो अनुसन्धानका कारण न त थापा दोषी हुन वा होइनन् भन्ने प्रमाणित भएको छ न त अरू दोषी नै भेटिएका छन् । प्रहरीले बालकहरूको स्थितिका बारेमा पनि कुनै भेउ पाउन सकेको छैन । पोखराको पूरै नागरिक समाजले चासो राखेको घटनामा प्रहरीले अनुसन्धान प्रक्रिया चुस्त नबनाई अभियुक्तलाई केवल थुनुवा मात्रै बनाइराखेको छ ।

अनुसन्धान प्रक्रिया फितलो हुनु र अभियुक्त थापाप्रति उनको व्यवहारबाट बेपत्ता बालकहरूका अभिभावकहरू प्रहरीप्रति सशंकित भएका छन् । दोषी पत्ता लगाउनका लागि केही संकेतहरू समेत भेटिएका छ छन्, तर प्रहरीले त्यसलाई पछ्याएर अनुसन्धान अघि बढाउन आलटाल गरिएको छ । कास्की जिल्ला अदालतका मुख्य न्यायाधीश काशिनाथ पोखरेलले अभियुक्त अहिलेसम्म निर्दोष देखिने आधार नभएको भन्दै थप अनुसन्धानका लागि थुनाको आदेश दिएका छन्, तर प्रहरीले थप अनुसन्धानको कुनै कदम चालेको छैन ।

स्कुलबाट निस्किएपछि हराएका मदन कोइरालाले आफ्नो घरको ०६१५२५७८५ मा सुवास थापाको नामको ९८०३२९८५०५ नम्बरबाट फोन गरेका थिए । मदनले आफ्नी दिदीलाई शोभा दिदी भन्नासाथ अर्कैले फोन काटिदिएको थियो । त्यसपछि परिवारजनले स्वरसमेत सुन्न पाएका छैनन् । मेरो मोवाइलबाट फोनमा बोलेलगत्तै पनि युटिएलको ०१२३२४२७८ र नेपाल टेलिकमको ९८४६१५५४२८५ बाट समेत उत्तिखेरै कोइरालाले घरमा फोन गरे पनि बोल्न पाएका थिएनन् ।

सुवास थापाले आफ्नो मोवाइलको सीमकार्ड हराएको बयान दिएका छन्, तर मदनले घरमा फोन गर्नुभन्दा केवल हप्ता दिनअघि मात्रै लिइएको देखिएको छ । मदनले आफ्नो घरमा फोन गरेलगत्तै ४६ जिल्लामा झन्डै ५० हजार खर्च गरेर फोन भएको समेत परिवारले रेकर्ड जुटाएका छन् । यस्तो तथ्य पत्ता लगाउन प्रहरीले जाँगर चलाएको भने छैन । आफूलाई कलाकार बताउने सुवास थापालाई धरानबाट प्रहरीले पक्रेर ल्याएपछि पोखरामा जिल्ला प्रहरी कार्यालयभित्र हिरासतमा नराखी विशिष्ट व्यक्तिलाई झैं सुविधा व्यवस्था गरिएको थियो । हिरासतमा राखेका भनिएका व्यक्ति प्रहरीसँगै पोखरामा आयोजित सडक महोत्सवमा खुल्लमखुल्ला प्रहरीहरूसँग डुल्ने छुटबाट समेत लाभान्वित भएबाट अभियुक्तसँग प्रहरीको साँठगाँठ रहेको आशंका अभिभावकहरूले गरेका थिए ।

त्यसो त धरान ससुराली भएका कास्की प्रहरी प्रमुख एसपी पंकज श्रेष्ठकी नातेदारसँग सुवासको बिहे भएको छ । प्रहरीले अनुसन्धान फितलो गर्दा अभिभावकहरूले प्रहरी प्रमुखसँग थापाको नाता सम्बन्ध रहेको आशंक समेत गरेका छन् । 'पुलिस ठानामा पनि ज्वाइँलाई जसरी राखेपछि शंका लाग्ने ठाउँ भयो', मदनका बुवा खेमराज कोइराला भन्छन् ।

खेलकुद र नाचगानमा रुचि राख्ने मदनलाई पहिल्यैदेखि फकाएर लगिएको आशंका परिवारको छ । सुवासको फोनबाट १७ वटा फोन पोखरामा लगत्तै गरिएका थिए । 'ती सबैलाई प्रहरीले खोजबिन गरेर अनुसन्धान गरेको छैन', खेमराज भन्छन्, 'ती १७ जनामध्ये कसैले फकाएर काठमाडौं पुऱ्याएपछि सुवासको सञ्जालमा पुऱ्याएर भारत लगिएको हुनुपर्छ ।' आफूहरूले काठमाडौं गएर बुझ्दा केटाकेटीहरूलाई तिनका मृगौला बिक्रीका लागि भारतमा लगिने गरेको र विहारमा उखु काट्ने मजदुरी गराउने लैजाने गरेको थाहा भएको सुनाउँछन्, खेमराज । उनी

भन्छन्, 'मेरो छोरा नाचगानमा रुचि राख्थ्यो । उसलाई सर्कसमा खेलाउन लगेको हुनुपर्छ ।'

सरकारवादी मुद्दा भए पनि बेपत्ता भएका बालकहरूका अभिभावकका तर्फबाट सहयोगी बनेका वकिल रोहित बाँस्तोला ९८४१५५५४२८५ नम्बरको मोवाइल जसबाट मदनको फोन आएको थियो, कसको हो भन्ने बारे पत्ता लगाउन प्रहरीले अनुसन्धान नगर्दा खोजी कार्य रहस्यमय बन्न पुगेको सुनाउँछन् ।

कोइराला र आचार्य परिवार आफैंले काठमाडौं गएर नेपाल टेलिकममा सम्पर्क गर्दा समेत रेकर्ड पाएनन् । त्यहाबाट रेकर्ड छैन भनियो । यसबाट समेत सुवासको सञ्जाल ठूलै भएको अड्कल उनीहरूले काटेका छन् । आफूलाई सामान्य कलाकार बताउने सुवासले एउटा चलचित्र बलिदानमा खेलेका छन् । त्यसबाहेक उनी धरानको अनाम नाट्य समूहमा कार्यरत थिए । धरानेहरू उनलाई सुवास भन्दा पनि एसटी भनेर चिन्छन् । ०५१-५२ सालदेखि अनाम एकेडेमीमा संलग्न उनी ०५८ तिर काठमाडौं झरेका थिए । धरानमा रहुन्जेल राम्रै छवि रहेका उनको पछिल्ला गतिविधि भने शंस्कास्पद थिए । काठमाडौंमा रहेपछि उनले २-३ वर्षमै एक्कासि आर्थिक उन्नति गरेका थापाले बालकहरू बेपत्ता पारे भन्ने उनका शुभेच्छुक झट्ट पत्याउँदैनन्, तर छोटो समयमै भएको आर्थिक उन्नतिबारे भने सशंकित हुन्छन् । सामान्य कलाकार र सुन्धारा काठमाडौंमा किराना पसल भएका उनका नाममा मात्रै नौवटा टेलिफोन देखिएका छन् । त्यो पनि एउटै मोवाइलबाट ४६ जिल्लामा एकै हप्तामा फोन गरिएको छ । देशव्यापी सञ्जालको व्यवसाय हुने बाहेकबाट त्यस्तो फोन असम्भव भएको ठान्छन्, अभिभावकहरू ।

प्रहरीले फितलो अनुसन्धान गरेर दोषी पत्ता लगाउन आनाकानी गर्ने काम गर्‍यो भन्ने अभिभावकको आशंकालाई प्रहरीले सुरुदेखिकै गतिविधिले सत्यको नजिक पुर्‍याएको हो । पुस १० गते नै सुवास थापाविरुद्ध किटानी जाहेरी दिँदा समेत पुलिसले उजुरी दर्ता समेत गर्न मानेको थिएन । पश्चिमाञ्चल उच्च माविका विद्यार्थीहरू, आमा समूह लगायत नागरिक समाजको पटक पटकको दबाबमूलक प्रदर्शनपछि मात्रै प्रहरीले १९ गते जाहेरी लिएको हो । त्यसो त प्रहरी प्रमुख एसपी पंकज श्रेष्ठले अभिभावकहरूलाई निर्दोष मानिसलाई फसाउने प्रयास नगरौं भन्दै बेला बेला दबाब दिने गरेका छन् । त्यतिमात्रै नभई संचारकर्मीहरूलाई समेत मोवाइलको सिमकार्ड हराएको व्यक्ति भीडको दबाबमा व्यर्थै थुनामा राख्नुपरेको जस्ता अभिव्यक्ति श्रेष्ठले दिने गरेका छन् ।

शंकास्पद मानिएका ती टेलिफोनहरूमा पटक पटक पोखराबाट फोन गर्दा रिसिभ नगरिएको बताउँछन् पश्चिमाञ्चल उच्च माविका प्रिन्सिपल डा. रामनाथ ओझा । उनी भन्छन्, 'ती फोनका बारेमा प्रहरीले नै सोध खोज गर्नुपर्नेमा हामी आफैंले टेलिकममा गएर बुझ्दा पनि सूचना नदिएकाले ठूलै गिरोहको सञ्जाल रहेछ भन्ने लागेको छ ।'

अभियुक्त सुवासले भने कहिले आफूले सिमकार्ड किनेर कोटको खल्तीमा राखेपछि हराएको त कहिले अझै कतै घरतिरै फेला पर्नसक्ने जस्ता कुरा बताउँदै आएका छन् । अदालतमा उनले आफू कुनै त्यस्तो बालबालिका बिक्री गर्ने गिरोहको सदस्य नभएको र साधारण कलाकार मात्रै भएको बयान दिएका छन् । सुवासले हराएको भनिएको मोवाइल सिमकार्डबाट ४६ भन्दा बढी जिल्लामा फोन भएको र सुवास आफैंमा सचेत युवासमेत भएकाले हराएको भए तुरुन्तै मोवाइल सेवा बन्द गराउनुपर्ने जस्ता तर्क बेपत्ता भएका बालकका अभिभावकहरूले राख्दै आएका छन् । अभियुक्तले आफूलाई निर्दोष देखाउन र बेपत्ता भएका बालकहरूका अभिभावकहरूले दोषी खुट्याउन अड्किएको गाँठो भने शंकास्पद फोन नम्बरहरू नै हुन् । नमस्तेको प्रिपेड ९८४१५५४२८५ र युटिएलको ०१२३४२७८ का वास्तविक कागजात नखोजेसम्म सत्य खुट्टिने अवस्था छैन । कास्की जिल्ला प्रहरी कार्यालय डिएसपी भोजराज ओझा भने प्रहरीले अनुसन्धान गरिसकेको बताउँछन् । उनकै भनाइमा अबको जिम्मेवारी अदालतको हो, तर आखिर दोषीसम्म पुग्न सकिने ठानिएका संकेतहरूकै नपछ्याएसम्म यथार्थ खुल्न गाह्रो छ । किनभने शंकास्पद ठानिएको युटिएलको ०१२३४२७८ नम्बरको फोनका धनी दीपक शिवाकोटी फरार भइसकेका छन् । ■





भास्कर ओझा

शिवरात्रिको पर्याय : साधुहरू र गाँजा

# अतिवादीको भय

■ छत्र कार्की/काठमाडौं

**शिवरात्रिको लागि** तीन साताभन्दा बढी पैदल यात्रा गरेर भारत र तराईका विभिन्न जिल्लाबाट पशुपति आएका साधु संन्यासीहरूलाई यसपटक सुरक्षाकर्मीबाट विशेष खानतलासी गरियो। उनीहरूलाई यसरी खानतलासी गर्नुको कारण थियो- शिवरात्रि नजिकिँदै जाँदा विभिन्न माध्यमबाट आएका खबर। राजधानीमा शिवरात्रिको दिन साधुहरूको व्यापक प्रदर्शन हुने कुरा सार्वजनिक भएपछि उनीहरूलाई अपराधीकै कोटीमा हेरिएको थियो। आराध्य देवताको उपासनामा आध्यात्मिक उद्देश्यले आएका साधुसन्तहरू सबैलाई एउटै रूप देख्नु निश्चय नै उपयुक्त थिएन। वर्षौंदेखि शिवरात्रिमा पशुपतिनाथको मन्दिरमा ओइरिन अभ्यस्त साधुहरूले अनावश्यक सोधपुछबाट निकै असजिलो महसुस भएको बताएका छन्।

'हिन्दु अतिवादीहरूले शिवरात्रिमा हिन्दुराष्ट्रको माग राख्दै हजारौं साधु संन्यासीहरूलाई सडकमा उतार्दै छन् रे, कतै भीडन्तको अवस्था त आउने होइन ?' सन्सनी फैलिएको यस्तो समाचारले चिसिएको राजधानीको वातावरण तताउन सहयोग पुऱ्याएको छ। यसरी फैलिएको हल्लाको पछाडि कुनै आधिकारिक तथ्य फेला परेको छैन। नेपालका कुनै धार्मिक समूहले पनि त्यत्रो हैसियतमा प्रदर्शन गर्ने अवस्था रहेको छैन, तर साधुहरूको समूहमा अहिलेको मुलुकको तरल अवस्थामा वितण्डा मचाउने तत्त्वहरूको घुसपैठ भयो भने स्थितिले अर्को रुप लिन सक्ने पनि धेरैको विश्लेषण छ। 'बजारमा हल्ला फैलिएपछि मनमा केही न केही त परिहाल्दो रहेछ। त्यस्ता घटना नहोऊन् भनेर हामी चनाखो भएका छौं', पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष ज्ञानबहादुर हमाल बताउँछन्।

राजा ज्ञानेन्द्रलाई सक्रिय शासनका निम्ति उकास्नेमध्येका एक भरतकेशर सिंहको नेतृत्वमा रहेको विश्व हिन्दु महासंघले उक्त दिन धार्मिक सभा गर्ने भनेर घोषणा गरेको छ। धार्मिक सभा भन्नेबित्तिकै विशुद्ध आध्यात्मिक कुरा मात्र गर्नुपर्ने हुन्छ। तर, हिन्दु आन्दोलनको नाममा राजा बचाउने अभियानमा लागेका समूहबाट आध्यात्मिक कुरा मात्र होला भन्ने अपेक्षा गर्नु निरर्थक हुन्छ। त्यसमा पनि भरतकेशरको विगतको भूमिकाले गर्दा उनीहरूको कार्यक्रम निर्बाधरुपमा सञ्चालन होला भन्न गाह्रो छ।

कुनै पनि संघसंस्थाले धार्मिक कार्यक्रम आयोजना गर्नुअघि पशुपति क्षेत्र विकास कोषसँग अनुमति लिनुपर्ने प्रावधान छ। तर, सिंहले नेतृत्व गरेको विश्व हिन्दु महासंघले कोषसँग सरसल्लाह नगरी शिवरात्रिको दिन वनकालीबाट ऱ्याली निकाल्न लागेको छ। पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव निर्मल कुइँकेल भन्छन्, 'विश्व हिन्दु महासंघले गर्ने ऱ्यालीबारे केही जानकारी आएको छैन, स्वीकृतिबेगर ऱ्याली निकाल्दा अप्ठ्यारो स्थिति पनि आउन सक्छ।'

गत जेठ-४ गते जनआन्दोलन-२ को बलमा पुनःस्थापित प्रतिनिधिसभाले मुलुकलाई धर्मनिरपेक्ष मुलुक घोषणा गरेपछि हिन्दु अतिवादीहरूले यसको विरोध गर्दै आएका छन्। करिब ८० प्रतिशत हिन्दु भएको मुलुकमा जनमतसंग्रह नगरी हचुवाको भरमा धर्म निरपेक्ष घोषणा जायज नभएको तर्क उनीहरूले गर्दै आएका छन्। प्रतिनिधिसभा घोषणाको लगत्तै २०६३ असारमा गठित हिन्दु राष्ट्र रक्षापरिषद्का अध्यक्ष कमलनयनाचार्यको अगुवाइमा मुलुक हिन्दु राष्ट्र हुनुपर्ने माग राख्दै राजधानी र केही बाहिरी जिल्लामा समेत विरोधका कार्यक्रम भएका थिए। मुलुकभित्रका मात्र नभई बाहिरका साधुसन्तहरूले समेत हिन्दु राष्ट्रको मागप्रति ऐक्यबद्धता जनाउँदै आएको अवस्था छ। त्यसैले पनि शिव उपासकहरूको महान् पर्व शिवरात्रि अर्को मोडतर्फ नआजोस् भन्ने धेरैको मनशाय रहेको पाइन्छ।

भारतीय जनता पार्टी समर्थित हिन्दु स्वयंसेवक संघ (आरएसएस)का गतिविधि पनि राजधानीमा सघन रुपमा बढेको बताइन्छ। आरएसएस

काठमाडौंका प्रमुख सुवेदार सिंहले लोकतन्त्र हिन्दु गणतन्त्र नेपालका नाममा छ्याप्छ्याप्ती पर्चा बाँडिरहेका छन् । कुनै जमानामा राजा र हिन्दु धर्मलाई नङमासुजस्तै राखेर हेर्ने आरएसएसका नामबाट छरिएका पर्चा रणनीतिक हुनसक्ने आशंका पनि गरिएको छ ।

माघ पहिलो सातादेखि उग्ररूपमा मधेसमा चर्किएको आन्दोलनमा अतिवादी हिन्दुहरूको संलग्नताको कुरा सार्वजनिक भएको थियो । झन् अन्तरिम संविधानले राजालाई निलम्बनसरह गरेको अवस्थामा पनि विभिन्न खेल हुन सक्ने धारणा पनि धेरैको छ । कोषाध्यक्ष हमाल भन्छन्, 'पछि हुने कुराको पहिले नै आँकलन गर्न सकिँदैन, तर त्यस्तो घटना नहोस् भनेर सावधानी अपनाउनु उचित हुन्छ ।' सरकारले पनि सुरक्षा व्यवस्था चुस्त बनाउने रणनीति लिएको जनाएको छ । गृहमन्त्रालयका प्रवक्ता वामनप्रसाद न्यौपाने भन्छन्, 'सुरक्षा व्यवस्थाको लागि पहिलेको भन्दा केही थप गर्नुपर्ने भएमा त्यहीअनुसार गरिनेछ, तर अहिलेसम्मको अवस्थाले त्यो देखाएको छैन ।'

पशुपति क्षेत्र विकास कोषले सुरक्षा प्रभावकारी बनाउने जनाएको छ । यसका लागि कोषका कोषाध्यक्ष ज्ञानबहादुर हमालको संयोजकत्वमा सुरक्षा व्यवस्था उपसमिति बनाइएको छ । उक्त उपसमितिले माग गरेबमोजिम सुरक्षा व्यवस्थाका लागि सरकारले २ हजार जनपद र १ हजार २ सय सशस्त्र उपलब्ध गराउने भएको छ । साथै थप सुरक्षाका लागि समितिले सरकारलाई २ सय नेपाली सेना उपलब्ध गराउन पनि आग्रह गरिसकेको छ । विगत वर्षहरूमा कोषले विशिष्ट व्यक्तिहरूका नाममा प्रदान गर्ने विशेष पास यो वर्ष कटौती गरिएको छ । सदस्य सचिव कुइँकेल भन्छन्, 'अनावश्यक भीड कम गराउन विशेष पास खारेज गरिएको हो । सबै भक्तजन समान भएकाले त्यस्तो पास आवश्यक छैन ।'

मधेस आन्दोलनका कारण यसपटक बाहिरबाट आउने साधुसन्तको संख्या कमी हुने देखिएको छ । शिवरात्रि व्यवस्थापन समितिले यसपटक ३ देखि ४ लाखसम्म साधुसन्त र भक्तजन उपस्थिति हुने अनुमान गरिएको छ । यहाँ आउने साधुहरूलाई विशेष सुविधा पुर्‍याउन साधुसन्त सेवा तथा धार्मिक कार्यक्रम व्यवस्था उपसमिति गठन गरिएको छ । त्यहाँ आउने साधुहरूको लागि ६० वटा संस्थाले भोजन व्यवस्था गर्ने भएका छन् । शिवरात्रिको रातभरि नै शिवप्रति समर्पण गरिएका भजन गायन कार्यक्रमका लागि नेपाल र भारतका कलाकारले सहभागिता जनाउने भएका छन् । 'एक साम भोलेका नाम' शीर्षक दिइएको उक्त कार्यक्रम संयोजनको जिम्मा विमल केडियाले पाएका छन् ।


शिवरात्रिको संघारमा राजालाई शासनमा आउन उक्साउने अभिप्रायका साथ हिन्दु अतिवादीहरूले हजारौं संन्यासीहरूलाई उतार्ने कुरा यथार्थभन्दा पनि बढी हल्लामा सीमित रहेको देखिन्छ । धर्मका नाममा हुने यस्ता क्रियाकलापप्रति विश्व हिन्दु महासंघ, नेपाल राष्ट्रिय समितिले दुःख व्यक्त गरेको छ । समितिका अध्यक्ष दामोदर गौतम भन्छन्, 'साधु संन्यासीको नाममा शस्त्रधारी आउने र नेपालमा उत्पात मचाउने, धर्ना दिने र राजनीतिक कुरा उठाउने नारा लगाउनेजस्ता कार्यहरू साधुसन्त, संन्यासी र भक्तहरूका लागि सुहाउने कुरा हुन सक्दैन ।'

शिवरात्रिको संघारमा पशुपति क्षेत्रमा हुने गतिविधिलाई माओवादीले पनि नजिकबाट हेरेको जनाएको छ । त्यस क्षेत्रका उल्लेखनीय संख्यामा माओवादीहरू परिचालित भएका छन् । त्यसो त पशुपति आसपासका पसलहरूबाट माओवादीले कर असुली गरेको स्रोतको दाबी छ । पछिल्लो समयमा माओवादीले हिन्दु राष्ट्र बचाऊ आन्दोलनमा सक्रिय प्रकाश खरेललाई नियन्त्रणमा लिएर केही दिनपछि छाडेका थिए ।

शिवरात्रिको अवसरमा अतिवादीहरूले सशक्त आन्दोलन छेड्ने कुरा आएपछि माओवादीले यसको तीव्र भन्डाफोर गर्दै आएको छ । त्यसो त नेपाल शिव सेनाका अध्यक्ष किरण बुढाथोकी केही दिनदेखि भूमिगत रहँदै आएका छन् । यसलाई पनि शंकास्पद रूपमा हेरिएको छ ।

मुलुक धर्म निरपेक्ष घोषणा भएपछिको पहिलो शिवरात्रि पर्व विशुद्ध धार्मिक दृष्टिकोणले मनाइनुपर्नेमा मतैक्य रहेको पाइन्छ । विश्व हिन्दु महासंघ, राष्ट्रिय समितिका अध्यक्ष गौतम भन्छन्, 'धार्मिक आवरणमा आएका प्रतिगामी तत्त्वहरूप्रति सजग र सचेत रहनुपर्छ ।'

## 'शान्तिपूर्ण र्‍याली निकाल्छौं'



■ **भरतकेशर सिंह**
अध्यक्ष, विश्व हिन्दु महासंघ

**शिवरात्रिको दिन तपाईंहरूले हजारौं साधु संन्यासीहरूलाई सडकमा उतार्ने कुरा आएको छ नि ? यसबारे के धारणा छ ?**

शिवरात्रिको दिन हामीले परम्परागत रुपमै कार्यक्रम गर्दै आएका छौं । विश्व हिन्दु महासंघले यसपटक पनि शान्तिपूर्ण तरिकाले र्‍याली निकालेर धार्मिक सभा गर्ने कार्यक्रम तय भएको छ । हाम्रो कार्यक्रम हिंसात्मक हुन्छ भनेर जसरी प्रचार गरिएको छ, त्यस्तो हुँदैन । त्यति विधि ठूलो संख्यामा साधु संन्यासी उतार्ने योजना बनाएका छैनौं, हाम्रो र्‍यालीमा ५-१० हजारजति सहभागी हुने अनुमान गरेका छौं ।

**तपाईंहरूको धार्मिक सभा कस्तो हुन्छ ?**

हामी अहिले मात्र होइन, पहिलेदेखि आन्दोलनमा छौं । यो सबैलाई थाहा भएकै विषय हो । तसर्थ त्यो धार्मिक सभा भए पनि हाम्रो आन्दोलनका विषयमा त्यहाँ छलफल हुनेछ । त्यहाँ विभिन्न धार्मिक नेताले सम्बोधन गर्नेछन् । नेपाललाई अविलम्ब हिन्दु राष्ट्र घोषणा गरिनुपर्छ भन्ने कुरामा हामी अडिग छौं । हाम्रो माग पूरा नभएमा अझै सशस्त्र आन्दोलन गर्न पनि तयार छौं ।

**हिन्दु महासंघमा शाहीसत्ताका पक्षधर अनुदारवादीहरूको हालीमुहाली छ, त्यस्ता व्यक्तिहरू सडकमा आउँदा भिडन्तको सम्भावना हुँदैन र ?**

- अनुदारवादी भनेर कसलाई संकेत गरेको ? मेरो प्रश्न छ - असी प्रतिशत हिन्दु भएको मुलुकलाई जनताको भावना नबुझी धर्म निरपेक्ष घोषणा गर्ने के उदारवादी र लोकतान्त्रिक हुन् ? जहाँसम्म भिडन्तको सवाल छ, हामी संयमित र मर्यादित हुनेछौं । कसैलाई आक्रमण गर्ने हाम्रो योजना होइन, तर हामीमाथि आइलाग्नेहरूलाई भने छोड्नेछैनौं ।

**फेरि राजालाई सक्रिय हुन उक्साएको भन्ने आरोपप्रति के धारणा छ ?**

त्यस्तो आरोप सही होइन । मुलुक हिन्दु राष्ट्र र संवैधानिक राजतन्त्र हुनुपर्छ भन्ने अहिले पनि धेरै नेपालीको माग छ । यो मागलाई मैले समर्थन मात्र होइन, आन्दोलनको मुद्दा बनाएर नै हिँडेको छु । वास्तविक कुरा बोल्दा यहाँ उक्साएको आरोप पनि आउँछ । त्यसैले यो कुरा जनमतबाट छिनोफानो हुनुपर्छ । सरकारमा बस्नेहरूले मिचेर जे सुकै निर्णय गर्दा त्यसले पछि विद्रोह निम्त्याउन सक्छ ।

# बेरोजगार जन्मदाता

**नेपालमा प्राविधिक तालिम प्रदान नगरिएको होइन, तैपनि समाजको आवश्यकता नहेरी दिइने त्यस्ता तालिमहरूले थप बेरोजगार उत्पादन गर्ने गर्दछन्**

**नेपालमा सरकारले** अहिलेसम्म शिक्षा क्षेत्रमा गर्दै आएको करोडौंको लागानी खेर गइरहेको शिक्षाविद्हरू बताउँछन् । जति लगानी सरकारले शिक्षा क्षेत्रमा गरेको हुन्छ, त्यो अनुपातमा प्रगति हासिल गर्न नसकेको उनीहरू बताउँछन् ।

सरकारी तथ्यांकअनुसार पनि सन् १९९८ देखि सन् २००१ सम्म आउँदा विद्यालय जानेको संख्या ६९ प्रतिशतले बढेर ८१ प्रतिशतमा त पुग्यो, तर त्यसमध्ये ३९ प्रतिशतले मात्र कक्षा १ उत्तीर्ण गरे र ३४ प्रतिशतले ५ कक्षा पनि पास नगरी स्कुल छोडे । तैपनि अझै १३ देखि ३० प्रतिशत बालबालिकाले विद्यालयको मुखै देखेका छैनन्, ५० प्रतिशतले पाँच कक्षा पनि पास गरेका छैनन् र संख्या घट्दै गई ९४ प्रतिशत उच्च शिक्षाबाट टाढै रहन्छन् । उच्च शिक्षा हासिल गर्न विश्वविद्यालय धाउनेहरूमध्ये पनि ८६ प्रतिशत असफल हुन्छन् ।

नेपाल सरकारले २०६३/६४ मा शिक्षालाई छुट्याएको बजेटमध्ये ९७.५ प्रतिशतभन्दा बढी औपचारिक शिक्षाको लागि खर्च गरेको छ, तर त्यसको परिणाम राज्यले अवलम्बन गरेको अव्यवहारिक शैक्षिक नीतिका कारण शैक्षिक संस्थाहरू बेरोजगार उत्पादन गर्ने थलो बनेका छन् । किनकि विज्ञहरूका अनुसार पढेलेखेका मानिसले पुर्ख्यौली पेसा अँगाल्दा आफूलाई सानो भएको ठान्ने प्रवृत्ति विकास हुँदै गएको छ । जसले गर्दा ४८ प्रतिशतभन्दा बढी शिक्षित व्यक्ति बेरोजगारीको चपेटामा परेका छन् ।

नेपालमा प्रदान गरिने उच्च शिक्षाको विश्वबजारमा कुनै माग नभएको विशेषज्ञहरू बताउँछन् । २००२ नेपालमा भएको मजदुर मागको तथ्यांक हेर्दा ९९ हजार ५ सय १९ मजदुरको माग भएकोमध्ये अधिकतम माग खाडी मुलुकमा अदक्ष मजदुरको भएको थियो । जसमा ५६.२ प्रतिशत अर्धदक्ष-दक्ष जशक्तिको भएको थियो भने ४१.८ प्रतिशत माग अदक्ष जनशक्तिको रहेको थियो उच्च दक्ष जनशक्तिको माग नगण्य मात्रामा भएको देखिन्छ ।

समाजको आवश्यकता र शैक्षिक क्षेत्रले दिएको ज्ञान र सीपको बीचमा तालमेल नरहेको शिक्षाविद् डा. पूर्णकान्त अधिकारी बताउँछन् । समाजको गतिशीलतालाई शैक्षिक क्षेत्रले पछ्याउन नसकेको पनि अधिकारी बताउँछन् । सामाजको आवश्यकता र मानिसको ज्ञानको तहको आधारमा प्राविधिक शिक्षाको तालिम प्रदान गरिनु पर्ने र प्राविधिक शिक्षा प्राप्त गरेकाले पनि फेरि औपचारिक शिक्षा प्राप्त गर्न पाउने वातावरणको सृजना हुनुपर्ने उनी बताउँछन् ।

हुनत नेपालमा प्राविधिक तालिम प्रदान नगरिएको होइन, तैपनि समाजको आवश्यकता नहेरी दिइने त्यस्ता तालिमहरूले थप बेरोजगार उत्पादन गर्ने गर्दछन् । तत्काल कति जनशक्ति कुन क्षेत्रका लागि आवश्यक छ र भविष्यका लागि आवश्यकताअनुसारको कस्तो जनशक्ति उत्पादन गर्ने भन्ने पक्का नीति नै सरकारसँग छैन ।

जबसम्म शिक्षा नीतिमा राजनीतिक हस्तक्षेप हुन्छ, तबसम्म शिक्षाक्षेत्रमा अपेक्षित लाभ हासिल गर्न नसकिने शिक्षाविद् डा. मनप्रसाद वाग्ले बताउँछन् । उनी भन्छन्, 'शिक्षा नीति एउटा पारदर्शी र शैक्षिक दृष्टान्त बोकेको मान्छेको हातमा हुनपर्नेमा राजनीतिक पृष्ठभूमिको आधारमा शैक्षिक नीति निर्माताको चयन हुन्छ । प्रत्येक प्राध्यापकको हातमा एउटा न एउटा दलको झन्डा हुन्छ । राजनीतिले आफन्त र निकटता हेर्ने गर्छ, पारदर्शिता हेर्न सक्दैन ।'

उनी भन्छन्, 'विश्वमा उच्च शिक्षालाई उद्योग, व्यापारसँग सम्बन्ध राखी लागू गरिन्छ, जसले गर्दा आवश्यक जनशक्तिको आधारमा शिक्षा प्रदान गरिन्छ, तर हाम्रो मुलुकमा पारदर्शी विचार राखी शैक्षिक नीति निर्माण गर्ने व्यक्ति नहुनु, शैक्षिक क्षेत्रलाई राजनीतिक अस्त्रको रुपमा लिइनुले हाम्रो शैक्षिक योग्यताको विश्व बजारमा त मान्यता छैन । स्वदेशमा समेत यसले कुनै सफलता हासिल गर्न नसकेको हो ।'

हाम्रो देशमा सबै कुरा काम चलाउ रहेको शिक्षाविद् डा. तीर्थ खनिया मान्छन् । उनी भन्छन्, 'यहाँ सरकार काम चलाउ छ भने शिक्षानीति र रोजगारनीति काम चलाउ हुनु कुनै आश्चर्यजनक कुरा नै भएन । सरकारले न त राष्ट्रिय योजना बनाएको छ न त आर्थिक योजना नै । यहाँ त जसले जे पढ्न मन लाग्छ, जे गर्न मन लाग्छ गर भन्ने नीति छ । जबसम्म सरकारले देशको शिक्षा रोजगारमुखी बनाउँदैन तबसम्म बेरोजगार समस्या रहिरहनेछ ।'

**■ सुषमा पौडेल/काठमाडौं**



भास्कर ओझा

# जनतान्त्रिक वार्ताका लागि तयार

सरकारको वार्ताको आन्दोलन सकारात्मक भए पनि प्रधानमन्त्रीले दोस्रोपटक गरेको सम्बोधनले मधेसीहरूको मुक्ति आन्दोलनलाई तुहाउन र पहाडे निरंकुश सत्तालाई निरन्तरता दिने सुनियोजित चाल भएको ज्वाला सिंहले बताएका छन् ।

■ विजयप्रसाद मिश्र/सप्तरी


ज्वाला सिंह समूहको केन्द्रीय समितिको बैठक

तस्बिर: राजकुमार पासमान

**तराईमा सशस्त्र** आन्दोलन गरिरहेका जनतान्त्रिक तराई मुक्तिमोर्चाको ज्वाला सिंह समूह सरकारसँग वार्ता गर्न तयार भएको छ भने गोइत समूहले वार्ताको लागि वातावरण मिलाउन सरकारलाई आग्रह गरेको छ ।

ज्वाला सिंह समूहले जारी गरेको विज्ञप्तिमा 'मानवअधिकारवादी, विभिन्न संघसंस्था, पत्रकार, बौद्धिकवर्ग तथा नागरिक समाज लगायत सरकारद्वारा वार्ताको लागि गरेको पत्रकार र अनुरोधलाई गम्भीरतापूर्वक लिएको' उल्लेख गरिएको छ । विज्ञप्तिमा मोर्चा वार्ताविरोधी नभएको र वार्तालाई संघर्षकै रुपमा लिएको उल्लेख छ । ज्वाला सिंह समूहले वार्तामा जानका लागि केही दिनका लागि फौजी कारबाही र बन्द जस्ता संघर्षका कार्यक्रमहरू स्थगित गरेको छ ।

ज्वाला सिंहका अनुसार वार्तामा बस्नुअघि सरकारले मोर्चाका नेता तथा कार्यकर्तामाथि लगाएका झूटा मुद्दा खारेज गर्नुपर्छ । वार्ताको लागि विश्वसनीय वातावरण मिलाउन अहिले नेपालमा क्रियाशील संयुक्त राष्ट्रसंघका प्रतिनिधि, पत्रकार, मानवअधिकारवादी र नागरिक समाजका व्यक्तित्वहरूलाई पर्यवेक्षकको रुपमा राखी उनीहरूको उपस्थितिमा सरकारले वार्ता गर्नु पर्ने अडान सिंहले राखेका छन् ।

मोर्चाले पहिलेदेखि उठाउँदै आएको नौबुँदे मागलाई वार्ताको माध्यमबाट पूरा गर्न सरकारलाई दबाब दिने सिंहको कथन थियो, तर सरकार मोर्चाका सहिद देवनारायण यादव, विजयकुमार महतो, अजय यादव, राजकुमार मिश्र लगायत सप्तरीमा मोर्चाका नेता र कार्यकर्ताको हत्या र मधेसको आन्दोलनको क्रममा मारिएका अन्य सहिदहरूको हत्याको उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरी अविलम्ब छानबिन गरी दोषीमाथी कारबाही गर्नु पर्ने माग सिंहले राखेका छन् ।

सरकारको वार्ताको आन्दोलन सकारात्मक भए पनि प्रधानमन्त्रीले दोस्रोपटक गरेको सम्बोधनले मधेसीहरूको मुक्ति आन्दोलनलाई तुहाउन र पहाडे निरंकुश सत्तालाई निरन्तरता दिने सुनियोजित चाल भएको ज्वाला सिंहले बताएका छन् । उनले सरकारले साँच्चिकै इमानदारीका साथ वार्ता गर्न चाहेको भए छिट्टै वार्ताटोली बनाउने बताए ।

प्रधानमन्त्रीको दोस्रो सम्बोधनलगत्तै भारतीय सीमा क्षेत्रमा बसेको ज्वाला सिंह समूहको केन्द्रीय समितिको बैठक एक सातापछि सोमवार मध्यरातमा सम्पन्न भएको थियो । बैठक बसिरहेकै बेला सरकार र ज्वाला सिंह समूहको मध्यस्थकर्ता रहेका एक पत्रकारले आइतवार बिहान ६ बजे

सरकारी वार्ताटोलीले वार्ताका लागि पठाएको पत्र ज्वाला सिंहलाई बुझाएका थिए । एक सूत्रका अनुसार सोही बैठकले सरकारसँग वार्ता गर्न ज्वाला सिंह समूहले सप्तरीका प्रताप उपनामका झब्बर साहको संयोजकत्वमा पाँच सदस्यीय वार्ताटोली बनाएको छ । सो वार्ताटोलीका अन्य सदस्यहरूमा सप्तरीका विवश विद्रोही, सिरहाका विद्रोह, महोत्तरीका तुलसीदास र सर्लाहीका हृदयनारायण चौधरीलाई राखेका छन् । वार्ता समितिको गठनबारे ज्वाला सिंहले दुई दिनपछि सार्वजनिक गरिने भन्दै केही बताउन चाहेका थिएनन् ।

यसैबीच ज्वाला सिंह समूहले रणवीर सिंहको संयोजकत्वमा १५ सदस्यीय केन्द्रीय मधेस सरकार गठन गरेको छ ।

### गोइत समूह सरकारदेखि रुष्ट

जनतान्त्रिक तराई मुक्तिमोर्चा गोइत समूहका अध्यक्ष जयकृष्ण गोइतले सरकारले वार्ताको वातावरण नबनाएको आरोप लगाउँदै भने, 'सरकारकै अनुरोधमा हामीले केही दिनअघि दुईदिने तराई बन्दको घोषणा फिर्ता लिएका थियौं, तर सरकारले कुनै वास्ता गरेन ।'

'हामी वार्ता वरोधी होइनौं, तर तपाईं आफैं भन्नुस्, एकपटक वार्ता गरौं भनेर हाम्रो पूर्वघोषित कार्यक्रम पनि फिर्ता लिन लगाउने, तर फिर्ता लिइसकेपछि फेरि कुनै पहल नगर्ने कस्तो सरकार ?', गोइतले भने ।

उनले भने, 'एकातर्फ शान्तिवार्तामार्फत माओवादी अन्तरिम विधायिका बन्न जाने अर्कोतर्फ खुल्लमखुला हतियारको प्रयोग गरिरहेका छन् । सरकारले उनीहरूलाई प्रोत्साहन दिइरहेको छ ।' गोइतले आक्रोशित हुँदै भने, 'लहानमा माओवादीले रमेशकुमार महतोको हत्या गरेको तेस्रो साता बितिसक्यो, तर सरकार प्रचलित कानुनअनुसार हत्या गर्नेलाई कारबाही पनि गर्न सकेको छैन । यस्तो अवस्थामा कसरी वार्ता गर्ने ?'

उनले माओवादी शिविरमा गइसकेपनि सिरहा र सप्तरीमा माओवादीका नेता मातृका यादवले जनतान्त्रिक तराई मुक्तिमोर्चाको विरोधमा गरेको युद्धको घोषणा अझै फिर्ता लिएका छैनन् । माओवादीले शान्तिवार्ताकै समयमा सिरहाका बलराम यादव र सर्लाहीका भाग्यनारायण यादवलाई अपहरण गरी बेपत्ता पारेका छन् । उनीहरूका बारेमा न त माओवादीले केही भनेको छ न सरकारलाई नै कुनै चासो छ भन्दै गोइतले संयुक्त राष्ट्रसंघले पनि माओवादीले गरिरहेको यो क्रियाकलापप्रति कुनै चासो नदिएको महसुस गरिएको बताए ।

गोइतले भने, 'माओवादी एकातर्फ हतियार लिएर खुल्लमखुला हाम्रा कार्यकर्तामाथि आक्रण गर्दै छ, अर्कोतर्फ सरकार उनीहरूलाई साथ दिएर हिँडिरहेको छ । यस्तो अवस्थामा कसरी वार्ता गर्न सकिन्छ ।' उनले जनआन्दोलन-२ को समयमा आन्दोलन दमन गर्नेलाई कारबाही हुन्छ भने मधेसको आन्दोलनमा त्यति धेरै व्यक्तिको हत्या गराउनेहरूलाई किन कारबाही हुँदैन भन्दै आक्रोश व्यक्त गरे ।

सरकारले पठाएको पत्र नपाएको उनले बताए, तर सरकारले भने गोइतसँगको सम्पर्कसूत्र सप्तरीको भारदहका संजय यादव र सोभित यादवलाई गोइत समूहको लागि वार्ताटोलीले पठाएको आधिकारिक पत्र आइतवार नै बुझाइसकेको छ । पत्र बीचमै अल्मलिएको छ ।

ज्वाला सिंह समूह र गोइत समूह दुवै अलग भए पनि दुवैका मागहरू मिल्दाजुल्दा छन् । जयकृष्ण गोइतलाई सरकारले पटकपटक धोखा दिएकोले उनी बढी आक्रोशित देखिन्छन् र पत्रकारलाई तपाईं मेरो ठाउँमा भएको भए धोखा दिने सरकारसँग वार्ता गर्नु हुन्थ्यो भन्ने प्रतिप्रश्न गर्छन् । सरकारले अहिल पनि सच्चा हृदयले वार्ताको आह्वान नगरेको विश्लेषन दुवै समूहको छ । सरकार संवेदनशील भएर उनीहरूका प्रारम्भिक मागहरूलाई सम्बोधन गर्न सक्नु पर्छ । ■



## दुई मोर्चाबीच फाटो

**दुई टुक्रामा** विभाजित जनतान्त्रिक तराई मुक्तिमोर्चाबीच एकताको प्रयास भइरहेकै समयमा पछिल्लोपटक सप्तरीमा ज्वाला सिंह समूहका तीनजना कार्यकर्ताको हत्या भएपछि दुवै पक्षबीचको सम्बन्धमा केही तिक्तता देखिएको छ ।

ज्वाला सिंह पक्षका कार्यकर्ताको सप्तरीमा भएको हत्यामा गोइत समूहको हात रहेको दाबी अध्यक्ष ज्वाला सिंहले गरेका छन् । यद्यपि गोइत पक्षले घटनामा आफ्नो संलग्नता अस्वीकार गरेको छ । घटनाअघि ज्वाला सिंह गोइतद्वारा नेतृत्व गरिएको संस्थापन पक्षमा समाहित हुन इच्छुक देखिएका थिए । गोइत पक्षधर भने ज्वाला सिंहका कार्यकर्ताको हत्यामा माओवादीको संलग्नता भएको हुन सक्ने दाबी गर्छ र आफूहरूलाई बदनाम गराउन माओवादीले उक्त घटना गराएको आरोप गोइत पक्षधरको छ ।

तीनजना कार्यकर्ताको हत्याले एकताको प्रयासमा फाटो आउन थालेको छ । केही साताअघिसम्म एकीकरणका लागि चासो देखाउँदै आएको ज्वाला सिंह समूह अहिले सरकारसँग वार्ता गर्न लालायित देखिएको छ ।

जनतान्त्रिक तराई मुक्तिमोर्चाका गतिविधिसँगै सप्तरीमा आपराधिक गिरोहसमेत सक्रिय देखिएका छन् । दिनहुँजसो डकैती एवं लुटपाटजस्ता आपराधिक घटनाहरू हुँदै आएका छन् । पछिल्लोपटक रूपनगर-५ का सीताराम परियारको हत्याको शैलीले निर्ममताको पराकाष्ठा नाघेको छ । पाँच घर सुकुमवासीको बसोवास रहेको उक्त बस्तीमा सन्त्रास छाएको छ ।

प्रहरी प्रशासन सक्रिय छैन । सुरक्षानिकायको उदासीनताका कारण जिल्लामा दिनहुँजसो चोरी, डकैती, लुटपाटजस्ता घटना बढ्दै गएका छन् । गाउँमा पुनःस्थापित प्रहरीचौकीहरू हालैको मधेस आन्दोलनका कारण विस्थापित भएका छन् । विस्थापित आधा दर्जन प्रहरीचौकीहरू तत्कालै पुनःस्थापनाका लागि पहल भइरहेको प्रहरी उपरीक्षक सुवासचन्द्र चौधरी बताउँछन् । यद्यपि, जनतान्त्रिक तराई मुक्तिमोर्चाले हतियार नबिसाएसम्म प्रहरी चौकी सदरमुकाम बाहिर राख्न सक्ने अवस्था छैन ।

■ **श्यामसुन्दर यादव/राजविराज**

सरकारले नब्बे दिनका लागि थुनामा राख्ने भनिएका पूर्वमन्त्री कमल थापा सर्वोच्च अदालतको आदेशपछि बुधवार रिहा भएका छन्



# कमल थापा रिहा

**सर्वोच्च अदालतले** फेरि सरकारको बदलाको राजनीतिमाथि कडा प्रहार गरेको छ। तराईमा जारी राजनीतिक आन्दोलनलाई दरवारिया घुसपैठको नतिजा भन्दै त्यसै बहानामा सुरक्षा कानुनअन्तर्गत गृह मन्त्रालयको आदेशमा गिरफ्तार पूर्वमन्त्री कमल थापालाई तत्काल रिहा गर्न सरकारलाई सर्वोच्च अदालतले बुधवार आदेश दिएको छ। सर्वोच्चको आदेशअनुसार थापा फागुन २ गते बुधबार नै रिहा भएका छन्।

नब्बे दिन थुनामा राख्ने अधिकार कानुन सरकारसँग भएकाले उक्त मामलामाथि सुनुवाइ नगर्न गृह मन्त्रालयले सर्वोच्चसमक्ष राखेको जिकिरलाई न्यायाधीशद्वय कपिल श्रेष्ठ र गौरी ढकालको इजलासले पर्याप्त आधारविना भएको ठहरका साथ खारेज गरी थापाको रिहाइ आदेश जारी गरेको हो।

आठ महिनाअघि प्रजातन्त्रको स्थापनापछि थापालाई तीनपल्ट गिरफ्तार गरिएको छ - दुईपल्ट गृह मन्त्रालयको आदेशमा र एकपल्ट संसदीय समितिको आदेशमा। यसपल्टको थापाको गिरफ्तारी माघ १५ गते अर्थात् अन्तरिम संविधान लागू भएकै दिन गृहमन्त्री र प्रहरी महानिरिक्षकको समभ्रदारीअनुसार भएको गृह मन्त्रालय स्रोतले जनाएको छ। महानिरीक्षक राणाले विगत केही महिना अगाडिदेखि नै थापा प्रतिगमनको राजनीतिमा सामेल भएको टिप्पणी र अन्तर्वार्ता दिँदै आएका छन्। ■

# बुद्ध हैन, सगरमाथा



**नोटमा राजाको** सट्टा सगरमाथाको तस्बिर राख्ने निर्णय भएको छ, अन्ततः। यसअघि राष्ट्र बैंकले जारी गर्ने नोटमा राजाको सट्टा बुद्धको तस्बिर राख्ने निर्णय गरिएको थियो। खासमा बुद्धको तस्बिर राख्ने सरकारी निर्णयको भिक्षु र बौद्ध विद्वत्वर्गले सालीन ढंगले विरोध गरेपछि सरकारको निर्णय परिवर्तन भएको हो। बुद्धधर्मका अनुयायी र धर्मका ज्ञाताहरूले सरकारको निर्णयले बुद्धको दुरुपयोग हुने भन्दै विरोध गरेका थिए। उनीहरूको सालीन ढंगको विरोध अर्थमन्त्री रामशरण महतसम्म पुगेको थियो, जसले नोटबाट बुद्धको तस्बिरलाई विश्वको सर्वोच्च शिखर सगरमाथाले विस्थापन गरेको थियो। उनीहरूले विरोधमा भनेका थिए, 'संसारको कुनै देशमा भगवान् वा भगवतीको तस्बिर राखिएको छ ? व्यवसायिक प्रयोजनका लागि बुद्धको तस्बिर प्रयोग गर्नु राम्रो हो ? बुद्धधर्मका लाखौं अनुयायीहरूले यसलाई कुन रूपमा लेलान् ?'

डा. महतले यो विरोधलाई सकारात्मक रूपमा लिएको स्रोतहरूले बताएका छन्। सकारात्मक रूमा लिएका मन्त्री महतले त्यसपछि घोषणा गरे पनि, 'बुद्धको तस्बिर नोटमा प्रयोग गरिनेछैन।' बुद्धको तस्बिर नोटमा नराख्ने भएपछि सगरमाथाबाहेक अर्को कुनै विकल्प देखिएन। यसबारे आधिकारिक रूपमा निर्णयचाहिँ भइसकेको छैन। ■




# दुर्गन्धित राजधानी

■ किरण भण्डारी/काठमाडौं (तस्वीर: भास्वर ओझा)

**फोहरलाई अझ केही दिन यसैगरी थुप्रन दिने हो भने कुहिएर दुर्गन्ध फैलनुका साथै झिँगा, मुसा र किटाणुहरूको चलखेलले विभिन्न रोगको संक्रमण हुन्छ ।**

**शान्ति प्रक्रियाले** पर्यटकको संख्या बढिरहेको र शिवरात्रिका क्रममा भारतीय पर्यटक ओइरिएका बेला सहरलाई नै दुर्गन्धित पार्ने गरी पुनः चोक, बजार र गल्लीमा फोहरको थुप्रो लागेको छ ।

नुवाकोट ओखरपौवा गाविसस्थित सिसडोल ल्यान्डफिल साइटमा स्थानीय बासिन्दाले फोहर फाल्न माघ २४ गतेदेखि अवरोध पुऱ्याएपछि काठमाडौं महानगरपालिका र ललितपुर उपमहानगरपालिकामा फोहर थुप्रिएको हो ।

अस्पताल, मठमन्दिर, पर्यटनस्थल, सडक, चोक गल्लीमा थुप्रिएको फोहर अझ केही दिन नउठ्ने हो भने दुर्गन्ध व्यापक हुनुका साथै जनस्वास्थ्यमा समेत गम्भीर प्रभाव पर्ने चिकित्सकहरूले बताएका छन् । त्रिवि शिक्षण अस्पतालका चिकित्सक डा. खगेन्द्र दाहालका अनुसार फोहरलाई अझ केही दिन यसैगरी थुप्रन दिने हो भने कुहिएर दुर्गन्ध फैलनुका साथै झिँगा, मुसा र किटाणुहरूको चलखेलले विभिन्न रोगको संक्रमण हुन्छ ।

'झरी र हिमपातका कारण बढेको चिसोले जोगाएको छ', डा. दाहाल भन्छन्, 'होइन भने श्वास-प्रश्वासदेखि झाडापखाला र हैजा फैलिएर भयावह रुप लिइसक्थ्यो ।'

फोहर धेरै दिन एकै ठाउँमा थुप्रिएपछि निस्कने (पानी) खानेपानीमा मिसिएमा तत्कालै जन्डिस र टाइफाइडको समस्या देखापर्छ । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, आठ मन्त्री र प्रधानमन्त्री कार्यालयका डेढ दर्जनभन्दा बढी कर्मचारीमा यस्तै पानी सेवनले जन्डिस लागेको चर्चा भइरहेका बेला फोहर नउठेमा त्यसले हजारौंमा संक्रमण हुन्छ ।

सिसडोलमा प्रयोग गरिरहेका काठमाडौं महानगर र ललितपुर उपमहानगरपालिकाबाट दैनिक करिब ५ सय मेट्रिक टन फोहर उत्पादन हुन्छ । फोहर लाने क्रम रोकिएपछि 'सहरको परिचय' बनेर सार्वजनिकस्थलहरूमा थुप्रिएको मात्रा ३ हजार ५ सय मेट्रिक टन नाघिसकेको छ ।

महा/उपमहानगरपालिका र सरकारले ३५ करोडभन्दा फोहरमैला व्यवस्थापनमा खर्च गरे पनि ल्यान्डफिल साइटका टाठाबाठाहरूको स्वार्थपूर्ति नहुनेबित्तिकै यस्तो अवस्था पुनरावृत्ति हुने गरेको छ । आधा वर्ष सडकमा फोहर थुप्रनुले सम्बन्धित निकायको अक्षमता र अदूरदर्शितालाई छर्लंग पार्छ ।

फोहरमा ६० प्रतिशतभन्दा अधिक प्रांगारिक पदार्थ हुने र त्यही कुहिएर अधिक दुर्गन्ध फैलने र नाना किसिमको संक्रमण हुने वातावरणवादी भूषण

तुलाधर बताउँछन् ।

स्थानीयवासीले अवरोध गर्नु र राजधानीमा फोहर थुप्रनु नौलो होइन, तर महानगरपालिका वा सरकार यसको तत्कालीन समाधान गरेर चित्त बुझाउने गरेकाले पटक-पटक राजधानीवासीको जनस्वास्थ्यमाथि खेलवाड हुने गरेको छ । द्वन्द्वबाट थलथलिएर तंग्रिन लागेको पर्यटन उद्योगले फोहरमैलाको अव्यवस्थाको सबैभन्दा ठूलो मूल्य चुकाउनुपर्छ ।

चालू आर्थिक वर्षमा मात्र तीनपटक गरेर सिसडोल साढे तीन महिनाभन्दा बढी बन्द भइसकेको छ । स्थानीयवासीले विभिन्न माग राख्ने र सम्बन्धित निकायले तत्कालीन समाधानका लागि जस्तोसुकै मागमा कागजमा प्रतिबद्धता व्यक्त गर्ने तर पूरा नगरिदिने सिलसिलाको चक्र चलिरहेको छ ।

ल्यान्डफिल साइटबाट प्रभावित ६ गाविसमध्ये यसअघि नुवाकोटवासीहरूले अवरोध पुऱ्याउने गरेकोमा अहिले धादिङेहरूले फोहरका गाडी रोकिदिएका हुन् । काठमाडौंको काठमाडौं र जितपुरफेदी, नुवाकोटको ओखरपौवा र चाउथे तथा धादिङको छत्रे देउराली गाविसलाई साइट प्रभावित क्षेत्र मानिएको छ ।

काठमाडौंबाट २३ किमि टाढा रहेकाले स्वभाविक रुपमा दबाब र विवादको सम्भावना बढेको छ । अवरोधको मोडेल र नारा र सधैं एउटै रह्यो - विकास निर्माण । तर सधैंको विवादको अवतरण अनौपचारिक ढंगले हुन्छ ।

'सिसडोल क्षेत्रलाई चौतर्फी विकास गर्न हामी तत्पर छौं', काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृत दिनेश थपलिया भन्छन्, 'तर यसै वर्षका लागि छुट्याइएको ८० लाख रुपैयाँ समेत स्थानीयहरूले खर्च गर्न सकेका छैनन् ।'

ल्यान्डफिल साइट 'नुवाकोटेलाई खातै खात धादिङेको पुरपुरामाथि हात भयो' भन्दै छत्रे देउराली- ६ का बासिन्दाले २४ गतेदेखि बन्द गरिरहेका छन् ।

आफैंले जिताएको सांसद राजेन्द्र पाण्डे स्थानीय विकासमन्त्री रहेका बेला आन्दोलन गरेमा बढी फाइदा उठाउन सकिने आशयले आन्दोलनमा होमिएको हुन सक्ने आशंका सोही क्षेत्रका बासिन्दाहरूको छ । आन्दोलनकारीहरू नाम नबताउने सर्तमा मन्त्री पाण्डे स्वयंले 'बार्गेनिङ पावर' बढाउन केही दिन बन्द गर्न संकेत गरेको बताउँछन् । यस विषयमा राजधानीबाहिर भएकाले उनीसँग सम्पर्क गर्न सकिएन ।

'जे साममा अवरोध भए पनि ओखरपौवा ल्यान्डफिल मुख्य समन्वय समितिको गठन पुनर्गठनको दाउपेचको मार काठमाडौं-ललितपुरको फोहरले व्यहोरिरहेको छ', कार्यकारी अधिकृत थपलियाको दाबी छ, 'यसलाई सुल्झाउन हामी रातदिन लागी परेका छौं ।'



# टालटुले नीतिले फोहरमैला कचल्टिएको हो

■ वातावरणवादी
भूषण तुलाधर



**बीस लाख**भन्दा बढी बासिन्दाको स्वास्थ्य र उपत्यकाको सरसफाइसँग सम्बन्धित फोहरमैला व्यवस्थापनलाई गम्भीरतापूर्वक नहेरी टालटुले ढंगले समाधान गर्न खोजिएकाले यो समस्या वर्षौंदेखि ज्युका त्युँ रहेको छ। तत्कालीन, मध्यकालीन र दीर्घकालीन समाधानको योजनासहित समाधान गर्नुपर्नेमा केवल आपत्कालीन व्यवस्थापनको दृष्टिले मात्र हेरिनु नै सम्बन्धित निकायहरूको प्रमुख कमजोरी हो।

उपत्यकाभित्रका पाँचवटा नगरपालिका, फोहरमैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र, स्थानीय विकास मन्त्रालयबाट आ-आफ्नै ढंगले कार्यसम्पादन हुने पद्धति निरुत्साहित गर्दै सम्बन्धित निकायहरूले एकीकृत फोहरमैला व्यवस्थापनसँग प्रणाली अपनाउन ढिलाइ भइसकेको छ।

## प्राविधिक पक्ष

फोहरमैलाको व्यवस्थापन विषयमा चर्चा गर्दा प्राविधिक, आर्थिक, सामाजिक, संस्थागत र राजनीतिक दृष्टिले हेर्नुपर्छ। प्राविधिक पक्षमा प्रशस्त अध्ययन र अनुसन्धान भइसकेका छन्। भएका दस्तावेजहरूलाई अद्यावधि गरेर उपयोग गर्न सकिन्छ। मितव्ययिता व्यवस्थापनको पर्यायवाची हो, तर फोहरमैला तह लगाउने नाममा हामी यस पक्षमा चुकिरहेका छौं। संकलन, ढुवानी र ल्यान्डफिल साइट व्यवस्थापनका क्रममा भइरहेको खर्चलाई आधाभन्दा बढी कटौती गर्न सकिने विकल्पहरूतर्फ चासो नदेखाइएकाले फोहरसँगै करोडौं रुपैयाँ पुरिएका छन्। महानगरपालिकाले फोहर संकलनमा मात्र १९ रुपैयाँ प्रतिघनमिटर खर्च गरिरहेकोमा व्यवस्थित गर्न सकेमा ९ रुपैयाँमा झार्न सकिन्छ। फोहर व्यवस्थापन उत्पादनकर्ताको नै जिम्मेवारी हो भन्ने उपत्यकाको सामाजिक मान्यतालाई पुनः एकपटक स्मरण गराउन जरुरी छ। नेवारी समुदायमा घरैपिच्छे मलखाल्डो (साग) हुन्थ्यो। ३०-४० वर्षअघिसम्म उपत्यकाको नेवारी समुदायमा त्यस्तो फोहर ५० पैसामा बिक्री हुन्थ्यो। सागको संस्कृति पुनर्जागरण गराएर नवीनता दिनु आवश्यक छ।

फोहरमैला समाधानको लागि ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्ष राजनीतिक हो। फोहरमैलाको लागि ल्यान्डफिल्ड साइट छनोटदेखि विभिन्न विषयमा राजनीतिक समीकरणको सन्तुलन र स्थानीय नेताहरूको अपनत्व नभएमा कुनै पनि योजना सफलीभूत नहुने विगतले देखाइसकेको छ। ■



# राजनीति र विदेशी सहायताको दुष्चक्रमा फसेको छ

■ **खेमराज नेपाल**, पूर्व अध्यक्ष, फोहरमैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र



**तीसको दशकको** प्रारम्भसम्म उपत्यकाका नगरहरूमा फोहरमैला व्यवस्थापनको खासै समस्या थिएन। घरबाट उत्पादन हुने फोहरमा अधिकांश कुहिने वस्तु हुने र खेती हुने जग्गाको क्षेत्रफल पर्याप्त भएकाले फोहर प्रांगारिक मलको कच्चापदार्थको रुपमा उपयोग हुन्थ्यो।

आधुनिकतासँगै जीवनशैलीमा आएको परिवर्तन र प्लास्टिकको उपभोगमा वृद्धिसँगै फोहरको समस्याको आयतन पनि बढ्दै गएको देखिन्छ। जर्मन सरकारले हात हालेपछि फोहरमैला व्यवस्थापन क्रमशः घरपरिवारको कर्तव्यबाट नगरपालिकाको दायित्वमा रुपान्तरित हुँदै गयो।

उपत्यकाको अनियन्त्रित सहरीकरणले कृषि जमिन घट्दै गएपछि सडकपेटी, नदी किनार, चौर र खाली जग्गामा फोहर थुपार्ने क्रम सुरु भयो। फोहरमैला व्यवस्थापनमा दातृ निकायले रकम खन्याउन थालेपछि समस्या समाधानभन्दा पनि अनेक किसिमका विकृतिहरू झाँगिन थाले।

फोहरमैलाको समस्या चर्किंदै जाँदा यसबाट निहित स्वार्थ हासिल गर्न खोज्ने जमात पनि बाक्लिँदै गयो। गोकर्ण ल्यान्डफिल साइटमा व्यवस्थापन कार्य सुरु भएपछि फोहरमैलाबाट व्यक्तिगत स्वार्थ हासिल गर्ने दाउ अँगालेको समुदायको आकार ठूलो भयो।

पचासको दशकमा काठमाडौंबाट गोकर्ण फोहर पुर्‍याउँदा विभिन्न नाममा रहेका १३ वटा समितिको अवरोध पार गर्नु फलामको च्यूरा चपाउनुसरह थियो। स्थानीय विकास निर्माणभन्दा पनि व्यक्तिगत लाभ र हाजिर गरेर तलब पाइने जागिर यस्ता समितिको आकर्षण थियो।

दाताहरूले पैसा ओइर्‍याउन थालेपछि पढेलेखेका र टाठाबाठा व्यक्तिहरूको स्वार्थ पनि गाँसियो। अध्ययन, अनुसन्धान वा अन्य नाममा कागजी काम तामेल गरेर अत्याकर्षक पारिश्रमिक पाइने भएकाले त्यस्तो समुदाय फोहरको समस्या समाधानभन्दा पनि कचल्टियोस् भन्ने नियतबाट समेत निर्देशित भएको पाइयो।

फोहरका नाममा तीस वर्षको अवधिमा कुन कुन देशी-विदेशी निकायले कति अध्ययन गराए ? कति खर्च भयो ? उपलब्धि के भयो ? भन्ने कसैसँग पनि लेखाजोखा छैन।

गोकर्ण ल्यान्डफिल साइटको क्षमतानुसार व्यवस्थापन भइसकेपछि विभिन्न नदी किनारमा फोहर फाल्ने काम भयो। पौने तीन वर्षदेखि नुवाकोट जिल्लाको सिसडोल ल्यान्डफिल साइटमा फोहर व्यवस्थापन गर्ने काम भइरहेको छ। सिसडोल वा नदी किनारमा फोहर व्यवस्थापन क्रममा पनि गोकर्णकै जस्तै समस्या देखापरिरहेका छन्। स्थानीयवासीहरूको सर्वसम्मत नेतृत्व स्थापना हुन नसकेकाले साइटमा समस्या हुँदा कोसँग वार्ता गर्ने भन्ने अन्योलबाट समेत मुक्त हुन सकिएको छैन।

स्थानीय राजनीतिक नेताहरू पनि समस्या समाधानको साझा अभिप्रायले तत्पर हुनेभन्दा पनि राजनीतिक दाउपेचबाट मुक्त हुन सकेका छैनन्। ■

## साउनदेखि माघसम्म मात्र १ सय ४ दिन बन्द

| | |
|---|---|
| साउन १४ कात्तिक १८ | ९४ दिन |
| माघ ९-१३ | ५ दिन |
| माघ २४ देखि मसान्तसम्म | ५ दिन |

२०६१ साल जेठ २२ देखि सिसडोल ल्यान्डफिल साइट प्रयोग गर्न थालिएकोमा लोकतन्त्र स्थापनाअघिसम्म खासै अवरोध भएन । लोकतन्त्र कालमा भने स्थानीयवासीले अवरोध पुऱ्याएर फोहर लान दिएका छैनन् ।

अहिलेको बन्दका कारण पनि स्थानीय समिति र केन्द्रले दिएको बजेटको भागबन्डा नै हो । विगतमा बनेका समितिहरूले स्थायी रुप धारण गर्न नसकेको र पुसदेखि तदर्थ समिति पनि निष्क्रिय भएकाले स्थानीयवासीको नाममा भएको आन्दोलन कसले नेतृत्व गरिरहेको छ भनी ठोकुवा गर्न गाह्रो छ ।

पुरानो समिति माओवादीको इसारामा चल्ने गरेकोमा त्यसको विघटन भएपछि तिलमिलाएका माओवादीले आन्दोलनलाई ऊर्जा दिइरहेको आरोप लगाउनेको संख्या ठूलो छ ।

मुख्य समिति गठन विघटनका क्रममा बाहिर परेकाहरू त्यो समिति असफल गराउन लागिपर्ने र त्यसका लागि क्रान्तिकारी मागसहित फोहर खन्याउन रोक्ने ढाँचा यसपालि पनि सिको भएको छ ।

शाहीकालमा गठित समिति विघटनको माग गरेर साउनमा सय दिनभन्दा लामो अवधि बन्द भएपछि बनेको तदर्थ समितिको म्याद माघको पहिलो साता सकियो । त्यसपछि पुनः ४ दिन बन्द भयो, समिति गठनको माग गरेर । सहमति जुट्न नसकेपछि सरकारले सर्वदलीय संयन्त्रलाई जिम्मा दियो ।

त्यो संयन्त्र निष्प्रभावी भएपछि अहिलेको बन्द भएको हो । फोहर खन्याउन नपाएकाले डेढ दर्जन ट्रक सिसडोलमै थुनिएका छन् । अस्पताल, विद्यालय, सिँचाइ, खानेपानी, सडक, एम्बुलेन्स, रोजगारी, कृषि, पशुसेवा लगायतलाई यथावत् राख्दै छत्रे देउरालीका जनताले खेतीबाली नासिएको भन्दै त्यसको क्षतिपूर्ति र तत्काल विद्युतीकरणको माग थपेका छन् ।

'फोहरमाथि पनि चरम राजनीति भइरहेको छ', स्थानीय विकासका सहसचिव सूर्य सिलवाल भन्छन्, 'पार्टीका जिल्लास्तरका माथिका नेताले शीर्षस्थ जस्तै सहमति गर्न सिकाइदिएमा यस्तो समस्या नै आउँदैनथ्यो ।'

फोहरको समस्या समाधानका लागि सहमति कायम गर्न नेताहरूले चासो नदेखाएमा खुलामञ्चमा फोहर थुपारेर दायाँ घुम्नुपर्ने दिन चाँडै नै आउने चेतावनी सिलवालले दिएका छन् ।

सरकार/महानगर सबै विकासे माग पूरा गर्न तयार भए पनि स्थानीय नेतृत्व विकास नभएकाले कोसँग वार्ता गर्ने भनी विलखबन्दमा फसेको सम्बन्धित अधिकारीहरू बताउँछन् । विकास निर्माणका नाममा आफूहरू असाध्यै सकारात्मक भएको तर स्थानीयहरूमा संस्थागत रुपमा एकीकृत नभएकाले विनियोजित रकमसमेत खर्च गर्न नसकेकाले यी माग देखाउनका लागि मात्र तेर्स्याइएको दाबी उनीहरूको छ ।

'बिजुली, खानेपानी, पशुसेवा, कृषिसेवा, कार्यालय, शिक्षकको दरबन्दीका लागि मन्त्रालयले सम्बन्धित निकाय र स्थानीयहरूको छलफल समेत गराइसकेको छ', सिलवाल भन्छन् ।

यी मागहरूको सन्दर्भमा २४ गते सम्बन्धित मन्त्रालयका सचिवहरू छलफलको आयोजना स्थानीयवासीहरूको २ सयभन्दा बढी संख्यामा आएका थिए । 'कसैले कसैलाई विश्वास गर्दैनन् ।



त्यसैले सामान्य विषय पनि समाधान गर्न गाह्रो छ', उनी भन्छन्, 'उनीहरूले योजना बनाएर खर्च गर्ने क्षमता देखाएमा सरकार जतिसुकै रकम बढाउन पनि तयार छ ।'

स्थानीय नेताहरूबीचको विभाजनले आठ दलको संयन्त्रलाई अधिकार दिइएलगत्तै फोहर फाल्न बन्द गरिएको छ । स्थानीय राजनीतिक कार्यकर्ताहरू एक-अर्कालाई आरोप लगाउँछन् । सबैभन्दा बढी दोष भने माओवादीको भागमा परेको छ ।

विघटित समितिका सदस्य एवं ओखरपौवा निवासी अर्जुन न्यौपानका अनुसार माओवादीको अनावश्यक चलखेल र सुझबुझको अभावले अहिलेको समस्या आएको हो ।

'माओवादीका स्थानीय व्यक्ति समितिमा नबस्ने र पार्टीले खटाएको अन्यत्रकालाई गाउँलेले स्वीकार नगर्ने अवस्थाले पनि यस्तो भएको हो', न्यौपाने भन्छन्, 'माओवादीका कारण सरोकार नै नभएका व्यक्ति आएर पनि बन्द गर्न पाउने अवस्था छ ।'

सिसडोल साइटबाट प्रभावित गाविस/वडालाई राज्यले अति प्रभावित, प्रभावित र कम प्रभावित गरी तीन वर्गमा विभाजन गरेर सुविधा/स्रोतहरूको वितरण समानुपातिक ढंगले गर्ने हो भने स्थानीय जनताले मनखुसी बन्द गर्न नदिने दाबी उनको छ ।

'आत्मनिर्णयको अधिकारको कुरा गर्ने माओवादीहरू यहाँका जनतालाई निर्णय गर्न नदिई अन्यत्रका कार्यकर्तालाई खटाउँछन्', न्यौपाने भन्छन्, 'बन्द कसले गऱ्यो भनी खुट्याएर समाधान गर्न नसक्नु सरकारको पनि कमजोरी हो ।'

माओवादीहरू भने आफूहरूले हात हालेको स्विकार्दैनन् । 'हामीले बन्द गराएका होइनौं', माओवादी क्षेत्रीय इन्चार्ज रमण भन्छन्, 'जनताका जायज मागलाई हामीले समर्थन गरेका मात्र हौं ।' सरकारले माग पूरा गरिदिने हो भने जनताले तुरुन्त फोहर फाल्न दिने विश्वास पनि उनले व्यक्त गरे ।

मन्त्रालयका अधिकारीहरू र स्थानीयवासीहरू सरकारले टाठाबाठाहरूको बानी बिगारेकाले यस्ता घटना नियोजित रुपमै हुने गरेको बताउँछन् । गोकर्ण साइटमा जस्तै सम्बन्धित गाविसका व्यक्तिहरूलाई जागिर दिन नसके पनि सरकारले चोरबाटो मोटो रकम वितरण गरेर बानी बिगार्ने गरेको उनीहरूको कथन छ ।

तर फोहरका नाममा पैसा बाँड्ने कार्य यो आर्थिक वर्षदेखि रोकिएको कार्यकारी अधिकृत थपलियाको दाबी छ । 'तत्कालीन समस्या समाधानका लागि पैसा दिएर टालटुल गर्ने प्रवृत्तिले विकृति मौलाएको महसुस गरेर साउन १ गतेदेखि रकम वितरण बन्द गरिएको छ ।'

फोहरमैला जस्तो जटिल र आम व्यक्तिको चासोको विषयमा सरकारको खासै ध्यान दिन नसकेकाले यसको लागि अलग्गै संयन्त्रको महसुस पनि गरिएको छ । निजी क्षेत्रलाई प्रोत्साहित गर्न सक्ने हो भने मात्र अहिलेको लागतको दुई तिहाइ बचत हुने अध्ययनहरूले देखाएका छन् ।

कम्पोस्ट मल र फोहरको अन्य सदुपयोग गर्ने योजनासहित १२ करोडमा पूरै व्यवस्थापन जिम्मा लिने कम्पनीसमेत तयार भए पनि विभिन्न 'विभिन्न परिस्थिति'ले गर्दा काम हुन सकेन ।

फोहर सरसफाइ सम्बन्धित महानगरका १५ सय कर्मचारी र ओसारपसारमा हुने अवरोध निजी क्षेत्र बोक्न तयार देखिएन । 'निजी क्षेत्रले जिम्मा लियो भने १२ करोडमा सम्पूर्ण व्यवस्थापन गर्न सक्छ', थपलिया भन्छन्, 'एउटा निकायले मात्र समाधान गर्न सक्दैन, छुट्टै कानुन र निकायको जरुरत छ ।'

फोहरमैलाका नाममा पचासको दशकमा मात्र दर्जनौं अध्ययन प्रतिवेदन तयार भएका छन्, तर तिनीहरूको कार्यान्वयन स्थिति भने अन्य क्षेत्रमा जस्तै बन्यो । 'विदेशीले फोहरमैलामा रुचि देखाएपछि फोहरमैलाको नाममा विदेश भ्रमणदेखि रिपोर्ट लेखेर कमाइ गर्ने स्रोतको रुपमा मात्र हेरियो', पूर्व स्थानीय विकास सचिव खेमराज नेपाल भन्छन्, 'सहर सफा गर्न नसके पनि एउटै सारांश भएका प्रतिवेदन विदेशी एजेन्सीदेखि महानगरसम्मले तयार गर्ने होडबाजी अझ रोकिएको छैन ।' ■






तस्बिरहरू : भास्कर ओझा

माओवादीले खुलामञ्चमा आयोजना गरेको पहिलो सार्वजनिक कार्यक्रममा माओवादी नेतात्रय प्रचण्ड, बाबुराम र बादल

# शक्ति संघर्षको बाटो ?

**मधेसी आन्दोलनका कारण तराईमा कमजोर बनेको माओवादीले फागुन १ गते राजधानीमा आमसभा गरी मुलुकभरि नै शक्ति प्रदर्शन गर्ने अभियान थालेको छ। तर, जेठमा संविधानसभाको निर्वाचन नभए वैशाखमै लोकतान्त्रिक गणतन्त्र घोषणा गर्ने माओवादी भनाइले मुलुक पुनः शक्ति संघर्षमा फस्ने आशंका बढाएको छ।**

■ **सुवास देवकोटा/काठमाडौं**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले जेठमै संविधान सभाको निर्वाचन गराउन अघि बढाएको शक्ति प्रदर्शन तथा दबाब अभियानले आगामी दिनमा शक्ति संघर्ष चर्कने संकेत देखिएको छ। राजधानीमा फागुन १ गते आयोजित सभामा माओवादी अध्यक्ष प्रचण्डले जेठमा संविधानसभाको निर्वाचन नभए वैशाखमै लोकतान्त्रिक गणतन्त्रको घोषणा गर्ने बताएपछि आगामी दिनमा मुलुक शक्ति संघर्षको चपेटामा पर्ने सम्भावना देखिएको हो। अन्तरिम सरकारमा छिट्टै सामेल हुन लागेको माओवादीको यो भनाइले आठ दल गठबन्धन विभाजित हुनसक्ने वा समस्यामा पर्ने पनि सम्भावना बढेको छ।

मतदाता नामावली संकलन नभइसकेको, संविधानसभाको निर्वाचनसम्बन्धी कानुनहरू नबनेको तथा अन्तरिम सरकार अझै गठन नभएकाले जेठमै संविधानसभाको निर्वाचन हुनेमा शंका गर्नेहरू बढ्दै गएका छन्। त्यसमाथि तराईको आन्दोलन मत्थर पार्ने क्रममा आठ दल र प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला निर्वाचन क्षेत्र थप्न वचनबद्ध भइसकेकाले निर्वाचन क्षेत्र पुनर्विभाजनले पनि समय लिने निश्चित छ। तराई आन्दोलनकै कारण अन्तरिम संविधान संशोधन पनि अनिवार्य भएकाले अन्तरिम संविधान पुनर्निर्माणमा केही समय लाग्नेमा विवाद छैन। मधेसी आन्दोलनकारी र तराईमा हिंसात्मक गतिविधि गर्दैआएका जनतान्त्रिक मुक्ति मोर्चा समूहहरूसँगको सरकारको वार्ता कसरी टुंगिनेछ र त्यसले कति समय लिनेछ भन्ने पनि अझै निश्चित छैन। यस्तो परिस्थितिमा विज्ञहरू जेठमा संविधानसभाको निर्वाचन लगभग असम्भव नै हुने बताउन थालिसकेका छन्।

परिस्थिति र कानुनी जटिलताका कारण संविधान सभाको निर्वाचन केही महिना ढिला भए के गर्ने भन्ने विषयमा अहिले माओवादीबाहेक सरकार, राजनीतिक दल र नागरिक समाज कसैले औपचारिकरुपमा आफ्नो धारणा सार्वजनिक गरेका छैनन्। परिस्थितिले जेठसम्म संविधानसभाको निर्वाचन हुने सम्भावना कमजोर बनाउँदै लगेको भए पनि अझै सत्तारुढ दल र सरकार जेठमै निर्वाचन गर्न प्रतिबद्ध रहेको उल्लेख गरिरहेका छन्। जेठमा निर्वाचन हुनै नसक्ने भयो र माओवादी लोकतान्त्रिक गणतन्त्र घोषणा गर्ने दिशामा गयो भने मुलुक पुनः रक्तपाततर्फ नफर्कला ? राजनीतिक विश्लेषकहरू निर्वाचन ढिलो भएको निहुँमा माओवादी भिडन्तमा उत्रिए जनआन्दोलनले पराजित गरेको शक्ति पुनः बिउतिने तथा मुलुक पहिलेभन्दा ठूलो द्वन्द्वमा फस्ने निष्कर्ष निकाल्छन्। यद्यपि, २०५२



**माओवादी सभामा देखिएको भीड**

मा 'जनयुद्ध' सुरु भएकै दिन १२ वर्षपछि फागुन १ गते राजधानीमा भएको सभामा प्रचण्डले आफ्नो पार्टी अब शान्तिपूर्ण राजनीतिमै रहने उल्लेख गरेर मुलुक सशस्त्र भिडन्तमा पुनः फस्ने अनुमानलाई कमजोर बनाउने प्रयास गरेका थिए ।

## शक्ति प्रदर्शन

तराईको आन्दोलनका कारण त्यहाँ कमजोर र मुलुकभर नै रक्षात्मक बनेको माओवादीले आफ्नो राजनीतिक धाक पुनःस्थापित गर्न राजधानीबाट आमसभा अभियान सुरु गरेको छ । माओवादीको यो अभियान तराई र पहाडका सहर हुँदै कर्णालीको जुम्लामा फागुन २३ गते टुंगिनेछ । अभियानको सुरुवातमा माओवादीले राजधानीमा ठूलै समूह उतारे पनि सभाको तयारी, सभामा आउन माओवादी कार्यकर्ताले जनसमूहलाई दिएको दबाब तथा प्रचारको तुलनामा सभाको उपस्थिति ठूलो नभएको मान्नेहरू छन् । राजनीतिक दलहरूले गर्ने सभाको शैलीविपरीत फागुन १ को माओवादी सभामा उपत्यकाको ट्राफिक व्यवस्था अस्तव्यस्त पारिएको थियो भने विद्यालय बन्द गराएरै विद्यार्थीहरूलाई उतारिएको थियो ।

निकै प्रचार पाएको सभाका प्रमुख वक्ता प्रचण्डले करिब डेढ घन्टा लामो भाषणमा संयमित बन्ने प्रयास गर्दै१२ वर्षअघि आफ्नो पार्टीले सुरु गरेको 'जनयुद्ध'लाई न्यायोचित ठहऱ्याउन खोजे । तर, जनयुद्धको बखान गर्दागर्दै पनि उनले त्यसक्रममा कयौं गल्ती भएको उल्लेख गर्न भने बिर्सेनन् । प्रचण्डले सभामा पनि चितवनको माडी घटनामा गल्ती भएकोमा क्षमा मागेका थिए । सभामा प्रचण्डले अन्य राजनीतिक दलहरू भ्रष्ट भएको तथा आफ्नो पार्टी मात्र जनताको पार्टी भएको प्रमाणित गर्न निकै प्रयास गरेका थिए । जनताको मुक्ति र नयाँ नेपाल मात्र आफ्नो पार्टीले देखेको उल्लेख गर्दै उनले माओवादी पार्टीका सबै केन्द्रीय सदस्यले निजी सम्पत्ति त्यागेको दाबी गरेका थिए ।

आफ्ना राजनीतिक नाराहरू अन्य शक्तिहरूले 'खोसेको'मा प्रचण्डले निकै आपत्ति प्रकट गरेका थिए । 'संघीय लोकतान्त्रिक गणतन्त्र माओवादीले उठाएको मुद्दा हो, अहिले अरूले त्यसलाई लिएर माओवादीलाई बदनाम गर्न लागेका छन्', प्रचण्डको भनाइ थियो, 'आत्मनिर्णयको अधिकारसहित जातीय, क्षेत्रीय स्वायत्त शासन, संघीय लोकतान्त्रिक गणतन्त्र लगायतका मुद्दा माओवादीले छाड्यो भनेर गलत प्रचार भइरहेको छ ।' प्रचण्डले हजारौंले रगत बगाएर स्थापित गरेका नाराहरूलाई प्रतिगामी शक्तिहरूले लिएर संविधानसभाको निर्वाचन भाँड्न खोजेको आरोप पनि लगाएका थिए ।

## चन्दा विवाद

सभा सफल पार्न माओवादीले सर्वसाधारणबाट ठूलो मात्रामा चन्दा उठाएको र व्यापारी तथा प्रतिष्ठित व्यक्तिहरूलाई चन्दाका नाममा लाखौं रुपैयाँ दिन बाध्य बनाइएका समाचार नियमित रूपमा प्रकाशमा आएका छन् । शान्ति सम्झौतापछि स्थगित देखिएको माओवादीको चन्दा अभियान सभाका नाममा पुनः सुरु भएपछि व्यापारी र प्रतिष्ठित व्यक्तिहरू आतंकित भएका छन् । यातायातका साधन र सर्वसाधारणलाई पनि माओवादी कार्यकर्ताहरूले सभाका लागि भन्दै जबरजस्ती चन्दा मागेको तथा नदिए 'भौतिक कारबाही' गर्ने धम्की दिएको बताइएको छ ।

प्रचण्डले भने आफ्नो पार्टीका कार्यकर्ताहरूले चलाएको चन्दा अभियानलाई भाषणका क्रममा उपयुक्त ठहऱ्याउने प्रयास गरे । 'रातारात भ्रष्टाचार गर्ने लुटेराहरूले हामीलाई चन्दा आतंक भन्ने ?', चन्दाबारे प्रचण्डको जवाफ थियो । प्रचण्डले भाषणका क्रममा आफ्नो सत्ता आए भ्रष्टाचार गरी कमाएको सम्पत्ति जफत गरिने पनि बताए । सभामा प्रचण्डले भने, 'अढाई सय वर्षका अल्पसंख्यक शासकहरूलाई शासित बनाउने र बहुसंख्यक शोषित, पीडित र शासित जनताबाट ती शासकमाथि तानाशाही लाद्ने नै नयाँ नेपाल हो ।'

प्रचण्डले भाषणको क्रममा पार्टीको आर्थिक नीति पनि सार्वजनिक गरेका थिए । कम्युनिष्टहरूले भन्दै आएको क्रान्तिकारी भूमिसुधारले प्रचण्डद्वारा प्रस्तुत माओवादीको आर्थिक नीतिमा पनि स्थान पाएको थियो । 'हदबन्दीभन्दा बढी जमिन विनामुआब्जा कब्जा गर्ने र भूमिहीनलाई वितरण गर्ने' क्रान्तिकारी भूमिसुधारको व्याख्या गर्दै प्रचण्डले सभामा भने । मध्यम वर्ग र राष्ट्रिय पुँजीपति वर्गलाई माओवादीले सम्पत्ति कब्जा गर्ला भन्ने डर रहेको उल्लेख गर्दै प्रचण्डले उनीहरूलाई आश्वस्त पार्न खोजेका थिए । 'राष्ट्रिय पुँजीपतिलाई प्रोत्साहित गरिनेछ, नाफा कमाउन हुँदैन भन्ने हाम्रो नीति छैन', प्रचण्डले भने, 'तराईको महेन्द्र राजमार्गजस्तै महाभारत पर्वतमा पनि समानान्तर राजमार्ग बनाइनेछ ।' ■

नेपालको कम्युनिष्ट आन्दोलनमा एउटा कुरा साझा देखिएको छ, कार्यकर्ताहरूलाई लामो समयसम्म एकदलीय अभिमुखीकरण गर्नु र समय क्रममा बहुलवादमा लगेर छोड्नु । लामो समयसम्म एकदलीय शासन पद्धतिको चिन्तन मनन गरेका कार्यकर्तालाई बहुलवादको प्रतिस्पर्धा अप्ठेरो काम हो ।



सोमत घिमिरे

# खै त वर्गीय मुद्दा

**नेकपा माओवादीका** अध्यक्ष प्रचण्डले हिजोआज जनयुद्ध लड्ने प्रक्रियाभन्दा शान्तिवार्ता प्रक्रिया आफ्नो पार्टीलाई फलामको चिउरा सावित भएको बारम्बार दोहोऱ्याइरहेका छन् । उनको मनसाय के हो प्रस्ट छैन, तर माओवादीको आगामी बाटो भने निकै कष्टपूर्ण छ । पहिलो पटकको संसदीय निर्वाचनमा ९ सिट जित्न सफल शक्ति अहिले ८३ जनालाई संसद् पुऱ्याउन सफल छ । १० वर्षको जनयुद्धको पराक्रमले माओवादीले ठूलो शक्ति आर्जन गऱ्यो । आगामी दिनमा यो शक्ति घट्ला बढ्ला वा यतिकै रहला, त्योचाहिँ माओवादीको आगामी बाटोले नै निर्भर गर्दछ ।

माओवादीले जति बेला जनयुद्ध सुरु गरे त्यति बेला बन्दुकको रहर भएका कम र राजनीतिक चरित्र धेरै भएका कार्यकर्ताहरू थिए । राजनीतिक चरित्र बेसी भएका कार्यकर्तालाई बन्दुक बोकाउनु तत्कालीन अवस्थामा अन्य विकल्प थिएन होला । समाजमा राम्रोसँग राजनीति गर्न सक्ने धेरै कार्यकर्ताहरूले जनयुद्धको क्रममा मृत्युवरण गरे । अहिले भएका स्थानीयस्तरमा क्रियाशील धेरै कार्यकर्ताहरू बन्दुक, बम, सकेट र एम्बुसको प्रेम गरेर माओवादीमा प्रवेश गरेको स्वयं प्रचण्डले स्वीकार गरिसकेका छन् । जो बन्दुकका प्रेमले हिजो माओवादीमा प्रवेश गरे, उनीहरूलाई राजनीतीकरण गर्ने काम कम कठिन र चुनौतीपूर्ण छैन ।

सम्झौता र सहमतिको प्रक्रियाबाट अगाडि बढेको कुरा नेतृत्वले जति भने पनि कार्यकर्तालाई युद्ध जितेरै आएको मानसिकताले गर्दा बेला बेलामा उत्ताउलापन देखिरहेका छन् । प्रचण्ड, बाबुराम वा महराको राष्ट्रिय वा अन्तर्राष्ट्रिय तहमा जुन छवि निर्माण भएको छ, त्यो आधारमा स्थानीय तहमा नेतृत्व निर्माण भएको देखिएको छैन । उपल्ला तहको नेतृत्व जनयुद्धको समयमा बच्यो र मध्यम तहको नेतृत्व धेरै मारिनुले पनि यस्तो अवस्था सिर्जना भएको हुन सक्छ । आफ्ना कार्यकर्तालाई फौजी कार्यकर्ताबाट राजनीतिक कार्यकर्तामा रुपान्तरण गर्ने प्रक्रिया बाहिरबाट हेर्नेले अनुभव गर्न सकिरहेको छैन । युद्धकालीन भाषा नै कार्यकर्ताले बोलिरहेर त्यस्तै व्यवहार प्रस्तुत गरिरहने हो भने अहिलेको वातावरणमा त्यो कुरा पाच्य हुन सक्दैन । यदि माओवादीले यस कुरालाई गम्भीरतापूर्वक लिएन भने शक्तिको क्षयीकरण आफ्नै कार्यकर्ताका कारणले हुनसक्छ । माओवादी नेतृत्वले आफ्नो पार्टीलाई अप्ठेरो पर्ने धेरै बाह्य कारणहरूको व्याख्या विश्लेषण गरिरहेका छन्, आन्तरिक अप्ठेराहरू माओवादीको प्राथमिकताको सूचीमा परेका छैनन् । अहिलेको परिस्थितिमा बाह्य कारणहरूलाई जति महत्त्व दिएको छ, त्यति नै गम्भीर प्रकृतिका आन्तरिक कारणहरू छन्, जसलाई माओवादी नेतृत्वले महत्त्व दिएको छैन ।

नेपालको कम्युनिष्ट आन्दोलनमा एउटा कुरा भने साझा देखिएको छ, त्यो हो कार्यकर्ताहरूलाई लामो समयसम्म एकदलीय अभिमुखीकरण गर्नु र समय क्रममा बहुलवादमा लगेर छोड्नु । लामो समयसम्म एकदलीय शासन पद्धतिको चिन्तन मनन गरेका कार्यकर्तालाई बहुलवादको प्रतिस्पर्धा निकै अप्ठेरो काम हो । पुष्पलालदेखि प्रचण्डको नेपालको कम्युनिष्ट आन्दोलनको नेतृत्व यही अप्ठेरो र अन्तर विरोधमा छ । आधारभूत मानवअधिकार, स्वतन्त्रता, प्रतिस्पर्धात्मक राजनीतिलाई सुरुमा आत्मसात नगर्नु र अन्ततोगत्वा यही पुग्नुले कार्यकर्तालाई जहिले पनि अप्ठ्यारो परिस्थिति सामना गर्नु परेको छ । लामो समयको चिन्तन प्रक्रियाबाट बाहिर निस्कनु स्वभावैले अप्ठ्यारै हो, तर यो अप्ठ्यारो पार नगरी माओवादीले आफ्नो साख जोगाउन वा बढाउन सक्दैन ।

अन्य दलका कार्यकर्ता र समाजका विभिन्न पक्षसँग अन्तरक्रिया र बहसमा नभ्mरेका कार्यकर्ताका लागि अहिलेको नयाँ परिवेश मात्रै होइन, माओवादी नेतृत्वले अवलम्बन गरेको मानवअधिकार, स्वतन्त्रता र प्रतिस्पर्धात्मक राजनीतिको बाटो युद्धभन्दा धेरै कठिन छ । पहिलोपल्ट काठमाडौंमा गरिने भनेको आमसभा बिथोलिनु र विभिन्न जिल्लामा नेतृत्वले अवलम्बन गरेको कार्यदिशाभन्दा अनेक घटना घट्नुले पनि यस कुराको पुष्टि गरिसकेको छ । १० वर्षको जनयुद्धको क्रममा कि आदेश दिएका कि आदेश ग्रहण गर्दै आएका माओवादी कार्यकर्तालाई अन्तरक्रिया, बहस र चिन्तनको बाटो निकै असहज हुनु नौलो कुरा होइन । नेतृत्व जुन ढंगले बदलिएको छ, कार्यकर्ता त्यो ढंगले बदलिएनन् भने नेतृत्व र कार्यकर्ताबीच ठूलो दूरी बढ्नेछ जसले गर्दा भोलिका दिनमा माओवादीको साख घट्ने सम्भावना छ । आलोचना पटकै खप्न नसक्ने कार्यकर्ताहरूले संगठन निर्माण र जनपरिचालन कदापि गर्नसक्दैनन् ।

जनयुद्धको क्रममा माओवादीले उठाएका राजनीतिक मुद्दाहरू अब उसले कसरी अगाडि बढाउँछ, त्यस कुराले पनि माओवादीको आगामी आकारलाई निर्धारण गर्दछ । मधेसको स्वयत्तताको कुरा, कर्णाली र सुदूरपश्चिमको क्षेत्रीय स्वायत्तताको कुरा हिजो उठाएको वर्ग र जातिको सवाल लैंगिक सवाल माओवादीको अगुवाइमा व्यवस्थापन हुन सक्छ । यसैले धेरै शंका उब्जिएका छन् ऊ हिजोका आफ्ना अडानप्रति त्यति इमानदार देखिएको छैन । अहिले मधेसमा भएको आन्दोलनमा पनि माओवादी चिप्लिएको छ । आन्दोलनका क्रममा कठोर शासकहरूले बारम्बार प्रयोग गरिरहेको मुट्ठीभर भन्ने शब्द प्रचण्डले पनि यसपटक सापट लिए । मधेसका मूल सवालहरूलाई आफू समाउन नसक्ने र आन्दोलनमा घुसपैठ मात्र देख्ने अतिवादी सोचाइले समाज चल्दैन । घुसपैठ भएको थियो होला, तर दलहरूले गाली गर्नुको साटो मुद्दा समाएका भए त्यति ठूलो धनजनको क्षति नहुन सक्थ्यो । अहिले माओवादीको बोली र कागजमा वर्गीय विभेदका कुरा कम चर्चा हुन थालेका छन् । पश्चिमाहरूको ठूलो इच्छा के हो भने वर्गीय मुद्दाभन्दा अन्य मुद्दालाई बढाइचढाइ गर्नु । माओवादीले पनि वर्गीय मुद्दालाई विस्तारै छायाँमा पारेर कतै पश्चिमा लहलहैमा त लाग्ने होइन । यदि यस्तो भयो भने सबभन्दा ठूलो दुर्भाग्य माओवादीलाई नै हुनेछ । प्रचण्डको पहिलो सार्वजनिक भाषणमा पनि वर्गीय सवाललाई धेरै महत्त्व दिएको पाइएन । एक घन्टाभन्दा लामो उनको भाषणमा वर्गीय मुद्दाले कति पनि स्थान नपाउनु दुर्भाग्यपूर्ण नै हो बरु बाबुरामले आफ्नो संक्षिप्त मन्तव्यमा वर्गीय सवाललाई थोरै महत्त्व भने दिए । ■




दीपक ज्ञवाली

# रेडियो छलाङ

**माओवादी अध्यक्ष** प्रचण्डको काठमाडौं, खुलामञ्चको पहिलो सार्वजनिक भाषणलाई माओवादीले पश्चिमाञ्चल र मध्यपश्चिमका आफ्नै एफएममार्फत प्रत्यक्ष प्रसारण गरे। प्रचण्डको भाषणमार्फत माओवादीका दुईवटा एफएमको अनौपचारिक उद्घाटन पनि गरियो।

प्रचण्डको खुलामञ्च भाषणबाट अनौपचारिक उद्घाटन हुनेमा अढाई वर्षअघि पाल्पा, अर्घाखाँची, गुल्मी, रूपन्देही लगायतका कांग्रेस नेताहरूले 'प्रजातान्त्रिक समाजवाद'को विचार प्रवाह गर्ने आन्तरिक उद्देश्यले खोलिएको पाल्पा श्रीनगरको रेडियो पश्चिमाञ्चल थियो भने दाङ, रामपुरको काउलेबाट केही सातादेखि परीक्षण प्रसारण हुँदै आएको रेडियो जनगणतन्त्र राप्ती थियो।

'जनयुद्ध'ताका डोकामा बोकाएर घुम्ती सेवा दिँदै आएको रेडियो जनगणन्त्र राप्ती अहिले काउलेडाँडाबाट ६५ फिटको टावरमार्फत माघको पहिलो सातादेखि माओवादी विचार सम्प्रसारण गर्दै छ। दैनिक करिब २ घन्टा प्रसारण हुने जनगणतन्त्र रेडियो फागुन १ दिन झन्डै चार घन्टा चल्यो। लामो समय काठमाडौंको माओवादी कार्यक्रम प्रसारण गरेपछि प्रसारण नियमित गर्ने र प्रसारण घन्टा पनि बढाउने रेडियोका काठमाडौं विशेष प्रतिनिधि विनोद घिमिरे बताउँछन्। ३०० किलोवाट क्षमताको माओवादी एफएम जनगणतन्त्र राप्ती, राप्ती अञ्चलका सबै जिल्ला र बाँके, बर्दियामा समेत सुनिने गर्छ।

उता माघको अन्तिम साता कांग्रेसीबाट माओवादी समर्थक जगत पोखरेल, भीमकान्त अर्याल, कलाकार न्यौपाने, शशि पौडेल, हरि कँडेलले ४० लाखमा किनेको पश्चिमाञ्चल रेडियो 'नेपाली जनक्रान्तिका नायक' प्रचण्ड उद्घोष गर्दै अनौपचारिक उद्घाटित हुन पुग्यो। पश्चिमाञ्चल एफएमको आवाज पाल्पा, अर्घाखाँची, गुल्मी, रूपन्देही, नवलपरासीलगायतका २२ जिल्लामा सुनिन्छ। दुई वर्षदेखि माओवादी आक्रमणबाट थला परेर धान्न नसक्ने स्थितिमा पुगेको रेडियो कांग्रेसीजनबाट माओवादीको हातमा पुगेको जानकारहरू बताउँछन्। माओवादीको पाल्पा आक्रमण २०६१ माघ १८ मा श्रीनगरको यो एफएम पनि निसानामा परेको थियो, सेना बसेको बहानामा। त्यस बेला रेडियोका उपकरणहरू ध्वस्त भएका थिए। करिब १७ लाखको क्षति भएको दाबी व्यवस्थापकहरूको छ। कांग्रेसी व्यवस्थापनमा धौंधौ चलेको एफएम माओवादी आक्रमणबाट झन् थला पर्‍यो। सरकारले ११ लाखभन्दा बढी क्षतिपूर्ति दिएको राजन पन्त बताउँछन्। पन्त भन्छन्, 'हामीले चलाउन सकेनौं, बेचिदियौं।'

एफएम खोलेर प्रजातान्त्रिक विचार प्रवाह गर्नुपर्छ भन्ने सोचका अगुवा एवं पाल्पा कांग्रेस सभापति राजन पन्त, पाल्पाकै व्यापारी पशुपति भट्टराई, गुल्मीका तत्कालीन पार्टी सभापति त्रैलोक्यप्रताप सेन लगायतका समाजवादीहरूले लगानी गरेका थिए। अहिले स्थिति बदलिएको छ, अब रेडियो पश्चिमाञ्चलबाट अब माओवाद, प्रचण्डपथ प्रवाह हुनेछ।

सतही रूपमा हेर्दा रेडियो पश्चिमाञ्चलमा माओवादीको लगानी देखिँदैन, तर बुटबलका चर्चित व्यापारी जगत पोखरेलले पैसा हालेका कारण एफएमलाई माओवादीबाट अलग गर्न सक्ने स्थिति छैन। पोखरेलको नाममा एमएफ किनेर व्यवसायिकताको नाम दिने, तर व्यवहारमा माओवादीको प्रपोगन्डा औजार बन्ने प्रशस्त सभावना छ।

बुटबलका व्यापारी पोखरेलका ब्याग पसल, ट्राभल एजेन्सी लगायतको ठूलो व्यापारिक कारोवार छ। उनी पश्चिमाञ्चलका व्यापारिक र उद्यमी संघसंस्थामा बलियो बन्दै गएका छन्। संकटकालीन अवस्थामा माओवादीलाई खाद्यान्न लगायतका सामग्री आपूर्ति गर्ने जोखिमपूर्ण काम गरेका पोखरेल पछिल्लो समय नराम्ररी फसे। गत माघमा काठमाडौंतर्फ आउँदै भैरव टुर ट्राभलको भाडाको गाडीबाट सेनाले नवलपरासीमा एके ४७ राइफल फेला पार्‍यो, गाडी पोखरेलको थियो। सेनाले पोखरेललाई नियन्त्रणमा लियो, करिब ३ महिनासम्म उनी थुनामा परे। २०६२ माघ १४ गते थुनामा परेका पोखरेल वैशाख २८ को सर्वोच्च अदालतको आदेशमा रिहा भएका थिए। गाडीका चालक भने राजनीतिक परिवर्तनपछि रिहाइ हुने माओवादी नेताहरूको लामो सूचीमा परेर मुक्त भए।

पोखरेल भने संचार क्षेत्रमा लगानी गर्ने उद्देश्यले एफएम किनेको दाबी गर्छन्। उनले भने, 'म सामाजिक क्षेत्रमा काम गर्ने मानिस हुँ। एफएमलाई व्यवसायिक रुपमा संचालन गर्ने हाम्रो योजना छ। यो माओवादी पार्टीको एफएम होइन।'

एफएमको रिपोर्टिङ, सम्पादन र प्राविधिक काममा माओवादी नजिकका अखबारहरूका पत्रकार र रेडियो जनगणतन्त्रका 'युद्ध संवाददाता' नियुक्त गरिएको छ। प्राविधिक काममा पनि जनगणतन्त्र एफएमका कार्यकर्ताले सहयोग पुर्‍याएका छन्।

कसरी गरे त माओवादीले प्रत्यक्ष प्रसारण ? माओवादी मुखपत्र जनादेशका कार्यकारी सम्पादक मनऋषि धिताल खुलामञ्चको बायाँपट्टि राखिएको साउन्ड बक्स नजिक हातमा मोबाइल लिएर बसेका थिए। प्रचण्डको भाषण सुरु हुँदै रेडियो पश्चिमाञ्चलबाट धितालको मोबाइलमा घन्टी बज्यो। उनले मोबाइल खोलेर साउन्ड बक्सको नजिकै राखिदिए। मनऋषिको मोबाइल र रेडियो पश्चिमाञ्चलको टेलिफोनको सहयोगमा प्रत्यक्ष प्रसारण गर्ने काम गरियो। धिताल भन्छन्, 'एफएमबाट फोन आउनेबित्तिकै साउन्ड बक्स नजिक लगेर पाल्पासँग सम्पर्क गराएँ।' उनी प्रसारण भएको २०-२५ मिनेटपछि, सहिदमञ्चबाट प्रसारण भइरहेको जानकारी गराउँदै प्रचण्डलाई 'नेपाली जनताका नायक' सम्बोधनबाट परिचय गराउन सकेको बताउँछन्। मनऋषिले प्रत्यक्ष प्रसारणकै क्रममा प्रचण्डको जीवनी पनि प्रसारित गरेका थिए। उता रेडियो जनगणन्त्रका प्रतिनिधि भने सहिदमञ्चको दायाँपट्टिको कोठामा युटिएल फोनमार्फत काउलेडाँडाको फोनमा बाँधिएका थिए। विनोद भन्छन्, 'युटिएल र फोनको उपयोगबाट प्रत्यक्ष प्रसारण गर्ने काम भयो, पूरै कार्यक्रम प्रसारित थियो।' पूर्व धरानस्थित जनगणतन्त्र रेडियोले पनि युटिएल फोनमार्फत प्रत्यक्ष प्रसारण गरेको घिमिरे बताउँछन्। घिमिरेका अनुसार काउलेडाँडाको माओवादी एफएम अन्य व्यवसायिक एफएम जस्तै सञ्चालन गर्ने सोचमा कानुनी दर्ता गर्ने कामहरू भइरहेको छ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**

# गुरुहरूका महागुरु

**यो जन्मका बोधिसत्वचर्या पूरा गरेर अगाडि बढिरहेका गुरुवर चोगे ठिचेन रिन्पोछेले यही २०६३ माघ ८ गते ८७ वर्षको उमेरमा रूपकाय (नश्वर देह) त्याग गरे ।**

■ **पुण्यप्रसाद पराजुली**



**करुणा र प्रज्ञाको** उच्चतम अवस्थामा पुगेर करुणाद्वारा अरू प्राणीहरूलाई दुःखबाट सदाकालका लागि उद्धार गरिरहेको र प्रज्ञाका कारण आफू संसारमा कहिल्यै पनि नबाँधिएको व्यक्ति नै बुद्ध हो । तसर्थ बुद्ध एउटा अवस्था वा पद हो, जहाँ करुणा र प्रज्ञा अभिन्न रुपमा रहेका हुन्छन् । त्यस्तो बुद्ध बन्नको लागि निरन्तर अभ्यासरत परोपकारी व्यक्तिलाई बोधिसत्व भनिन्छ । यस्तै एक बोधिसत्व हुन्, परमपूज्य चोगे ठिचेन रिन्पोछे । हरेक बोधिसत्वले विभिन्न जन्ममा आफ्नो करुणा र प्रज्ञाको अभ्यासलाई निरन्तर बढाएर दस वा तेह्र भूमि (तह) पार गरेर बुद्ध पद हासिल गर्छन् । यसै क्रममा यो जन्मका बोधिसत्वचर्या पूरा गरेर अगाडि बढिरहेका गुरुवर चोगे ठिचेन रिन्पोछेले यही २०६३ माघ ८ गते ८७ वर्षको उमेरमा रूपकाय (नश्वर देह) त्याग गरे ।

सन् १९१९ मा केन्द्रीय तिब्बतको श्याल कुस्याङ नामक धार्मिक परिवारमा रिन्पोछेको जन्म भएको थियो । गुरुवरका बुबा चेचुन सोनाम सेङगे र आमा छिमे डोल्कार दुवै उच्चस्तरका धर्म अभ्यासीहरू थिए । रिन्पोछेका दाजु पनि तिब्बतको प्रसिद्ध डोर गुम्बाका प्रमुख लामाहरूमध्येका एक चेचुन थार्चे खेन्पो (सन् १९०५-१९३९) थिए ।

रिन्पोछेको परिवार हिमाली क्षेत्रमा प्रचलित चार बौद्ध धर्म परम्परामध्येको शाक्या परम्परासँग नजिक थियो । यसै क्रममा यस परिवारका धेरै चेलीहरूको विवाह शाक्या गुम्बाका गद्दीधारी (शाक्या ठिजिन)हरूसँग भएकाले मावली परिवार (कुस्याङ) भन्ने नाम दिइयो । तत्कालीन रुपमा हेर्दा रिन्पोछेका काकाहरू खाङसार उपाध्याय जाम्पाल न्यिङपो थार्चे खेन्पो र दाजु भ्याम्पा नाम्खा कुन्साङ डोर गुम्बाका प्रमुख लामाहरू थिए । उनकी दिदीको विवाह मुस्ताङी राजा तेन्जिन जम्पाल डाढुलसँग भएको थियो । हालका मुस्ताङी राजा जिग्मे परबल विष्ट रिन्पोछेका भान्जा हुन् ।

रिन्पोछेका मातापिता शाक्या गुम्बा हुँदै कैलास तीर्थयात्रा जाने क्रममा ५ देखि ७ वर्षसम्म तीर्थयात्रामा रहेका प्रसिद्ध तिब्बती गुरु दुभ्थोम लिङपाका चेला देग्या रिन्पोछेले रिन्पोछेका धार्मिक क्रियाकलाप व्यापक हुनेछन् भनी भविष्यवाणी गरेका थिए । त्यस बेला रिन्पोछेको पहिचान भएको थिएन, तर मुस्ताङ हुँदै घर फर्केका रिन्पोछेलाई तिब्बतको प्रसिद्ध गुम्बा फेन्पो नालेन्द्राको चोगे लामा गृहका प्रमुख रिन्छेन खेन्चे वाङपोका निर्माणकाय (टुल्कु)को रुपमा पहिचान गरी निमन्त्रणा गर्न भिक्षु समूह उनको निवासमा आइपुग्यो । सन् १९२९ मा दस वर्षको उमेरमा उक्त गुम्बा प्रवेश गरेका रिन्पोछे सन् १९३१ मा बाह्र वर्षको उमेरमा नालेन्द्राको गद्दीधारीको रुपमा नियुक्त भए । सन् १४३५ मा स्थापित छब्बीसौं नालेन्द्र गुम्बाको प्रमुखमा पन्ध्रौं शताब्दीदेखि 'चे' कुलबाट आएका भिक्षुहरू नियुक्त हुने गरेका छन् । 'चे' कुलभित्रकामध्ये उनी अठारौं गद्दीधारीमा पर्छन् ।

हिमाली क्षेत्रमा लामा गुरुहरूले तिब्बती भाषाका साथै भारत वर्षमा प्रचलित काव्य, ज्योतिष, व्याकरण आदि विधाहरूमा पनि शिक्षा हासिल गर्नुपर्छ । गुम्बाहरूमा भिक्षुहरूको विनयको पनि विस्तृत अध्ययन गर्नु पर्छ । सबैभन्दा महत्त्वपूर्ण पक्ष बज्रयानको अभिषेक (दीक्षा) लिएर विस्तृत उपदेश प्राप्त गरी एकान्तवास अभ्यास गर्नु हो । कम्तीमा पनि तीन वर्ष तीन महिनाको एकान्तवास अभ्यास नगरी लामा (गुरु)को पदमा पुगिन्न । तसर्थ गुम्बाहरूमा शिक्षकहरूबाट शब्द विद्या, हेतु विद्या (प्रमाण शास्त्र), चिकित्सा विद्या, वास्तु विद्याहरूको अध्यापन गराइन्छ भने बज्राचार्य गुरुहरूबाट अध्यात्म विद्याको दीक्षा (अभिषेक) र उपदेश दिइन्छ । यी पाँच प्रकारका विद्यामा निपुण व्यक्तिलाई पण्डित भन्ने उपाधि दिइन्छ ।

चोगे ठिचेन रिन्पोछेको प्रारम्भिक शिक्षा उनकै गाउँमा सुरु भएको थियो । नालोन्द्रा गुम्बा प्रवेशपछि उनको अध्ययनमा तीव्रता आयो । भारतीय विद्वान् दण्डीको काव्यादर्शको विस्तृत अध्ययन गरी त्यस विषयमा टीका नै लेखेका थिए । विशेषतः शाक्या परम्परामा प्रचलित मार्गफलम् (लाम्डे) पद्धति, तन्त्र समुच्चय (ग्युदे कुन्तु), नारो खेचरी क्रम, वैरोचन साधना विधिको शिक्षा तथा दीक्षा पूरै ग्रहण गरे । गुम्बाका गद्दीधारीको दायित्व सम्हाल्दै माध्यमिक तथा पारमिताका गरी १३ प्रमुख भारतीय ग्रन्थहरूको अध्ययन पूरा गरे । लगभग तीस वर्षको उमेरसम्म शिभोग टुल्कु रिन्पोछे तथा लामा धाम्पा रिन्पोछे जस्ता उच्चतम लामा गुरुहरूबाट तिब्बतमा प्रचलित सबैजसो धर्म उपदेशहरू व्यवस्थित रुपमा प्राप्त भयो । रिन्पोछे तिब्बतभरकै उच्चतम विद्वान्मध्ये एक थिए । यसै कारण उनलाई सन् १९६२ मा निर्वासित तिब्बती सरकारका धर्म महासचिवमा नियुक्त भई लामाहरूको पाठ्यपुस्तक लेख्ने काम दिइएको थियो ।



दलाई लामालाई दीक्षित गर्दै रिम्पोछे

## साधना अभ्यास

चोगे रिन्पोछेको प्रमुख प्रसिद्धि सिद्धसाधकको रुपमा देखिन्छ । यस जीवनको अन्तिम क्षणसम्म पनि दिनको लगभग १८ घन्टा समय बौद्ध ध्यान साधनामै व्यतीत भएको कुरा उनका सहयोगी लामा गुरुहरू बताउँछन् । रातमा बढीमा तीन घन्टा मात्र विश्राम लिन्थे । रिन्पोछेको पहिलो औपचारिक एकान्तवास साधाना (तिब्बतीमा छाम्) तेह्र वर्षको उमेरमा हयग्रीव र बज्रपाणि साधनाबाट सुरु भएको थियो । यसै क्रममा भारतीय महासिद्ध नारोपाको परम्परामा प्रचलित बज्रयोगिनी, भारतीय महासिद्ध विरूपाद परम्पराको हेबज्र, कालचक्र, महावैरोचन, बज्रकिल आदि बज्रयान पद्धतिका



इष्टदेव तथा इष्टदेवीका साधना अभ्यास निर्धारित कार्यक्रमअनुसार पूरा गरे। शाक्या ठिजिन लगायतका धेरै उच्च गुरुहरूको भनाइअनुसार चोगे रिन्पोछे महासिद्ध बोधिसत्व नै हुन्।

चोगे रिन्पोछेहरूको मुख्य पहिचान नै संकटकालका बौद्ध धर्मका संरक्षक र निर्देशक हुनु हो। सन् १९५९ पहिले नै भोटमै उनी एक सुयोग्य गुरु अर्थात् बज्राचार्य अवस्थामा थिए। २२ वर्षको उमेरमै १५० भन्दा बढी भिक्षुलाई गम्भीर तथा विस्तृत मार्गफलम् (लाम्डे) उपदेश दुई महिनाको अवधिमा दिइसकेका थिए। सन् १९५९ को परिवर्तनपछि भोटबाट धेरै लामा गुरुहरू विस्थापित भई नेपाल र भारतमा शरणार्थीको रुपमा आएका थिए। भागदौडको क्रममा धेरैजसो गुरुहरूको नियमित साधनाक्रम टुटेको थियो। सौभाग्यवश चोगे ठिचेन रिन्पोछे सजिलैसँग मुस्ताङ राजदरबार आइपुगेका हुनाले उनको नियमित साधनाक्रम उथलपुथल हुन पाएन। पछि शरणार्थी शिविरहरू व्यवस्थित भइसकेपछि धेरैजसो शाक्या लामा गुरुहरूलाई रिन्पोछेले अभिषेक (दीक्षा), आगम र उपदेश दिएर भारतवर्षदेखि अटुट रुपमा तिब्बत पुगेको धर्मलाई पुनर्जीवन दिई अटुट राखे।

विशेष गरी चौधौं दलाई लामाका एक प्रमुख गुरु चोगे ठिचेन रिन्पोछे हुन्। तिब्बतको प्रसिद्ध मार्गफलम् (लाम्डे) साधना पद्धति दलाई लामालाई रिन्पोछेले नै प्रदान गरेका छन्। यसबाट अति प्रसन्न भई दलाई लामाले ‘महागुह्य शिष्य व्याख्यान कोशधर महर्षि (साङछेन लोवसे जोजिन दाङसोङ छेन्पो) भन्ने उपाधि दिएका छन्।

शाक्या परम्पराका प्रमुख बयालीसौं गद्दीधारी शाक्या ठिजिना रिन्पोछेलाई तन्त्र समुच्चय लगायतका धेरै उपदेश रिन्पोछेले नै प्रदान गरे। त्यसबाहेक लुदिङ खेन रिन्पोछेलगायत शाक्यापाका प्रायजसो गुरुलाई मार्गफलम्, बज्रयोगिनी, कालचक्रको अभिषेक र उपदेशहरू दिएका छन्। गेलुग परम्पराका प्रसिद्ध गुरुहरू लिङ रिन्पोछे, लामा झोपा रिन्पोछे (कपन गुम्बाका संस्थापक नेपाली शेर्पा) गुरुहरूलाई थुप्रै उपदेश प्रदान गरेका छन्। न्यिङमा परम्पराका दिलगो खेन्चे रिन्पोछे, तेङपोछे रिन्पोछे, छोग्लिङ रिन्पोछे पनि उनकै शिष्यहरू हुन्। काव्य परम्पराका श्यामर्पा रिन्पोछे, शोक्पी न्यिमा रिन्पोछेलाई पनि उनले धर्म उपदेश प्रदान गरेका छन्।

नेपालको सन्दर्भमा गैरहिमाली मूलका श्रीधरशम्शेर राणालाई पनि उनले बज्रयानका अभिषेक र उपदेश दिएर बाह्र वर्षदेखि एकान्तवास अभ्यासमा संलग्न गराई निरन्तर निर्देशन दिइराखेका थिए। श्रीधर राणाको ध्यान अभ्यासबाट सन्तुष्ट भई महायोगी श्रीधर राणा रिन्पाछे नामक उपाधि प्रदान गरेका थिए। बाहुन, क्षेत्री र नेवार मूलका दुई सयभन्दा बढी चेलाहरू रिन्पोछे निर्देशनमा साधनारत छन्।

रिन्पोछेले सात धर्मको उमेरमा आफ्नो अध्ययन सुरु गर्दा भारतीय आचार्य नागार्जुन विरचित ‘बुद्धका द्वादशकृत्य स्तुति’ पाठ गर्दा लुम्बिनीको नाम लिनेबित्तिकै रोमाञ्चित हुने गरेको कुरा उनीद्वारा विरचित दर्शनसौभाग्यमा पाइन्छ। सन् १९६१ मा नेपाल र भारतका बौद्धतीर्थ घुम्ने क्रममा भारत वर्षका प्रसिद्ध गुरु खुनु लामाले बौद्धधर्मका चार महान् तीर्थमध्ये लुम्बिनी नै सबभन्दा महत्त्वपूर्ण हो भन्ने बताएपछि त रिन्पोछेको ध्यान बुद्ध जन्मस्थली लुम्बिनीमा केन्द्रित रह्यो। सन् १९६३ मा मुस्ताङे राजा र युवराजले रिन्पोछेलाई मुस्ताङमै फर्कन वा लुम्बिनीमा रहनको लागि अनुरोध गरे। सन् १९६५ मा राजा महेन्द्रले लुम्बिनीमा जग्गा दिने कुरा उठ्यो। सन् १९६९ मा पुरातत्त्व विभागमार्फत दस कट्ठा जमिन मायादेवी मन्दिर परिसरमा पाएपछि रिन्पोछेको सपना साकार भयो।

# श्रद्धाञ्जली चोगे ठिचेन रिन्पोछे

**बुद्धत्वमा पुग्ने क्रममा एक बोधिसत्वले दान, शील, क्षान्ति (सहनशीलता), वीर्य (उत्साह), ध्यान र प्रज्ञा जस्ता ६ पारमिताको अभ्यास गर्दै आफ्नो स्तर माथि उचाल्छ । दान, प्रियवचन, समानार्थता र अर्थचर्याद्वारा शिष्यहरूको हित गर्छ । चोगे रिन्पोछेको ८७ वर्षको दीर्घजीवन यिनै दस अभ्यास पूर्ण गर्दै बित्यो ।**

सन् १९७० मा लुम्बिनीको धर्मस्वामी विहारको निर्माण कार्य सुरु भएर १९७५ मा भव्य विहार निर्माण कार्य सुसम्पन्न भयो । संक्रमणकालमा बौद्ध साधना पद्धतिलाई पुनर्जीवित गर्न गुम्बाको माथिल्लो तलालाई तीन वर्ष तीन महिने एकान्तवास ध्यान केन्द्र बनाइयो । यसै सिलसिलामा ६ साधकहरूले उक्त ध्यान कार्यक्रम सञ्चालन गरी आफ्ना गुम्बाहरूमा फर्किए ।

रिन्पोछेले आफ्नो देह त्याग गर्ने केही दिन अगाडिसम्म पनि लुम्बिनीमै थिए । सन् १९८० को सुरुदेखि काठमाडौंको बौद्धक्षेत्रमा त्रिकाल मैत्रेय बुद्ध विहार बनाएर धर्म क्रियाकलाप अगाडि बढाए पनि हरेक वर्ष लुम्बिनीमा बस्न छाडेनन् । वि.सं. २०६० मा लुम्बिनी उपवन बाहिरपट्टि टासी राब्तेन लिङ नामक नयाँ विशाल गुम्बा बनाएर लामा गुरुहरूको प्रार्थना सभाहल र युवा भिक्षुहरूको अध्ययन कक्षहरू बनाई बुद्धधर्मको उत्थान गरेका छन् । विगत ४० वर्षदेखि लुम्बिनी उपवनमा रहेर बुद्ध र लुम्बिनीलाई विश्वसमक्ष चिनाउने काम गरेकाले उनलाई लुम्बिनी लामा भन्ने गरिन्थ्यो । भगवान् बुद्धका पालाको लुम्बिनीको स्थिति झल्काउनका लागि 'दर्शनसौभाग्य' पुस्तक लेखी नेपाली तथा अंग्रेजी भाषामा अनुवाद गराई छपाएको छ ।

प्रवासमा रहेको तिब्बती लामा गुरुहरूको वार्षिक प्रणीधान पाठ (मोन्लाम) बोधगया, सारनाथ र लुम्बिनीमा भइरहेका छन् । यस क्रममा शाक्या लामाहरूको वार्षिक भेला लुम्बिनीमै गराउनमा रिन्पोछेको अहं भूमिका छ । वार्षिक भेलामा भैरहवा सीमामा भएको कठिनाइले गर्दा भारतको सारनाथमा शाक्या मोन्लाम गर्नुपर्ने माग उठे पनि रिन्पोछेको सत्प्रयासले उक्त कार्यक्रम लुम्बिनीमै कायम छ । बोधिसत्वचर्या गर्ने क्रमको यो जीवन अन्तिम समयमा पनि लुम्बिनी छाड्न उनलाई गाह्रो भएको कुरा उनका भिक्षुहरू बताउँछन् । भैरहवाबाट उड्ने बेला पनि यो मेरो अन्तिम लुम्बिनी दर्शन हो भनी भावविभोर भई बताएकाले उनको लुम्बिनीप्रतिको श्रद्धा र प्रेम झल्कन्छ ।



चोगे ठिचेन रिम्पोछे

हिमाली क्षेत्रका लब्धप्रतिष्ठित विद्वान् भएकाले रचनाहरू तिब्बती भाषाबाहेक अंग्रेजी, फ्रान्सेली, चिनियाँ र नेपाली भाषामा उपलब्ध छन् । तिब्बतको नालेन्द्रा विहारमा बस्दा लेखिएका काव्य शास्त्र टीका, अभिधर्मकोश आदि पुस्तकहरू हाल उपलब्ध नभए पनि लुम्बिनीको विषयमा तिब्बती वाङ्मयमा आधारित वृत्तान्त 'दर्शन सौभाग्य' शाक्यापा परम्पराको इतिहास, विहार स्थापना र सञ्चालन विधि अन्य भाषाहरूमा पनि उपलब्ध छन् ।

## मृत्यु प्रभास्वर समाधि अभ्यास

बुद्धत्वमा पुग्ने क्रममा एक बोधिसत्वले दान, शील, क्षान्ति (सहनशीलता), वीर्य (उत्साह), ध्यान र प्रज्ञा जस्ता ६ पारमिताको अभ्यास गर्दै आफ्नो स्तर माथि उचाल्छ । दान, प्रियवचन, समानार्थता र अर्थचर्याद्वारा शिष्यहरूको हित गर्छ । यस परिप्रेक्ष्यमा चोगे रिन्पोछेको ८७ वर्षको दीर्घजीवन यिनै दस अभ्यास पूर्ण गर्दै बित्यो । उनी एक शुद्ध शीलवान् भिक्षु, अरूको हितमा निरन्तर लागिरहने बोधिसत्व र बज्रयान अभ्यास पद्धतिको सिद्ध बज्राचार्य थिए । व्याख्यान, लेखन र विवाद निराकरण गर्दै बुद्धधर्मको अनुपम हित गरे । लुम्बिनीमा दुई भव्य विहारहरू, काठमाडौंमा चित्ताकर्षक मैत्रेय बुद्धको प्रतिमा सहितका विशाल विहार, मुस्ताङमा ध्यान केन्द्र तथा नारायण स्थानमा ध्यान केन्द्र निर्माण गरी सयौं भिक्षुहरूलाई शिक्षा दिने र ध्यान गराउने सुविधा उपलब्ध गराए ।

बुद्ध वचनअनुसार संसारका सबै कुरा अनित्य छन् । त्यसै क्रममा रिन्पोछेले आफ्नो पञ्च भौतिक देहलाई यही २०६३ माघ ८ गते बिहान ६ बजे त्याग्ने संकल्प गरे । संकल्पपछि उनी सोह्र दिनसम्म समाधि अवस्थामा रहे । तिब्बती भाषामा थुग्दाम भनिने यो समाधिमा मृत्युपश्चात् योगीहरू लामो समय बस्ने बौद्ध देशहरूमा छ । यो समाधिका बेला शरीर झन् देदीप्यमान हुन्छ, आसन पद्मासनमै हुन्छ । शरीरमा कुनै दुर्गन्ध हुँदैन भने आकाश एकदम स्पष्ट हुने र वरिपरिको वातावरण ध्यानमय हुन्छ । यस्तै लक्षण प्रदर्शन गर्दै चोगे रिन्पोछे सोह्र दिनसम्म समाधि अवस्थामा रही माघ २३ गते समाधि अवस्थामै त्याग गरे । बुद्धधर्मअनुसार यो नै योगीको वास्तविक देहावसान हो । कयौं योगीहरू त पूरै इन्द्रेणीमा परिणत हुन्छन् भने कोही यथावत् शरीरमा सयौं वर्ष रहन्छन् । समाधि त्यागेपछि अन्त्येष्टि नगरिएका बेलासम्म कायलाई तिब्बती भाषामा कुधुङ रिन्पोछे भनिन्छ । यस्तो कुधुङलाई गुरुको आश्रय मानेर पूजा गर्ने, हवन गर्ने र चैत्य बनाउने कार्य गरिन्छ । चोगे रिन्पोछेको कुधुङलाई भव्य समारोहका बीच नारायण स्थानको ध्यानकेन्द्रबाट यही माघ २६ गते बौद्धस्थित त्रिकाल मैत्रेय बुद्ध विहारमा राखिएको छ । गुम्बामा उनको कुधुङ प्रवेश गराउने बेला इन्द्रधनुष देखिएको थियो भने हजारौं भक्तजन बौद्ध परिसरमा उपस्थित थिए । आगामी फागुन १९ गते परमपूज्य शाक्या ठिजिन रिन्पोछेको नायकत्वमा मण्डल बनाई हवन गरेर उनको अत्येष्टि क्रिया सम्पन्न हुनेछ । यसरी एक महान् बोधिसत्वको एक चरण पूरा भएको छ । ■

# मोटोपनको समस्या

**राम्रो र आकर्षक** देखिन कसलाई मन लाग्दैन ? काठमाडौं/पोखराजस्ता सहरहरूमा मात्र नभई द्रुत रुपमा सहरीकरण भइरहेका अन्य स्थानमा पनि युवाहरूमा सन्तुलित रहन र आकर्षक देखिन विभिन्न उपाय अवलम्बन गर्ने क्रम बढ्दो छ।

बानेश्वरकी २१ वर्षीया उषा खरेलले आफूलाई सन्तुलित राख्न के मात्रै गरेकी छैनन् ? कलेजमा साथीहरूले मोटी भनेर हैरान पारेपछि १ वर्षदेखि तौल घटाउन विभिन्न उपायहरू अपनाउँदै छिन् उनी। यसबाट उनलाई खासै सफलता मिलेको छैन। सुरुमा बिहान उठेर हिँडडुल गर्नेबाट सुरु भएको उनको प्रयास व्यायामशाला जाने, स्किपिङ गर्नेदेखि कम खाने नाममा आफ्नो शरीरलाई नपुग्ने क्यालोरी भएको खाना खाने गर्दै चलिरहेको छ। 'दुई तीन हप्ता नियमित अभ्यास गरेपछि र खाना समेत कम गरेपछि तौल केही घटेजस्तो लागेको थियो, तर फेरि कसरत बन्द अनि खाना सुरु गर्दा तौल त ह्वात्तै बढ्यो', उनी आफ्नो अनुभव सुनाउँछिन्।

## मोटोपनको समस्या

केही दशकदेखि विकसित मुलुकमा मोटाउने मानिसहरूको संख्या ह्वात्तै बढेको छ। नेपालमा यसबारे अध्ययन नगरिए पनि बढ्दो सहरीकरणका कारण खानपिनमा भएको परिवर्तन, प्रविधिको विकासले गर्दा भएको घट्दो शारीरिक सक्रियता इत्यादिले मोटा मानिसहरूको संख्या बढ्दो छ। योसँगै शारीरिक सुन्दरताप्रति मानिसको बढ्दो चेतना र आकर्षणका कारण शारीरिक सन्तुलनप्रति पनि मानिसको चासो उत्तिकै बढेको छ। शरीर सन्तुलनका लागि व्यायामशाला जाने योग-अभ्यास गर्ने, एरोबिक्स इत्यादि गर्ने प्रचलन बढ्दै छन्।



## मोटोपनको कारण र असरहरू

हाम्रो शरीरको बडी मास इन्डेक्स छोटकरीमा बिएमआई २५ भन्दा बढी भएमा चिकित्सकीय भाषामा त्यसलाई मोटोपन मानिन्छ। बिएमआई हाम्रो शरीरको तौल (केजी)लाई उचाइ (मिटर)को वर्गले भाग गरेपछि निस्कन्छ। बिएमआई तीसभन्दा बढी भए अस्वस्थरुपमा मोटो भन्ने बुझिन्छ।

मान्छे मोटाउनुमा आनुवंशिकता, वातावरण र खाना र क्रियाकलापमा भर पर्छ। खानामा भएको क्यालोरी हाम्रो शरीरले शक्तिका रुपमा खर्च गर्दा पनि सकिएन भने त्यो क्यालोरी बोसोका रुपमा जम्न थाल्छ र मानिस मोटाउँछ। क्यालोरी मुख्यतः खाना पचाउन, सास फेर्न लगायत बाहिरी हिँडडुल र अन्य गतिविधिमा खर्च हुन्छ।

मोटोपनले मानिस नराम्रो र भद्दा देखिने मात्र नभएर विभिन्न शारीरिक र मानसिक समस्या पनि निम्त्याउँछ। मोटो मान्छेलाई चिनीरोगको सम्भावना बढी हुन्छ। उच्च रक्तचाप र मुटुका रोगीहरू पनि धेरैजसो मोटाहरू नै हुन्छन्। मोटोपनका महिलाहरूलाई हाड कमजोर हुने समस्या पनि हुन्छ। यसले नपुंसक समेत बनाउन सक्ने अध्ययनले देखाएको छ। त्यसैगरी उच्च कोलस्टेरोल (एक प्रकारको बोसो) बढी भएर रक्तनलीलाई रोकावट गर्ने पनि हुन सक्छ। केही अध्ययनले मोटा व्यक्तिहरूको आफ्नो शारीरिक बनावटप्रति नकारात्मक धारणा भएर मानसिक समस्याले पनि ग्रसित हुन्छन् भन्ने देखाएको छ।

> मोटोपनले मानिस नराम्रो र भद्दा देखिने मात्र नभएर विभिन्न शारीरिक र मानसिक समस्या पनि निम्त्याउँछ।

## कसरी घटाउने ?

मोटोपनका प्रमुख कारणमध्ये रहेको हामीले खाने खाना र हाम्रो क्रियाकलापलाई परिवर्तन गरेर यसलाई कम गर्न सकिन्छ। सबैभन्दा पहिलो एकपटक बढिसकेको तौल सजिलै कम गर्न सम्भव छैन भनेर बुझ्नुपर्छ। त्यसका लागि आफूमा दृढ विश्वास आवश्यक हुन्छ। दोस्रो कुरा एकैपल्ट धेरै तौल कम गर्ने विचार राख्दा पनि समस्या उत्पन्न हुन्छ।

## कसरी आकर्षक देखिने ?

केहीको सोचाइमा आकर्षक देखिनु भनेको सकेसम्म दुब्लाउनु र अस्वभाविकरुपमा सौन्दर्य प्रसाधनका सामग्री प्रयोग गर्नु हो भन्ने पाइन्छ। त्यो सही सोचाइ होइन। मोटोपन भइसकेपछि त्यसलाई कम गरेर मात्र होइन, मोटो हुनुअगाडि हाम्रो आहारविहारमा सामान्य परिवर्तन गरेरै आकर्षक बन्न ध्यान दिनुपर्छ।

मुख्य कुरा खानपिनमा ध्यान दिनुपर्छ। क्यालोरी पुग्ने गरी चिल्लो र मसलादार खाना कम खानु राम्रो हुन्छ। खानामा कम्तीमा दैनिक पाँचपटक तरकारी वा फलफूल खाएको राम्रो हो। फलफूल बिरामी पर्दा मात्रै खाने बानीमा परिवर्तन ल्याउनुपर्छ। हाम्रो समाजमा खासगरी महिलाहरूले आकर्षक देखिन खाना शरीरलाई चाहिने पौष्टिक तत्त्व पुग्ने गरी नखाने चलन पनि बढ्दो छ, डाइटिङका रुपमा। त्यो राम्रो होइन, त्यसबाट तौल कम गर्न सहयोग पुगे पनि सन्तुलित र आकर्षक छाला, कपाल इत्यादिको लागि चाहिने भिटामिन र खनिज तत्त्व कम हुन्छ। त्यस्तै एकदमै कम ग्लुकोजका कारण बेहोस पनि हुन सक्छन्। यसलाई ध्यान दिनुपर्छ। खानासँगसँगै उचित व्यायाम पनि उत्तिकै महत्त्वपूर्ण छ। व्यायाम मोटो, भुँडे इत्यादिले मात्रै गर्ने हो भन्ने गलत धारणाबाट मुक्त हुनुपर्छ।

व्यायाम सबैका लागि उत्तिकै महत्त्वपूर्ण छ। कम्तीमा दैनिक आधा घन्टामात्र व्यायाम गरे पनि त्यसले हाम्रो शरीरलाई आकर्षक, फुर्तिलो र सन्तुलित बनाइराख्छ। यसले हाम्रो शरीरको बोसो पगाल्न सहयोग गर्छ। जे गरे पनि दैनिक आधा घन्टा सक्रिय रहनुपर्छ। हिँडडुल, दौडिने, पौडिने, साइकल चलाउनेदेखि घरायसी कामले पनि क्यालोरी खर्च गर्न उत्तिकै सहयोग पुऱ्याउँछ।

कम क्यालोरी खर्च हुने काम जस्तै अफिसको कुर्सीमा बसेर काम गर्ने, कम्प्युटरमा काम गर्ने मानिसहरू, भिडियो गेम खेल्ने बच्चाहरू र टिभी हेरेर दिन काट्ने महिलाहरूको लागि कसरत झनै महत्त्वपूर्ण हुन्छ। स-साना गतिविधिबाट क्यालोरी खर्च गराउन सकिन्छ। खाजा खाने बेलामा खाजा अफिसमै मगाउनुको साटो क्यान्टिनमा गएर खान सकिन्छ। छोटो दूरीको लागि गाडी चढ्नुभन्दा हिँडेर पनि यसमा सहयोग पुग्छ। घरेलु महिलाहरूले सबै काम घरमा काम गर्नेलाई लगाएर टिभी हेर्नुको साटो बगैंचामा काम गर्ने, खाना बनाउन सहयोग गर्ने, लुगा मिलाउने इत्यादि गरेर पनि स्वस्थ र सुन्दर रहन सकिन्छ।

■ डा. खगेन्द्र दाहाल

मदिराको कारणले सबैभन्दा बढी मार महिला र बालबालिकामाथि पर्नुका साथै घरेलु हिंसाको प्रमुख कारक तत्त्वको रुपमा रहेको छ, यो । कुलतमा परेको व्यक्तिले विस्तारै आफ्नो सामाजिक हैसियत गुमाउनुका साथै आफू र घरसमेत खोक्रो पारिरहेको हुन्छ ।

# मदिराविरोधी अभियानमा महिला

■ **श्याम भट्ट/महेन्द्रनगर** (तस्बिर पनि)



**दुई साताअघि** झलारीबाट महेन्द्रनगर आउँदै गरेका शम्भुप्रसाद भट्टलाई मदिराको नशामा धुत भएका करनसिंह विष्टले साइकल नरोकेको झोकमा हिर्काउँदा मृत्यु हुन पुग्यो । अहिले विष्ट प्रहरी हिरासतमा छन् । आफूद्वारा भएको अपराधबोध उनीमा छ । सायद नशा नलिएको भए घटना नहुन सक्थ्यो । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक दीपक रेग्मीका अनुसार गत वर्ष पनि मदिरा पिएको पैसाको लेनदेनसम्बन्धी विवादमा बडैपुरका नरबहादुर विष्टले प्रमोद विष्टलाई मृत्युको मुखमा पुऱ्याए । यस्ता घटनाले कञ्चनपुरको सामाजिक शान्तिलाई त बिथोलेकै छ भने ज्यानसम्म जाने गरी फेरि यस्ता घटना नहोलान् भन्न सकिन्न । यी त प्रहरीका हात लागेर चर्चामा आएका घटना हुन् । अधिकांश यातायात दुर्घटनाको कारण पनि मदिरा नै हुने गरेको रेग्मी बताउँछन्, तर चालक त्यस्ता दुर्घटनापछि फरार भइहाल्ने हुँदा प्रहरीसँग प्रमाणको अभाव रहिरहन्छ । चालू आवमा प्रहरीले तीन सयजनालाई मदिरा पिएर शान्ति भंग गरेको आरोपमा कारबाही गरेको छ ।

महेन्द्रनगर नगरपालिकाको गोवरैयामा पाँच महिनाअघि वीरबहादुर (नाम परिवर्तन)ले घरको रोटी बेल्ने बेलना तथा आफ्ना बालबालिकाको विद्यालयको पोसाक समेत बेचेर आफ्नो मदिराको नशालाई पूर्ति गर्न पुगे । यसअघि उनले घरमा रहेको बेच्न हुने सबै समान बेचेका थिए । चारवटा सन्तान र श्रीमतीका अभिभावक वीरबहादुरको यो चालाले परिवारको हुनसम्म दुर्गति भयो । श्रीमतीसमेत माइती गएर बस्न थालेपछि उनको अवस्था अरू नाजुक हुँदै गयो । मदिराविरोधी अभियानमा लागेका महिलाहरूको नजरमा उनको यो अवस्था परेपछि उनीहरूले सम्झाई बुझाई गरे, जसको प्रभावले अहिले वीरबहादुर सामान्य जीवन बिताउँदै छन् । मुलुक अग्रगमनको दिशामा गइरहेका बेला समुदायमा शान्तिको स्थायित्वका लागि विभिन्न प्रयासहरू भइरहँदा सुदूरपश्चिमको सीमावर्ती कञ्चनपुरको सामाजिक र परिवारिक शान्ति मदिराले बिथोलेको छ । वीरबहादुर र उनको परिवार प्रतिनिधि पात्र मात्रै हुन् । उनीजस्ता धेरैले मदिराको कुलतमा आफ्नो परिवारै बिगारेका थुप्रै उदाहरण भेटिन्छन्, कञ्चनपुरमा । मदिराको नशामा नगरपालिकाभित्र एकजनाको हत्या भएको छ भने चारजनाले त नशाका कारण आफ्नो ज्यानै गुमाएका छन् । राज्यद्वारा पहिलेदेखि नै सुदूर भनी छुट्याइएको यस क्षेत्रमा विभिन्न समस्या व्याप्त रहेका छन् । तीमध्ये कञ्चनपुर यस क्षेत्रका अन्य जिल्लाको तुलनामा मदिरा बिक्री वितरण र दुर्व्यसनी सामाजिक समस्याहरूमध्ये अग्रपंक्तिमा रहेको छ । मदिरा खपतका हिसाबले कञ्चपुरमा स्वदेशी ब्रान्ड नै बढी मात्रामा खपत हुने गरेका छन् भने घरेलु मदिरा पनि ठूलो मात्रामा उत्पादन र खपत हुने गरेको छ । सीमावर्ती क्षेत्रका कारण केही मात्रामा अवैध रुपमा भारतीय मदिरासमेत आयात हुने गरेको छ ।

प्रायः न्यून आय भएका व्यक्तिहरू मदिराको नशामा चुर्लुम्म डुब्ने गरेका छन् भने सम्भ्रान्त भनिएको वर्ग पनि यसबाट अछुतो छैन । यसको सेवन मुख्यतया पुरुषले गर्ने भए पनि त्यसको सोझो असर उसमा आश्रित परिवारमा पर्ने गरेको छ । अझ भन्नु पर्दा मदिराको कारणले सबैभन्दा बढी मार महिला र बालबालिकामाथि पर्नुका साथै घरेलु हिंसाको प्रमुख कारक तत्त्वको रुपमा रहेको पाइन्छ यो । कुलतमा परेको व्यक्तिले विस्तारै आफ्नो सामाजिक हैसियत गुमाउनुका साथै आफू र घरसमेत खोक्रो पारिरहेको हुन्छ । यसैबाट घरमा घरेलु हिंसाले जन्म लिन्छ र ऊ अपराधीसमेत बन्ने सम्भावना रहन्छ । अन्ततः पारिवारिक कलहको सृजना भई सको प्रभाव प्रत्यक्षरुपमा समाजमा पर्ने हुँदा सामुदायिक शातिमा खलल पैदा हुन्छ ।

विगतमा कञ्चनपुरमा मदिरा प्रतिबन्धित भए पनि पछि गएर त्यसमाथि प्रहरी, प्रशासन र समाजको नियन्त्रण हुन नसक्दा र यसको व्यवसायमा संलग्न व्यक्तिहरूको दबाबका कारण खुला गर्नु परेको थियो । पुनः मदिराको विपक्षमा महिलाहरू अग्रसर भएपछि यसमाथि नियन्त्रण हुन्छ कि भन्ने आशा पलाएको छ । नगरपालिकालाई छोडेर महाकालीपारीको नेपाली दोधारा-चाँदनी क्षेत्रमा मदिराले जनजीवनलाई प्रभावित गरेको कुरा मदिराविरोधी अभियानमा लागेका महिलाहरूको जमातले देखाउँछ ।

हाल नगरपालिका क्षेत्रका १९ वटै वडामा मदिरा नियन्त्रण महिला समूह गठन भएका छन् । यसरी

संगठित भएका सबै समूहबाट प्रतिनिधित्व हुने गरी एउटा नगरस्तरीय मदिरा नियन्त्रण समिति गठन गरिएको छ। यसैको प्रभावका कारण नगरपालिकाबाहिरका सुडा, दैजी, दोधारा, चाँदनी, पिपलाडी र झलारीमा पनि महिला समूहहरू गठन भएका छन्। नगरपालिका र ग्रामीण क्षेत्रमा रहेका यी महिला समूहले प्रत्येक महिनाको एक दिन गाविस प्रतिनिधि, समाजका प्रतिष्ठित व्यक्तित्व र विभिन्न संघसंस्थाहरू बोलाई यस अभियानका पक्षमा अन्तरक्रिया गर्ने गरेका छन्। मदिरा नियन्त्रणका लागि उनीहरूले गरेको कामको लेखाजोखा गर्दा मदिराको बिक्री वितरणका सन्दर्भमा एउटा आचारसंहिता निर्माण गर्न उनीहरू सफल भएका छन्। उक्त आचारसंहिता जिल्लास्थित राजनीतिक दलहरू, प्रशासन, प्रहरी, आन्तरिक राजस्व, होटल व्यवसायी, स्थानीय निकाय र गैरसरकारी संस्थाहरूको समेतको हस्ताक्षरपछि महिलाहरूले महेन्द्रनगरको केन्द्रमा अवस्थित स्मारकबाट सार्वजनिक गरे। यो उनीहरूका लागि समुदायमा शान्ति प्रवर्धन गर्ने एउटा तहको क्रान्तिको सफलता थियो। केयर नेपाल र स्थानीय गैरसरकारी संस्थाहरू स्थानीय विकास मञ्च, थारू महिला मञ्च, सामाजिक समानता अभियानको साझेदारीमा संचालित उज्यालो, पावर, बालबचाउ आयोजना तथा सेलर्डबाट यो अभियानलाई निरन्तर रुपमा सहयोग पुऱ्याइरहेको बताउँछिन्, यसै अभियानमा संलग्न नगरस्तरीय मदिरा नियन्त्रण महिला समूहकी अध्यक्ष भगवती थापा। यसै गरी उनी अगाडि थप्छिन्, 'यो आचारसंहिता निर्माण भएपछि आन्तरिक राजस्व र प्रशासनले अहिलेसम्म ५० जनालाई विभिन्न अभियोगमा कारबाही गरिसकेको छ।' यसरी महिलाहरूको पहलले अहिले गाउँमा मदिरा बेच्ने नयाँ अनुमति कसैले पाएको छैन। सर्वपक्षीय सहमति भएको यो पहलका कारण मदिरा नियन्त्रण गर्ने अभियानमा लाग्दा अवैध बिक्री वितरण गर्नेहरूले धम्काउने गरेका छन्। यस क्रममा मदिराविरोधी अभियानमा संलग्न अन्य महिलाहरूले पनि आफूहरूले प्रहरी प्रशासन र आन्तरिक राजस्वबाट ठूलो सहयोग पाएको बताएका छन्।

प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मा महिलाहरूको यो अभियानलाई सकारात्मक मान्दै भन्छन्, 'यसले गर्दा शान्ति सुरक्षामा समेत सघाउ पुगेको छ।' सर्वपक्षीय छलफलबाट आचारसंहिताले अन्तिम रुप पाएको बताउँदै शर्मा भन्छन्, 'यसलाई लागू गर्नु यसमा हस्ताक्षर गर्ने आफूलगायत स्थानीय विकास अधिकारी, कर अधिकृत, नगरपालिकाका कार्यकारी अधिकृत सबैको सामूहिक दायित्व हुन आउँछ।' आफू मदिराविरोधी अभियानलाई सहयोग गर्न तत्पर रहेको बताउँदै उनले भने यो एक राम्रो प्रयास हो। यसै गरी स्थानीय विकास अधिकारी रमेशकुमार अधिकारी महिलाहरूको यो प्रयासलाई सत्कार्यको संज्ञा दिँदै भन्छन्, 'यसमा जिविसले सहजकर्ताको काम गरिरहेको छ। गत भाद्रमा निर्माण भएको आचारसंहिता कार्यान्वयनको स्थितिलाई गत पुसमा पुनरावलोकन गरेका थियौं। यसले राम्रो सामाजिक प्रभाव छोड्न सफल भएको



पाइयो।' विद्यालयवरपर मदिरा पसल देखिन छाडेका छन्। मुख्यतया आन्तरिक राजस्वले आफ्नो काम राम्रो गरेको छ। यो अभियान नियन्त्रणमुखी कार्यक्रमतर्फ अभिमुख भएकोमा सबैजना स्पष्ट रहेको अधिकारी मान्छन्।

आन्तरिक राजस्व कार्यालयका अनुसार गाविस र महिला समूहको सिफारिसमा मात्र मदिरा बिक्री वितरण गर्ने अनुमतिपत्र दिने गरिएको छ। नायब सुब्बा मीनबहादुर कठायतका अनुसार गत आर्थिक वर्षमा एक सय पचास अनुमतिपत्र दिइएको थियो। जसमध्ये असीवटा नवीकरण भएका छन्। चालू आ.व.मा १५ वटा अनुमतिपत्र मात्र दिइएको छ। नवीकरण तथा अनुमतिपत्रबापत आन्तरिक राजस्वले २२ सय ५० रुपैयाँ दस्तुर लिने गरेको छ। कठायतका अनुभवमा मदिरा गत आवभन्दा धेरै नियन्त्रित भएको छ। यसै गरी होटेल व्यवसायी नन्दी बोहराका अनुसार अनियन्त्रित मदिरामाथि नियन्त्रण आवश्यक छ भने अवैध मदिरासमेत बजारबाट विस्थापन गर्न सक्नु पर्छ।

स्थानीय विकास मञ्चका कार्यक्रम संयोजक यज्ञराज चटौत उक्त सफलतालाई मुक्तकण्ठले प्रशंसा गर्दै भन्छन्, 'महिलाहरू संगठित भएर मदिराविरोधी अभियानमा नयाँ आयाम थप्न सफल भएका छन्। उनीहरूको निजी जिन्दगी तथा सामाजिक शान्तिमा कुप्रभाव पारिरहेको मदिरा प्रवृत्ति भविष्यमा पूर्णतः नियन्त्रणको घेराभित्र पर्ने आशाको दियो बलेको छ।'

आचारसंहिताले कञ्चनपुरमा मदिरा नियन्त्रणमा सघाउ पुऱ्याउनुका साथै समुदायमा चेतना अभिवृद्धि गर्न सफल भएको छ। जसबाट स्थानीय प्रहरी प्रशासनलाई समेत कारबाही गर्न सजिलो भएको छ। आचारसंहिताभित्र ऐनले व्यवस्था गरेका प्रावधानहरूलाई अन्तःशुल्कले प्रभावकारी कार्यान्वयन, सार्वजनिक स्थलभन्दा २ सय मिटर टाढा मात्र मदिरा बेच्न पाइने, महिला समूहको सम्पर्कविना बिक्री वितरण गर्न नपाइने, दिउँसो तीन बजेपछि साँझ १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्न पाइने, १८ वर्षमुनिका र ६० वर्षमाथिकालाई मदिरा बिक्री वितरण गर्न नपाइने र मदिरा बिक्री कक्षमा अनिवार्य रुपमा बिक्री वितरण गर्न पाउने अनुमतिपत्र, म्यादसहित ठूला अक्षरले स्वास्थ्यको लागि हानिकारक रहेको जानकारी उल्लेख भएको सूचनापाटी टाँस गर्नु पर्ने प्रावधान राखिएको छ। आचारसंहिता उल्लंघन गर्नेलाई २ सयदेखि १ हजारसम्म जरिवाना लिने, मदिराका कारण सामाजिक शान्तिमा खलल पार्ने अभियोगमा समातिएकाहरूलाई महिला समूहकै रोहवरमा कारबाही गर्ने र अवैध रुपमा उत्पादित र बिक्री वितरण भइरहेको मदिरामा बन्देज लगाउन सक्ने प्रावधान रहेका छन्।

यो आचारसंहिता निर्माण भएपछि अन्तःशुल्क र प्रहरीले अहिलेसम्म ५० जनाभन्दा बढीलाई विभिन्न अभियोगमा कारबाही गरिसकेको छ। मदिराविरोधी अभियानमा संलग्न महिलाहरूले पनि आफूले प्रहरी र अन्तःशुल्कबाट ठूलो सहयोग पाएको बताएका छन्।

हाल मुलुकमा भएको ऐतिहासिक परिवर्तनपछि नयाँ नेपालको सपनालाई कहीं न कहीं मदिराले नकारात्मक प्रभाव पारेको छ। देशलाई काम लाग्ने नयाँ नेपाल निर्माणका लागि आवश्यक प्रमुख जनशक्ति यसको नशामा डुबेको अवस्था छ। मदिराको सहज उपलब्धताले पनि यसका दुर्व्यसनीको संख्या बढ्नुका साथै सामाजिक विकृति बढ्नमा सहयोग पुगेको छ।

महिला तथा बालबालिकामाथिको हिंसाजन्य विविध समस्याका बाबजुद त्यस्ता समस्याको जडको खोजी गर्ने र यसको निराकरणको प्रयास गर्न पर्ने तथ्यमा कसैको ध्यान केन्द्रित नहुनु नै यस्ता विकृति तथा विसंगति वृद्धि हुने अनुकूल परिस्थिति बन्नुको कारक हो। हाम्रो देशमा व्याप्त बेरोजगारी यसको सिंगो उदाहरण हो। अनुत्पादक भइरहेको जनशक्तिको परिचालन तथा आय आर्जनको काममा संलग्न गराउनु निश्चय नै राज्यको दायित्व हो। घरपरिवारमा शान्ति रहे समाजमा शान्ति रहन्छ, समाजमा शान्ति भए मात्र राज्यमा शान्तिको परिकल्पना गर्न सकिन्छ भन्ने वास्तविकतालाई समयमै हृदयंगम गरी योजनाबद्ध अभियानमा हरेक नागरिकलाई सरिक गराउने कार्यमा पनि राज्य तथा नागरिक समाजले यथाशीघ्र ध्यान दिनु आवश्यक छ। कञ्चनपुरमा देखिएको मदिराविरोधी अभियानमा जागेका महिलाले अघि सारेका सुधारात्मक पक्ष तथा कार्यक्रमहरूलाई राज्यले उपयोग गर्ने हो भने पान र तरकारी पसलमा समेत मदिरा पाइने खराब संस्कृति परिवर्तन गर्न सकिने मात्र नभई, समुदायमा दिगो शान्तिको प्रवर्धनमार्फत नयाँ नेपालको निर्माणको अभियानलाई सकारात्मक दिशामा अगाडि बढाउन सकिन्छ। ■



माओवादीद्वारा पिटिएका राप्रपाका एक कार्यकर्ता

# सांघातिक आक्रमण, रमिते प्रहरी

**माओवादी खुला प्रतिस्पर्धात्मक राजनीतिमा आइसकेको भए पनि आस्थाकै आधारमा विभिन्न दलमाथि आक्रमण गर्ने क्रम जारी छ। हालै राप्रपाका कार्यकर्तामाथि लमजुङ, बेसीसहरमा भएको माओवादी आक्रमणको सर्वत्र निन्दा गरिएको छ।**

■ **छत्र कार्की र नवीन कुँइकेल/बेसीसहर लमजुङ**

बेसीसहरस्थित होटल टुकुचे पिकमा राष्ट्रिय प्रजातन्त्र पार्टीको भेलामा कार्यकर्ताहरू आउने क्रम चलिरहेको थियो। कार्यक्रम सुरु हुन मात्र के लागेको थियो, अचानक माओवादीले होटल घेरा हालेर राप्रपाका नेता र कार्यकर्तामाथि सांघातिक आक्रमण सुरु गरे। ठूलो जत्थासाथ आएका रड, भाला, लाठीसहित आएका माओवादी कार्यकर्ताले दुई दर्जनभन्दा बढीलाई सख्त घाइते बनाए। त्यतिमात्र कहाँ हो र ? कुटपिटपछि घाइते भएका अरू कार्यकर्तालाई समेत कालोमोसो र जुत्ताको माला लगाएर नगर परिक्रमा गराएका थिए। करिब आधा घन्टासम्म घाइतेहरूलाई सडकमा राखेर माओवादी कार्यकर्ताले पालैपालो कुटपिट गर्दै कालोमोसो र जुत्ताको माला लगाई बजार परिक्रमा गराउने क्रममा उनीहरूले जबरजस्ती 'माओवादी जिन्दावाद' भन्न लगाएका थिए।

राप्रपा (राणा)ले अगुवा कार्यकर्तालाई बदलिँदो परिस्थितिमा प्रशिक्षण दिन आयोजना गरेको उक्त भेलामा अतिथिका रुपमा पुगेका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री ठाकुर शर्माले समेत चुटाइ खाएका थिए। २०६३ साल माघ २७ गते दिउँसो साढे १२ बजेदेखि २ घन्टाजति माओवादी कार्यकर्ताले गरेको कुटपिटबाट राप्रपा जिल्ला अध्यक्ष हेमजंग गुरुङ, राष्ट्रिय पत्रकार महासंघका पश्चिमाञ्चल संयोजक नवराज पहाडी, राप्रपा निकट शिक्षक परिषद्का अध्यक्ष हरि रेग्मी र राप्रपा कार्यकर्ता गोपाल लामिछाने गम्भीर घाइते भएका थिए।

बेसीसहरको सेराबजारस्थित मूलसडकमा निकालेर राप्रपा कार्यकर्तालाई अन्धाधुन्ध आक्रमण गर्न थालेपछि स्थानीय बासिन्दाले लोकतान्त्रिक व्यवस्थामा सबैले आफ्नो विचार राख्न पाउनुपर्ने भएकाले आक्रमण नगर्न आग्रह गरेका थिए। तर, त्यसो भन्ने स्थानीय बासिन्दालाई समेत 'राजावादी'को आरोप लगाउँदै हातपात गरेका थिए। आक्रमणमा संलग्न अधिकांश माओवादी निकट शिक्षकहरू रहेको घटनामा घाइते भएका राप्रपा नेता मोहनलाल श्रेष्ठ बताउँछन्।

## किन गरियो आक्रमण ?

जनआन्दोलन-२ मा सक्रिय सहभागी नभए पनि आन्दोलनको विरोधमा नरहेको राष्ट्रिय प्रजातन्त्र पार्टीको कार्यक्रममा भएको आक्रमण गर्नुको पछाडि सक्रिय राजावादीको उपस्थिति प्रमुख कारक रहेको बताइन्छ। राजाले माघ-१९ को कदम चालेपछि राप्रपा लमजुङ अध्यक्ष रहेका हेमजंग गुरुङ कमल थापाको राप्रपामा प्रवेश गरेपछि जिल्ला समितिभित्रै ठूलो विवाद भएको थियो। माघ १९ पछि कमल थापाले बोलाएको राप्रपा अधिवेशनमा जिल्लाको माइन्युट नै लिएर काठमाडौं गएका थिए। उनी कमल थापा पक्षको केन्द्रीय सदस्य बन्न सफल भएका थिए। तर, लोकतन्त्रपछि पार्टी अध्यक्ष पशुपतिशमशेर राणाले फेरि हेमजंगलाई नै अध्यक्ष बनाएपछि लमजुङ राप्रपाका अरू नेताले यसको विरोध गर्दै आएका थिए। भेलामा केही साथीहरूसहित हेमजंगको विरुद्ध कुरा राख्न भेलामा आएका राप्रपा नेता मोहनलाललाई पनि कालोमोसो दलेर जुत्ताको माला लगाई बजार घुमाइएको थियो। खासगरी जनआन्दोलनका बेला कमल थापाको पक्षमा खुलेर लागेका हेमजंग र नवराज पहाडीलाई आक्रमणको मुख्य निसाना बनाएको माओवादीले जनाएको छ। माओवादी निकट जिल्ला मजदुर संगठनका अध्यक्ष शम्भु श्रेष्ठ भन्छन्, 'हेमजंग र पहाडीबाहेक अरूले कार्यक्रम गरेका भए आक्रमण हुने थिएन।'

अध्यक्ष श्रेष्ठले यस्तो बताए पनि राप्रापा कार्यकर्तामात्र होइन, विपरीत आस्था राखेकै आधारमा गरिएको आक्रमणको त्यहीँ विरोध गर्नेहरूमाथि माओवादीहरू अरिंगालझैं खनिएका थिए। राप्रपा नेता मोहनलाल भन्छन्, 'म हेमजंग हट्नुपर्छ भनेर विरोध गर्न आएको कुरा पटकपटक भन्दा पनि माओवादीले वास्ता गरेनन्। मलाई कुट्नुमात्र होइन, व्यक्तिगत मानहानि समेत गरे।' आक्रमण भएको दिन बेसीसहरमा माओवादी निकट अखिल नेपाल शिक्षक संगठनको पहिलो जिल्ला अधिवेशन चलिरहेको थियो। राप्रपाको भेला हुँदै छ भन्ने थाहा पाएर माओवादी निकट शिक्षकहरू, माओवादी जिल्ला सेक्रेटरी बुद्धिराम तमु, अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष शिव अधिकारी, ट्रेड युनियन महासंघका अध्यक्ष शम्भु श्रेष्ठ, माओवादी जिल्ला नेता मेखराज भण्डारीलगायत कार्यकर्ता लिएर आक्रमणमा उत्रिएका थिए।

दिनदहाडै सदरमुकाममा सांघातिक आक्रमण हुँदा प्रहरीले केही तत्परता नदेखाएको स्थानीय बासिन्दाको भनाइ छ। आक्रमण सुरु हुनासाथ प्रहरी अघि बढेर स्थिति नियन्त्रण गर्न खोज्दा माओवादीले यो जनताको कारबाही हो भनी अघि नबढ्न धम्कीपूर्ण भाषा प्रयोग गरेका थिए। प्रहरी अघि बढेमा सशक्त प्रतिरोधमा उत्रिने माओवादीले जनाएपछि प्रहरी रमिते बनेका थिए। 'प्रहरी कति

निरीह भएछन् भन्ने अर्को प्रमाण लमजुङ घटनाले जुटाइदियो', बेसीसहरका एक स्टेसनरी व्यवसायी बताउँछन् ।

कार्यक्रम गर्न लागेका राप्रपा कार्यकर्तामाथि भएको आक्रमणको जिल्लाका सबै राजनीतिक दलले विरोध गरेका छन् । नेपाली कांग्रेस लमजुङका सभापति कृष्ण कोइराला राप्रापा भेलामा भएको आक्रमणले लोकतन्त्रको खिल्ली उडाएको बताउँछन् । उनी भन्छन्, 'लोकतन्त्रमा सबैले आफ्नो कुरा राख्न पाउनुपर्छ, खुला राजनीतिमा आएको माओवादीले यसलाई बुझ्न सक्नुपर्छ ।'

त्यसैगरी नेकपा एमालेका प्रचार विभाग प्रमुख सुवास पौडेल भन्छन्, 'कार्यक्रम गरिरहेका बेला आक्रमण गर्नु निन्दनीय घटना हो । यसले कानुनी राज्यको उपहास भएको छ ।'

नागरिक समाजका अध्यक्ष बालकृष्ण बराल राजनीतिक परिवर्तनका बेला राजनीतिक पार्टीको कार्यक्रमस्थलमा गई आक्रमण गर्नु सरासर गलत भएको बताउँछन् । त्यस्तै कानुन व्यवसायी गुमानसिंह अर्याल भन्छन्, 'कानुनी राज्यमा कानुनद्वारा नै कारबाही हुनुपर्छ, बल र धम्की प्रयोग गर्नु हुँदैन ।' इन्सेक प्रतिनिधि कृष्णप्रसाद अधिकारीले उक्त मानवअधिकारको गम्भीर उल्लंघन भएको विचार राख्छन् । शान्तिपूर्वक कार्यक्रम गरिरहेका पार्टी नेतामाथि भएको आक्रमण गलत रहेको जनाउँदै उनी भन्छन्, 'यस्ता क्रियाकलाप दीर्घकालीन शान्ति स्थापनाका लागि घातक हुन्छन्, द्वन्द्वले प्रतिद्वन्द्व र हिंसाले प्रतिहिंसा जन्माउँछ । यो माओवादीले बुझ्नुपर्छ ।' ■

## बहुरूपी पहाडी

**कुनै बेला** राजधानी बाहिर जिल्लाका पत्रकारको नाम लिँदा लमजुङबाट नवराज पहाडीको नाम सायदै छुट्थ्यो । कान्तिपुर, गोरखापत्रलगायत विभिन्न राष्ट्रिय पत्रिकामा लमजुङ संवाददाता भएर काम गर्ने मौका पाएका पहाडी नेपाल पत्रकार महासंघ लमजुङ शाखाको अध्यक्ष समेत बनेका थिए । ०४९ सालबाट बेसीसहरबाटै अन्तरंग नामक पत्रिका प्रकाशन सुरु गरेका थिए । उनले विभिन्न सामाजिक संस्थामा रहेर समेत काम गरेका थिए । भनिन्छ, महत्त्वाकांक्षा विनाशको प्रतीक हो । त्यहीँ महत्त्वाकांक्षी स्वभावले गर्दा पहाडी रातारात अवसरवादी बने ।

२०३६ सालमै नेविसंघबाट राजनीतिमा सक्रिय भई उनले जिल्लामा खुंखार कांग्रेसीको परिचय बनाएका थिए । २०३९ सालमा विपीको स्वर्गारोहण हुँदा कपाल मुण्डन गरेर किरिया समेत बसेका थिए । २०४९ सालमा नेपाली कांग्रेसको तर्फबाट शंकरकान्त जोशी, २०५४ मा एमालेको तर्फबाट जमिन्द्रमान घले र २०६० मा राजाबाट मनोनीत भई हेमजंग गुरुङ जिविस सभापति हुँदा उनी सबैको प्रेस सल्लाहकार भएर देखा परे । जिल्लामा सबै पार्टीसँग आफ्नो स्वार्थअनुकूल नजिक र टाढा हुने गरेका पहाडी कुनै बेला माओवादीको अत्यन्त नजिक पनि भए । त्यसो त माओवादीले पहाडीलाई उनीहरूको सार्वजनिक सभामा अभिनन्दनसमेत गरेको थियो ।

माओवादीसँग नजिक भएकै कारण उनलाई लमजुङको इशानेश्वर निवासी कांग्रेस कार्यकर्ता केदार घिमिरेको हत्याको गरेको आरोपमा मुद्दा पनि लाग्यो भने माओवादीको आरोपमा सुरक्षानिकायले उनलाई जेल पनि हाल्यो । तीन महिना जेल परेका उनी नेपाल पत्रकार महासंघका तत्कालीन महासचिव विष्णु निष्ठुरी र स्थानीय पत्रकारहरूको अथक प्रयासबाट एक महिनामै नजरबन्दबाट मुक्त भए । तर त्यसको श्रेय राप्रपालाई दिँदै उनी राप्रपामा प्रवेश गरे । त्यसपछि हेमजंग गुरुङको कृपाले उनी नेपाल पत्रकार महासंघको समानान्तर संस्था राष्ट्रिय पत्रकार महासंघको पश्चिमाञ्चल संयोजक एवं लमजुङका अध्यक्ष बने । त्यसपछि माओवादी मात्र होइन, अरू राजनीतिक दलको पनि पहाडीसँग कुनै सकारात्मक सम्बन्ध रहेन ।

माघ १९ पछिको राजाको शासनकालमा उनी बेसीसहर नगरविकास समितिको अध्यक्ष भए । जनआन्दोलन-२ का क्रममा आन्दोलनविरुद्ध पत्रिकामा लेख्न थालेपछि जनआक्रोशका कारण उनी जिल्लामा टिक्न नसकेपछि काठमाडौं बस्न थालेका थिए । उनी २०६३ माघ २६ गते कमल थापा गुट त्यागेर पहिलोपटक राप्रपाको भेलामा आउँदा माओवादीले ज्ञानेन्द्र गुटको हनुमान भन्दै उनलाई कुटपिट गरेका थिए । ■


# रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज

**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**




**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org



रझेना क्याम्पका बसेका विस्थापितहरू

# घर नफर्कने

**रझेनाको शिविरमा बस्दै आएका विस्थापितहरूको क्षतिपूर्ति नपाएसम्म घर नफर्कने मनस्थितिलाई गैरसरकारी संस्थाहरूले जग्गा हडप्ने रणनीति भनेका छन् ।**

■ रुद्र खड्का/नेपालगन्ज (तस्बिर पनि)

महिलाहरू आफ्ना व्यथा साटासाट गरेर समय काट्दै छन्



**सरकार र माओवादीबीच** सहकार्य हुन थालेदेखि नै घर फर्कन हतारिएका दैलेख, बालुवाटारका वीरेन्द्र सिंह माओवादी र सरकारबीच सहकार्य हुन थालेको नौ महिना बितिसक्दा पनि घर फर्कन सकेका छैनन् । उनी त्यस्तो वातावरण तयार नभएको भन्दै तीन वर्षदेखि बस्दै आएको बाँकेको रझेनास्थित शिविरमा अझै विस्थापित जीवन व्यतीत गरिरहेका छन् ।

स्थानीयस्तरमा शिक्षण गरिरहेका बेला माओवादी धम्कीका कारण श्रीमती र तीनजना बच्चाहरूसहित घर छाडेका दैलेखका सिंह मात्र नभई यतिखेर विस्थापितहरूलाई घर फर्कन आह्वान गर्ने माओवादी र सरकारको व्यवहारमा परिवर्तन नआएको भन्दै मध्यपश्चिमका विभिन्न जिल्ला घर भई रझेनास्थित विस्थापित शिविरमा बसोवास गर्दै आएका २ सय द्वन्द्वपीडितहरू अझै घर फर्केका छैनन् । सरकार र माओवादीले सबै विस्थापितहरूलाई गत माघ ७ गतेसम्म घर फर्काइसक्ने सहमति गरेका थिए ।

द्वन्द्वरत पक्षहरूबीच सहमति भई सबैलाई घर फर्कन आह्वान गरिरहेका बेला द्वन्द्वपीडितहरू अझै किन घर फर्कन सकेका छैनन् त ? विसं २०६१ साल भदौ २४ गते माओवादी धम्कीका कारण श्रीमान् र श्रीमतीले गाउँमै गर्दै आएको शिक्षण पेसा र सबै सम्पत्ति छोडी विस्थापित भएका दैलेखका सिंह भन्छन्, 'मौखिक रुपमा माओवादी र सरकारले घर फर्कन भन्दै आए पनि घर फर्केपछि कहाँ बस्ने र कसरी गुजारा गर्ने भन्ने समस्याका कारण अहिलेसम्म घर फर्कन

सकिएको छैन ।' भारतीय सीमा नजिकै नेपालगन्ज छेउमा बस्दा काम गरेर पेट पाल्न सकिने भए पनि सरकारको कुनै सहयोगविना अहिले घर फर्कने हो भने भोकभोकै मर्नुभन्दा अर्को विकल्प हुँदैन । सिंह भन्छन्, 'माओवादीद्वारा क्षतिग्रस्त पारिएका घरलगायत अन्य सम्पत्तिको क्षतिपूर्ति नपाएसम्म घर फर्कन गाह्रो हुन्छ ।'

दोस्रो जनआन्दोलनपछि सहकार्य गरिरहेका सात दलको सरकार र माओवादीले मुलुकमा शान्ति स्थापनाको लागि भन्दै चार महिनाअघि सबै विस्थापितहरूलाई गत माघ ७ गतेसम्म घर फर्काउनु पर्छ भन्ने सहमति गर्नुबाहेक पीडितहरूलाई कुनै सहयोग नगरेको विस्थापितहरू गुनासो गर्छन् । दैलेखकै अर्का विस्थापित दीपबहादुर शाही भन्छन्, 'द्वन्द्वको क्रममा माओवादीले कुनै सानो क्षति पुऱ्याए पनि ठूलो रकम क्षतिपूर्ति लिने नेता र पहुँचवाला व्यक्तिहरूको सरकार तथा आफू सत्तामा गएपछि गरिबहरूको लागि काम गर्छौं भन्ने माओवादीबीचको सहमतिले विस्थापितहरूलाई घर फर्कन सहयोग गरेको छैन ।'

'थोरै सम्पत्ति क्षति हुँदा पनि सरकारी ढुकुटीबाट ठूलो रकम लिएका नेताहरूले समेत माओवादीद्वारा सबै सम्पत्ति लुटपाट गरिएका विस्थापितहरूलाई रित्तो हात घर फर्कनु पर्छ भनिरहेका छन्', चार वर्षअघि विस्थापित भई रझेना शिविरमा बसोवास



गर्दै आएका जाजरकोटका ७३ वर्षीय विस्थापित कृष्णबहादुर शाह भन्छन्, 'माओवादीले गाउँमा ध्वस्त बनाएको घर र अन्य सम्पत्तिको क्षतिपूर्ति नदिएसम्म घर फर्कन सकिदैनँ ।' उनले आफ्ना दुईवटा घरमा माओवादीले बम हानेर ध्वस्त पार्नुका साथै भाँडाकुडा र अन्य सम्पत्ति लुटेर लिएको बताए ।

'केही गैरसरकारी संस्थाहरूले तीन महिनाको लागि चामल र नुन दिएर घर फर्काउन खोजे, तर हामी गाउँ फर्केर कहाँ बस्ने भन्नेबारेमा कसैले वास्ता गरेनन्', द्वन्द्वपीडित लोकेन्द्र शाही गुनासो गर्छन् । 'सरकारले क्षतिपूर्ति कसैलाई नदिने हो भने सानो क्षति भएको निहुँमा ठूलो रकम लिने राजनीतिक दलका नेताहरूबाट त्यो रकम फिर्ता गर्नु पर्छ, हैन भने सबैलाई समान व्यवहार हुनुपर्छ', विस्थापित नरेन्द्र शाही आक्रोश पोख्छन्, 'पहुँचवाले जे गरे पनि हुने, विपन्न जनता सधैं भोकभोकै र समस्यामा मात्रमा किन ?'

स्थानीय प्रशासन लगायत केही गैरसरकारी संस्थाहरूले रझेनास्थित शिविरमा बसोवास गर्दै आइरहेका विस्थापितहरूलाई घरहरू भत्काएर गाउँ फर्कन आग्रह गरे पनि क्षतिपूर्तिको माग गर्दै शिविरमा बस्दै आएका २ सय विस्थापितहरूले एउटा घर माओवादीले ध्वस्त पारेर दुःख दिएझैं अर्को घर पनि भत्काउन नलगाउन त्यस्ता निकायहरूसँग माग गर्छन् । 'गाउँको घर तयार नहुँदासम्म शिविरको घर भत्काउँदैनौं', शाही भन्छन् ।

गत वर्षसम्म माओवादी द्वन्द्वले उग्ररुप लिएको मध्यपश्चिम क्षेत्रका ग्रामीण बस्तीमा कतै माओवादी धम्की त कतै सुरक्षाकर्मीका त्रास अनि कतै द्वन्द्वको दोहोरो चपेटामा परी सर्वसाधारण बढी सताइन थालेपछि सुरक्षित थलोको रुपमा रझेनामा रहेको सरकारी जग्गा कब्जा गरी बसोवास थालेका थिए । द्वन्द्वको मार खप्न नसकेर थुप्रै परिवार एकै ठाउँमा विस्थापित भएपछि विभिन्न संस्थाहरूले त्यस्ता द्वन्द्वपीडितहरूलाई सुरुमा बस्नको लागि शिविर निर्माण र खानेकुराको व्यवस्था गरेका थिए । विसं २०६० सालदेखि सुरु भएको शिविरमा बसोवासको लागि पर्याप्त जमिन नहुँदा नहुँदै पनि मध्य तथा सुदूरपश्चिमका नौ जिल्लाका करिब एक हजारभन्दा बढी द्वन्द्वपीडितहरूले शिविरलाई आश्रयको रुपमा प्रयोग गरेका थिए ।

दोस्रो जन-आन्दोलनपछि सरकार र माओवादीबीच भएको सहमतिले अन्य विस्थापितहरू घर फर्किए पनि दुई सयजनाले भने सरकारसँग क्षतिपूर्ति माग गर्दै शिविर छाडेका छैनन् । शिविरमा बस्दै आएका व्यक्तिहरूका अनुसार त्रासका कारण विस्थापित व्यक्तिहरूलाई घर फर्कन गाह्रो नभए पनि माओवादीले घर ध्वस्त पारेका र अन्य भौतिक सम्पत्ति लुटिएका व्यक्तिहरूलाई भने सहजै घर फर्कन गाह्रो छ ।

तर केही गैरसरकारी संस्थाका व्यक्तिहरू भने अझै पनि शिविरमा बसोवास गरिरहेका व्यक्तिहरू सरकारी जग्गा हडप्न पाइने आशाले शिविर छाड्न नमानेको दाबी गर्छन् । तर द्वन्द्वपीडितहरू भने यस्ता आरोपको प्रतिवाद गर्दै सरकारले माओवादीद्वारा क्षतिग्रस्त पारिएका सम्पत्तिको क्षतिपूर्ति दिनेबित्तिकै जुनसुकै बेला घर फर्कने बताउँछन् ।

एघार वर्षदेखि हिंसात्मक गतिविधि गर्दै आएको माओवादी र सरकारबीच सहकार्य हुन थालेपछि चाँडै घर फर्कन पाइने आशाले हर्षित विस्थापितहरू मुलुक शान्तिको दिशामा अघि बढेको मौखिक रुपमा चर्चा गरिए पनि जनताका पीर पर्का जस्ताको त्यस्तै भएको दाबी गर्छन् । 'यस्तै अवस्था रहे भोलि पीडितहरूले बदलाको बन्दुक नबोक्लान् भन्न सकिन्नँ', विस्थापित लोकेन्द्र शाही भन्छन्, 'कुन कारणले सर्वसाधारणलाई दुःख दिइएको हो भन्ने समेत अहिलेसम्म थाहा छैन ।' सेनामा कार्यरत लोकन्द्रलाई सुरुमा माओवादीले जागिर छोडे केही नहुने बताएका थिए, तर पछि जागिर छोडेपछि परिवारका सबै सदस्यलाई घरमा बस्न नदिएको उनले बताए । 'किन जागिर छोडाए र किन घरमा बस्न दिइएन ?', लोकेन्द्र प्रश्न गर्दै चेतावनी दिन्छन्, 'अहिलेसम्मको क्षतिपूर्ति नदिए अनाहकमा दुःख दिनेहरूलाई छोडिँदैन ।'

निकै छोटो अवधिमा सरकारले ४० करोड रुपैयाँ दिइसक्दा पनि कहिले जाडो भयो त कहिले पानीले भिजायो अनि कहिले खाना नपाएको गुनासो गर्ने माओवादीले जनताका समस्या पनि उठाउन विस्थापितहरू माग गर्छन् ।

शिविरमा बसोवास गरिहेका विस्थापितहरूले भने कहिल्यै कसैको काम गरेर त कहिले कसैको सहयोगमा गुजारा गरिरहेको त कहिले भोकभोकै पनि भइरहेको बताउँछन् । उनीहरूका अनुसार गत दसैंमा एउटा गैरसरकारी संस्थाले चामल उपलब्ध गराउनुबाहेक विगत एक वर्षदेखि कतैबाट सहयोग भएको छैन । राजनीतिक दलका कार्यकर्ता भएको आरोपमा माओवादीबाट समस्या भोगेका विस्थापितहरू यतिखेर बनेको राजनीतिक दलहरूको सरकारसँग बढी रुष्ट छन् । राजनीतिक दलका कारणले दुःख पाएको बताउने विस्थापितहरू राजनीतिक दलहरूबाटै तिरस्कृत भएको बताउँछन् ।

यता जिल्ला प्रशासन कार्यालय बाँकेले विस्थापितहरूलाई घर फर्काउने केन्द्रीयस्तरमा भएको सहमतिअनुसार स्थानीयस्तरमा पनि घर फर्कन आग्रह गरिए पनि हाल विस्थापितहरूलाई घर फर्काउनलाई सहयोग र सम्पत्तिको क्षतिपूर्ति दिने नीति नभएको जनाएको छ । प्रशासकीय अधिकृत तथा जिल्ला प्रशासन कार्यालयका प्रवक्ता कृष्णप्रसाद आचार्य भन्छन्, 'क्षतिपूर्तिको लागि सम्बन्धित जिल्लाहरूमा माग गर्नुपर्छ ।' हाल रझेनास्थित शिविरमा दैलेखका १७, जाजरकोटका २६, सुर्खेत र जुम्लाका ३-३ तथा मुगुका एकपरिवार सहित २ सय विस्थापितहरू बसिरहेका छन् । गत महिनासम्म गाउँ फर्कन चाहनेहरूलाई विभिन्न संस्थाले घर फर्काउन सहयोग गरेका थिए ।

विस्थापितहरूलाई घर फर्काइसक्ने समय निर्धारण गरिएको अवधि गत माघ ७ गते सकिएको अवस्थामा रझेनास्थित शिविरमा बस्दै आएका विस्थापितहरू अब शिविरमै बसिरहन्छन् वा कसैले उनीहरूलाई फर्काउने प्रयास गर्छ । त्यो त हेर्न बाँकी नै छ । सरकारले जेठमा गर्ने भन्दै आएको संविधानसभाको चुनावमा यी विस्थापितहरू घर नफर्केको खण्डमा उनीहरूको भोट खसाल्ने अधिकार निर्वाचन आयोगले कसरी पूरा गर्ने भन्ने अर्को चुनौती पनि थपिएको छ । ■



# लोभलाग्दो विकास

■ सुवास देवकोटा/ग्वाङजाओ, चीन

**चीनको दक्षिणी सहर** ग्वाङजाओको विमानस्थलमा माघ २७ गते बिहान झर्नासाथ सबै नेपाली संचारकर्मीको अनुहारमा आश्चर्यको झल्को देखिन्थ्यो। सहरतर्फ यात्रा अघि बढ्दै जाँदा त्यहाँका फराकिला र सफा बाटा, आकाश छोलान् जस्तै लाग्ने घरहरू, जताततै हरियाली र स्थानीय मानिसहरूमा देखिने सम्पन्नताले नेपाली संचारकर्मीहरूको आश्चर्य र उत्सुकता अझै बढ्दै गएको थियो। पाँच दशकअघि नेपालजस्तै गरिब रहेको चीनको यो सहर अहिले अमेरिका र युरोपका कुनै सहरभन्दा कम देखिँदैन।

सन् ८० को दशकमा खुला अर्थतन्त्र अपनाएपछि सुरु भएको चिनको विकासले त्यहाँ पुग्ने सबैलाई आश्चर्यमा पार्छ। ७० लाख स्थायी र ३० लाख अन्य प्रान्तका गरी एक करोड मानिस बसोवास गर्ने ग्वाङजाओ चीनकै तेस्रो ठूलो सहर हो र चीन सरकारले ग्वाङडुङ प्रान्तको यो राजधानी सहरलाई विदेशी पर्यटकको गन्तव्य बनाउन खोजेको छ। आधुनिक चीनका जन्मदाता सन् यात सेनको यो गृहनगर अहिले हल्का सामानहरूको विश्वकै ठूलो निर्यातक बन्ने क्रममा छ। हङकङबाट यो सहर एक सय ४० किलोमिटर उत्तरमा पर्छ।

हङकङसँगै जोडिएको तथा ग्वाङजाओभन्दा १ सय २० किलोमिटर दक्षिणमा रहेको चीनको मुख्य भूमिको सेनजेन सहरको विकासले त झन् सबैलाई लोभ्याउँछ। खेतैखेत भएको ठाउँमा सन् ८० देखि निर्माण थालिएको सेनजेनलाई चीनले खुलापन अपनाएपछि विकास भएको सबैभन्दा आधुनिक सहर मानिन्छ। विदेशी पर्यटकहरूलाई तान्न चीन सरकारले यहाँ फ्रान्सको इफेल टावरदेखि भारतको आगरामा रहेको ताज महलसम्म सबै विश्वप्रसिद्ध मानव निर्माणको नमुना बनाएको छ। 'विन्डो अफ द वर्ल्ड' नाम दिइएको यो ठाउँमा पुगेपछि सानै आकारमा भए पनि सबै विश्वप्रसिद्ध सहर र भवन देख्न पाइन्छ ।

## प्रकृतिको सदुपयोग

ग्वाङजाओ सहरको बीचबाट बग्ने पर्ल नदीलाई चीन सरकारले गरेको सदुपयोगले प्राकृतिक साधन दोहन गर्ने तरिका सिक्न अन्य मुलुकलाई पनि उत्प्रेरित गर्नसक्छ। बाढीले क्षति नपुऱ्याओस् भनेर नदीको दुवै छेउमा बलियो पर्खाल लगाइएको छ र किनारालाई आकर्षक पार्क बनाएर सजाइएको छ। ग्वाङजाओ पुग्ने पर्यटकका लागि मात्र होइन, स्थानीय बासिन्दाका लागि पनि पर्ल नदीमा पानीजहाजको सयर आकर्षणको विषय बन्ने गरेको छ। नदीतर्फ फर्काएर बनाइएका भव्य महलहरू, साँझमा तिनीहरूले बाल्ने झिलिमिली बत्ती र नदी किनारामा बत्तीले उज्याला पारिएका हरिया रूखहरूले पर्ल नदीको सौन्दर्यमा निखार ल्याउँछ। नेपाली १५ सय रुपैयाँ खर्च गरेपछि एक घन्टा पर्ल नदीमा पानीजहाजको सयर र बेलुकाको खाना व्यवस्थापनले उपलब्ध गराउँछ। सहर सुन्दर बनाउन पर्ल नदीलाई कृत्रिम ढंगले विभिन्न शाखा बनाएर सहरभरि फैलाइएको छ।

समथर भूभागमा रहेको ग्वाङजाउका साना प्राकृतिक टाकुराहरूलाई पनि चीन सरकारले राम्ररी सदुपयोग गरेको छ। सीमित संख्यामा रहेका त्यस्ता टाकुराहरूलाई विभिन्न नाममा पार्क निर्माण गरी सजाइएको छ र तिनीहरू अहिले त्यहाँ पुग्ने



पर्यटकको गन्तव्य बनेका छन् । सडक र सहरको सौन्दर्य बढाउन सडक छेउमा कृत्रिम ढिस्काहरू पनि बनाएको छ तथा बनाइँदै छ । चीन सरकारले कृत्रिमरुपमा निर्माण गरिएका ती ढिस्काहरूलाई प्राकृतिकजस्तै लाग्ने गरी सजाएको पनि छ ।

छ तलासम्म सडक रहेको ग्वाङजाओका कुनै सडक किनारा सुख्खा देखिँदैनन् । किनभने रूखहरू नभएका सडक नै छैनन् । रूखै रूखले भरिएको ग्वाङजाओका सडकका किनारा फोहोर छैनन्, हरेक समय रूखका झरेका पात टिप्न कामदारहरू क्रियाशील देखिन्छन् । सडक छेउका पार्कमा साना आकारका सुन्तला लटरम्म फलेका छन् । सडकभरि सुरक्षाकर्मी नभए पनि तिनलाई बटुवाले टिप्दैनन्, ती फलफूलले सहरको सौन्दर्य बढाएका छन् ।

## खुला समाज

माओपछिका चीनका प्रभावशाली नेता स्वर्गीय देङ सियाओ पिङले अपनाएको खुला आर्थिक नीतिले नमुना आर्थिक क्षेत्र मानिएको ग्वाङजाओको जीवनशैली पूरै पश्चिमी जस्तै बनाएको छ । सरकारले बनाएका आवासगृहहरूमध्ये महँगा र सुविधासम्पन्नमा बस्नु, चीनमै बने पनि विदेशी कम्पनीका कारहरू किन्नु र बिलासी जीवन बिताउन पुग्ने पैसा कमाउनु हरेक चिनियाँको अहिले लक्ष्य बनेको छ । पुँजीवादी प्रतिस्पर्धाले कयौं चिनियाँहरू दर्जनौं कारखानाका मालिक बनेका छन् भने अधिकांश चिनियाँ सुविधासम्पन्न जीवन बिताउन दिनरात काम गरिरहेका छन् । अंग्रेजी महिनाको यो नयाँ वर्षदेखि चीन सरकारले सडक दुर्घटना बढी भएको बताउँदै ग्वाङजाओमा मोटरसाइकललाई प्रतिबन्ध लगाएपछि मोटरसाइकल चढ्नेहरू कार किन्न अत्यधिक मेहनत गरिरहेको एक चिनियाँ उल्लेख गर्छन् ।

खुलापनले चिनियाँ सहरहरूको सामाजिक जीवनमा पनि प्रशस्त परिवर्तन आएको छ । नियमित कसरतले आकर्षक जीउडाल बनाएका युवायुवती नारिएर हिँडेका सहरका सडकभरि देख्न पाइन्छ । पार्क, नदी किनार र सडकमै प्रेमालापमा मग्न चिनियाँ जोडी जताततै देखिन्छ । २७ वर्षअघिसम्म बन्द समाजमा रहेको अहिलेको चीनका अधिकांश सहरी युवाहरू सुटमा सजिएका देखिन्छन् भने युवतीहरू मिनी स्कर्ट तथा कसिलो जिन्स पाइन्टमा ।

खुला समाजले यौन व्यवसायीको संख्या पनि हवात्तै बढेको देखिन्छ । सडकमै महिला यौन व्यवसायीको विज्ञापन/पर्चा बाँड्नेहरू प्रशस्तै भेटिन्छन् । वेश्या कोठीहरू खुला नभए पनि मसाज, डिस्को र पबका नाममा यौन पेसालाई चिनियाँ युवतीहरूले अघि बढाएका छन् ।

प्रहरीले कडा गरेजस्तो गरे पनि यौन व्यवसायलाई सरकारले नियन्त्रण गर्नुभन्दा प्रश्रय दिएको देखिन्छ । चिनियाँहरूका अनुसार यौन व्यवसायमा क्रियाशीलहरूलाई सातामा एकपटक स्वास्थ्य परीक्षण गर्ने व्यवस्था सरकारले मिलाएको छ ।

## नेपालप्रति आकर्षण

माघ २२ देखि ग्वाङजाओ र काठमाडौंबीच नेपालको फक्स ट्राभल्समार्फत 'चाइना साउदर्न एयरलाइन्स'ले साताको दुईपटक उडान सुरु गरेपछि नेपाली पर्यटकलाई चीन र चिनियाँ पर्यटकलाई नेपाल आउन सजिलो भएको छ । यसअघि नेपाल आउने चिनियाँ र चीनको मुख्य भूमि जाने नेपालीले हङकङको बाटो प्रयोग गर्नुपर्थ्यो । पछिल्लो समय चीन सरकारले हङकङको निषेधाज्ञा वितरणमा कडा नीति लिएपछि चीनका अन्य सहर जानु समस्या बनेको थियो । मुख्य भूमिका सहरमा भने निषेधाज्ञामा समस्या नरहेको फक्स ट्राभल्सका प्रकाश बज्राचार्य बताउँछन् ।

यो हवाई सेवा सुरु भएपछि चिनियाँ पर्यटकको संख्या पनि नेपालमा उल्लेखनीय वृद्धि हुने र त्यसले ग्वाङजाओ र काठमाडौंबीचको हवाई सेवाले निरन्तरता पाउन सक्ने फक्स ट्राभल्सको विश्वास छ । वास्तवमा सम्पन्न चिनियाँ अहिले भ्रमणको नयाँ गन्तव्यको खोजीमा छन्, जो सस्तो होस् र आकर्षक पनि । सुन्दर हिमाल, पोखरा, ऐतिहासिक र सांस्कृतिक स्थान तथा लुम्बिनीले चिनियाँहरूलाई आकर्षण गर्न सक्छ । चिनियाँहरूका अनुसार धनाढ्य चिनियाँहरू अहिले मकाउको जुवाघरका नियमित ग्राहक छन् । नेपालका जुवाघरले उनीहरूलाई नतान्ने कुरै छैन ।

तर, चिनियाँ भाषाका नेपाली दोभाषेको कमीले चिनिया पर्यटक भित्र्याउन समस्या पर्न सक्छ । यसैगरी ठेट चिनियाँ स्वादका खाना नेपालका धेरै होटल र रेस्टुराँमा नपाइनु पनि चिनियाँ पर्यटकका निम्ति समस्या बन्न सक्छ भने सुविधासम्पन्न जीवनशैलीमा बानी परेका चिनियाँका निम्ति असुविधाजनक बाटो र मोटरले यात्रालाई नरमाइलो बनाउन सक्छ । ■





राष्ट्रिय खेलकुद परिषद्

# पारदर्शिता कि अपारदर्शिता

**परिषद्ले गत साता नेपाली खेलकुदको ५२ वर्ष लामो इतिहासमै पहिलोपल्ट अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएको खर्चको विवरण सार्वजनिक गरेको थियो**

■ **नवीन अर्याल/काठमाडौं**

**राष्ट्रिय खेलकुद** परिषद्ले दसौं दक्षिण एसियाली खेलकुद (साग) र पन्ध्रौं एसियाडमा नेपाल सहभागी हुँदा पाँच करोड नौ लाख १२ हजार खर्च भएको विवरण सार्वजनिक गरेको साता दिन पनि बित्न नपाउँदै हिसाब पारदर्शी नभएको भन्दै विवाद उत्पन्न भएको छ ।

आफूलाई माओवादी निकट भन्ने राष्ट्रिय गणतान्त्रिक खेलकुद संगठनले परिषद्ले सार्वजनिक गरेको हिसाब अपारदर्शी भएको र दोष पन्छिएर हिँड्ने पुरानै परिपाटीलाई अहिलेको परिषद्ले निरन्तरता दिएको भन्दै हालै परिषद्ले सार्वजनिक गरेको खर्चको विवरण अपुग भएको बताएको छ ।

'हामीले मुख्य दुई कुरालाई ध्यानमा राखेर बजेट सार्वजनिक गर्न अल्टिमेटम दिएका थियौं', संगठनका अध्यक्ष ध्रुवविक्रम मल्लले समयसँग भने, 'पहिलो, तयारीदेखि सहभागितासम्मको हिसाब सार्वजनिक गर्ने र दोस्रो, यी प्रतियोगितामा सहभागी सबै (खेलाडी र गैरखेलाडी) व्यक्तिहरूको नाम सार्वजनिक गर्ने ।' उनले यी दुवै कुरा परिषद्ले गर्न नसकेको आरोप लगाए । 'परिषद्ले सबै शीर्षकमा पैसा बढाएर राखेको ठहर हामीले गरेका छौं । फेरि, प्रतियोगितामा मान्छे आफूले पठाउने र दोष नेपाल ओलम्पिक कमिटीतर्फ पन्छाउने नियत ठिक भएन', उनले भने ।

परिषद्ले गत साता नेपाली खेलकुदको ५२ वर्ष लामो इतिहासमै पहिलोपल्ट अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएको खर्चको विवरण सार्वजनिक गरेको थियो । परिषद्ले सार्वजनिक गरेको रिपोर्टमा ६ महिनाअघि श्रीलंकाको राजधानी कोलम्बोमा आयोजना भएको दसौं सागमा ४ करोड ११ लाख ९३ हजार १ सय ८८ रुपैयाँ ९५ पैसा खर्च देखाइएको छ । भदौ २ देखि १२ गतेसम्म आयोजना भएको दसौं सागमा नेपालले १८ खेलमा भाग लिएको थियो, जसमा २ सय ११ खेलाडी सहभागी थिए । परिषद्ले पहिलोपल्ट सार्वजनिक गरेको रिपोर्टमा सागमा खेलाडी, प्रशिक्षक, व्यवस्थापक, निर्णायक, पत्रकार, पदाधिकारी र अफिसियलहरू गरेर कुल ३ सय १५ जना सहभागी भएको जनाइएको छ । दसौं सागका लागि नेपाल सरकारबाट ४ करोड र नेपाल ओलम्पिकबाट १५ लाख १४ हजार २ सय रुपैयाँ प्राप्त भएको, जसमा १ करोड १३ लाख ४७ हजार तयारीतर्फ र २ करोड ९८ लाख ४६ हजार सहभागितामा खर्च भएको बताएको छ । दुई महिनाअघि सम्पन्न दोहा एसियाडमा भने कुल ९७ लाख १९ हजार १२ रुपैयाँ ४६ पैसा खर्च भएको परिषद्ले जनाएको छ, जसमा सरकारले १ करोड निकासी गरेको र नेपाल ओलम्पिक कमिटीले ११ लाख सहयोग गरेको बताइएको छ । १४ खेलमा ४९ खेलाडी सहभागी भएको दोहा एसियाडमा प्रशिक्षक, व्यवस्थापक, निर्णायक, पत्रकार र अफिसियल तथा पदाधिकारी गरी कुल १ सय १ जना सहभागी भएका थिए । परिषद्ले दोहा एसियाडका लागि तयारीतर्फ ४१ लाख ४ हजार र सहभागितातर्फ ५६ लाख १४ हजार खर्च भएको जनाएको छ । 'आर्थिक कुरामा हामी स्पस्ट छौं', गणतान्त्रिक संगठनको आरोप खण्डन गर्दै परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठ भन्छन्, 'हामीले आर्थिक

# कठारलाई उपाधि

**अखिल नेपाल** तेक्वान्दो संघ (एन्टा) आबद्ध चितवनका न्यु खैरहनी, नमुना र इन्द्रेणी तेक्वान्दो डोजाङको आयोजना तथा एन्टा



भार परेको हिसाब सार्वजनिक गरेका हौं । यसमा पनि उहाँहरूको कुनै आपत्ति छ भने त्यो कुरा राख्न सक्नु हुन्छ ।'

उनले दसौं सागका बेला कति रेफ्री र पदाधिकारीहरू अन्तर्राष्ट्रिय निम्तो र आफ्नै पहलले त्यता गएको र ती व्यक्तिहरूमाथि परिषद्को आर्थिक भार नपरेको हुनाले नाम सार्वजनिक गर्न नमिलेको स्पष्ट पारे । 'नेपाल ओलम्पिक कमिटीबाट कति गए, त्यो ओलम्पिककै बुझ्न सल्लाह दिन्छु', उनले भने । नेपाल ओलम्पिक कमिटीले पनि आफूहरूले नेपाल सरकारको पैसा खर्च गराएर कुनै असम्बन्धित मान्छेलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा नपठाएको दाबी गरेको छ । 'साग र एसियाड हाम्रो चार्टरमा पर्ने गेम हो । त्यसैले कार्यसमितिका पदाधिकारीहरू गएको कुराबाट विवाद उत्पन्न गर्न खोजिएको हो भने यो वाहियात कुरा हो । अर्को बक्सिङ, भारोत्तोलन र सुटिङमा राखेपको पैसा खर्च नगराईकन खेलसँगै सम्बन्धित मान्छे हामीले आफ्नो खर्चमा पठाएका हौं', नेपाल ओलम्पिक कमिटीका अध्यक्ष रुक्मशम्शेर राणाले समयलाई भने । ■

# कर्मचारी समितिलाई आत्मबल

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले एक महिनाअघि कर्मचारी बढुवासम्बन्धी गरेको निर्णयलाई तत्काल लागू नगर्न सर्वोच्च अदालतले आदेश दिएपछि जिल्ला खेलकुद विकास समिति मोरङ र विभिन्न प्रशिक्षण केन्द्रहरूमा लामो समयदेखि लागेको ताला सोमवार खुलेको छ । राष्ट्रिय खेलकुद परिषद्ले गरेको कर्मचारी बढुवा चित्तबुझ्दो नभएको र बढुवामा जिल्लाका कर्मचारी तथा प्रशिक्षकहरूलाई उपेक्षा गरिएको आरोप लगाउँदै मोरङ जिल्ला खेलकुद व्यवस्थापन कर्मचारी समितिले ३५ दिनअघि कार्यालय तथा प्रशिक्षण केन्द्रहरूमा तालाबन्दी गरेको थियो । 'परिषद्ले जिल्लाका कर्मचारीहरूलाई ठूलो अन्याय गऱ्यो । अदालतको यो फैसलाले हामीले न्याय पाएका छौं', कर्मचारी समितिका सचिव रञ्जन थापाले समयलाई भने ।

राखेपले जिल्लाको खेल गतिविधिलाई उपेक्षित गरेको भन्दै कार्तिकको अन्त्यतिर विराटनगरमा फुटबल प्रशिक्षक सन्तोष बानियाको अध्यक्षतामा मोरङ जिल्ला खेलकुद व्यवस्थापन कर्मचारी समिति स्थापना भएको थियो । 'हामी न्याय नपाएसम्म परिषद्सँग लड्न तयार छौं', उनले भने । कर्मचारी समितिले आफ्नो स्थापनाको छोटो अवधिमै परिषद्मा कार्यरत कर्मचारीहरूको सञ्चयकोष नौ महिनादेखि बैंकमा दाखिला नगरेको तथ्य सार्वजनिक गर्दै सनसनी मचाएको थियो ।

■ **नवीन अर्याल/विराटनगर**

चितवन जिल्लाको सक्रियतामा प्रथम आमन्त्रण राष्ट्रिय तेक्वान्दो प्रतियोगिता सम्पन्न भयो । माघ २७ र २८ गते गरी दुई दिनसम्म सञ्चालित यस प्रतियोगितामा आयोजक चितवन, सर्लाही, धनगढी, काठमाडौं, नुवाकोट र पोखराका विभिन्न तौल समूहका कुल ५ सय खेलाडीले भाग लिएका थिए । खेलाडीहरूको ठूलो उपस्थितिका कारण तीन चरणको खेल ६ मिनेट खेलाइने पूर्व निर्धारित कार्यक्रमलाई ३ मिनेटमा झारिएको थियो ।

'तेक्वान्दोमा लागेर ठगी गर्नेका विरुद्धको अभियान' भन्ने मूल नारासहित सञ्चालित यो प्रतियोगिता सर्वाधिक ५ स्वर्ण जित्दै कठार डोजाङ प्रथम भयो भने तीन स्वर्ण जितेको न्यु चितवन दोस्रो भयो । शाही शासनकालमा प्रतिबन्ध खेपेको एन्टाले लोकतन्त्रबहालीसँगै यसै वर्ष चितवनमा जिल्लास्तरीय प्रतियोगिता आयोजना गरेको थियो । चितवनमा एन्टाको यो दोस्रो कार्यक्रम हो । एन्टा महासचिव एवं अन्तर्राष्ट्रिय रेफ्री अनुयाज गौतमले आयोजना पूर्व विभिन्न तत्त्वहरूले प्रतियोगिता भाँड्न खोजे पनि प्रतियोगिता सफलताका साथ सम्पन्न भएकोमा खुसी व्यक्त गरे । एन्टा चितवन जिल्ला अध्यक्ष राजमान तामाङले चितवन जिल्लाका तेक्वान्दो डोजाङहरू अहिले पूर्णरुपमा एन्टाको आबद्धतामा सञ्चालन भइरहेको र आगामी वर्ष सौराहामा नेपाल, भारत र भुटानको मैत्रीपूर्ण प्रतियोगिता सञ्चालन गर्ने लक्ष्य रहेको बताए । ■





# महिला पनि के कम ?

**धनुषवाण हान्ने** र सिकार खेल्ने जस्ता काम हजारौं वर्षअघिबाट पुरुषहरूले गर्दै आए । मानवीय सभ्यता दोस्रो सहस्राब्दी टेकिसकेपछि बल्ल नेपाली महिलाहरूका कोमल हातले पनि तीर समाउन थालेको छ । पोखरामा गत साता मात्रै पोखरामा देशमै पहिलो पटक महिलाहरूको मात्रै आर्चरी प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगिताको पहिलो उपाधिमा कब्जा जमाएर हिमालय आर्चरी क्लब काठमाडौंकी अनिता गुरुङ च्याम्पियन बनिन् ।

अठार फिट आर्चरी च्याम्पियनसिपमा अनिताले ४ डोरमा १२ शर हिर्काई एक सय आठ अंक बटुलेकी थिइन् । यसअघि पोखरामा पटक पटक यस्ता प्रतियोगिता हुँदै आएका हुन् । यसपटक भने अन्नपूर्ण आर्चरी क्लबले यस्तो चाँजोपाँजो मिलायो जहाँ महिलाहरूले पनि प्रतिस्पर्धा गरे । प्रतियोगितामा शान्ति शेरचन दोस्रो भएकी थिइन्, जो आयोजक क्लबकै सदस्य हुन् । उनले ७४ अंक बटुलेकी थिइन् । तेस्रो भने ४६ अंक ल्याएकी सुजना गौचन भइन्, तर महिलाहरूबीचको प्रतिस्पर्धामा भने गैर थकाली र गैर मगर जातकी अनिता गुरुङले बाजी मारेकी हुन् ।

महिलाहरूबीचकै प्रतिस्पर्धा भए पनि अन्तर्राष्ट्रिय आर्चरी फिटाको नियमानुसार खेलाइएको अन्नपूर्ण आर्चरी क्लबका सचिव योगेन्द्र शेरचनले बताए । पहिलो पटक खास उल्लेख्य संख्या नभए पनि पछि पछिलाई भने उत्साहित भएका छन्, आयोजकहरू । शेरचन भन्छन्, 'अब आगामी वर्षहरूमा महिलाहरूका प्रतियोगिता गर्न छुटाउँदैनौं ।' अहिले केवल ६ जना मात्रै सहभागी भएकोमा अर्को वर्ष भने २ दर्जन संख्या पुग्ने विश्वास आयोजकले राखेका छन् । त्यसका लागि प्रशिक्षण पनि दिइने भएको छ ।

उता यसै सन्दर्भमा पुरुषहरूको समेत प्रतियोगिता पनि पोखरामा भएको थियो । यद्यपि, चर्चा र चासो भने पुरुषहरूको प्रतिस्पर्धाभन्दा महिलाहरूकाले नै बढी पायो । धनुषवाण पछिल्ला शताब्दीहरूमा थकाली जातिले आफ्नो पर्वका बेला खेलका रुपमा खेल्दै आएका छन् । त्यसपछि धौलागिरीका मगर जातिले पनि खेल्छन्, धनुषवाण । पुरुषतर्फको प्रतिस्पर्धामा खगेन्द्र मल्लले बाजी मारेका थिए । थकाली र मगर जातिमा प्रशस्त खेलिने यो खेलमा ती जातिबाहेका मल्लले आफूलाई अब्बल सावित गरिदिएका हुन् । उनको पछि परेका थिए, प्रेम मगर । मल्लले ९७ र मगरले ८७ अंक ल्याएका थिए । त्यसैगरी तेस्रो स्थान हेमन्त गौचन भए । उनले भेट्रान्सतर्फ भने पहिलो बाजी मारे ११४ अंकका साथ । वसन्त गौचन साकुरा र गोविन्द गौचन क्रमशः तेस्रो भएका थिए ।

त्यसैगरी सामूहिक प्रतिस्पर्धामा आयोजक अन्नपूर्ण आर्चरी क्लब नै टिम च्याम्पियनको पगरी गुथ्न सफल बन्यो । काठमाडौंको हिमालयन आर्चरी क्लब र नेपाल मगर संघ कास्की क्रमशः दोस्रो र तेस्रो बनेका थिए । १८ मिटरको फिटा आर्चरीलाई इन्डोर गेम मानिन्छ ।

■ **केशव लामिछाने/पोखरा** (तस्बिर : सुदर्शन रञ्जित)



# सूक्ष्म जीवविज्ञानसम्बन्धी प्रयोगात्मक पहुँच

'प्र्याक्टिकल एप्रोच टु माइक्रो बायोलोजी' नामक पुस्तक लिएर देखा परेका छन्, सरिता मानन्धर र सपना शर्मा। लामो समयदेखि शिक्षण क्षेत्रमा संलग्न लेखिकाद्वय मानन्धर र शर्माले




सूक्ष्म जीवविज्ञानका विभिन्न पाटाहरूसम्बन्धी चर्चा गरेका छन्।

हालसम्म नेपालमा सूक्ष्म जीवविज्ञानबारे कमै पुस्तक लेखिएका छन्। त्यस क्षेत्रका अन्वेषक, अध्येता र जिज्ञासुहरू विदेशी लेखकका विभिन्न पुस्तकहरू चहार्नुपर्ने अवस्थामा उक्त किताबले

सहज बनाइदिएको छ।

यस पुस्तकमा सूक्ष्म जीवविज्ञानका कृषि, खाद्यपदार्थ, चिकित्सा, वातावरणलगायतका विभिन्न क्षेत्र समेटिएका छन्। पुस्तकमा सूक्ष्म जैविक प्रविधि, जीव रसायनको बारेमा पनि जानकारी दिइएको छ।

प्रस्तुत पुस्तक ६ खण्डमा विभाजन गरिएको छ। प्रथम खण्डमा सामान्यतया सूक्ष्म जीवविज्ञानमा आवश्यक वैज्ञानिक उपकरण, जीवरसायन परीक्षण, नयाँ नयाँ ब्याक्टेरिया र ढुसीको पहिचान, जैविक उत्पादनमा पर्ने वातावरणीय प्रभावहरूको बारेमा चर्चा गरिएको छ।

दोस्रो भागमा सूक्ष्म जैविक रसायन र सूक्ष्म जैविक प्रविधिका बारेमा जानकारी दिइएको छ।

तेस्रो खण्डमा कृषि क्षेत्रसँग सम्बधित सूक्ष्म जीवविज्ञान, चौथो खण्डमा खाद्यपदार्थसम्बन्धित सूक्ष्म जीवविज्ञान, पाँचौं भागमा चिकित्सा क्षेत्रमा प्रयुक्त सूक्ष्म जीवविज्ञान र छैटौं परिच्छेदमा वातावरणीय सूक्ष्म जीवविज्ञानसम्बन्धी प्रशस्त जानकारीहरू दिइएको छ।

प्रस्तुत पुस्तक जीवविज्ञानका विद्यार्थीहरूलाई लक्षित गरी लेखिएको भए जिज्ञासुहरूका लागि पनि उत्तिकै लाभदायक देखिन्छ।

■ डिल्ली आचार्य

# सञ्चारकर्मीका लागि निर्देशिका

सञ्चारकर्मीहरूलाई बरोबर तालिम दिइरहने सञ्चारगृह र अन्य संघसंस्थाका लागि तालिम निर्देशिका नेपाली पत्रकारिता क्षेत्रमा खड्केको वस्तु हो। पत्रकार मोहन मैनाली, हस्त गुरुङ, महेन्द्रकान्त मैनाली र रामकृष्ण रेग्मी जस्ता पत्रकारिता क्षेत्रका दिग्गजहरूको प्रयासमा विश्व परिदृश्य नेपालले 'निष्पक्ष र सन्तुलित समाचार सम्प्रेषण तथा आधारभूत सञ्चार व्यवस्थापन तालिम निर्देशिका' पुस्तक सार्वजनिक गरेको छ।




नेपाली पत्रकारिता क्षेत्रमा निष्पक्ष पत्रकारिता अभाव यद्यपि अहिले पनि खड्केको छ। अझ भन्ने हो भने मुलुकमा चलेको जनयुद्धमा निष्पक्ष पत्रकारिताले अनेक आरोह अवरोह खेप्नु पऱ्यो। कसरी द्वन्द्वताका समाचार संकलन गर्नुपर्छ भन्ने सामान्य जानकारी पनि नभएका नेपाली पत्रकारहरू द्वन्द्वमा रिपोर्टिङका लागि होमिनु पऱ्यो। पत्रकारिता क्षेत्र सधैं निष्पक्ष पत्रकारिता कसरी गर्ने भन्ने अँध्यारो बादलमा मडारिएर समाचार संकलन गर्नु पऱ्यो। यसैको अभावलाई पुरा गर्न विश्व परिदृश्य नेपालले नयाँ पुस्तक सार्वजनिक गरेको हो।

पत्रकारिताका मूल्य मान्यतालाई समेटेको उक्त पुस्तकमा द्वन्द्वको राष्ट्रको चौथो अंग मानिएको पत्रकारको भूमिका कस्तो हुनु पर्छ भन्ने जानकारी पनि समेटिएको छ। द्वन्द्व र हिंसाको अवधारणा, द्वन्द्वका बेला शान्ति पत्रकारितालाई कसरी अँगाल्ने, अन्तर्राष्ट्रिय मानवीय कानुन र पत्रकारिता, निष्पक्ष समाचार सम्प्रेषण कसरी गर्ने र आमसञ्चारमाध्यमको व्यवस्थापनको बारेमा गहिरो विश्लेषण उक्त निर्देशिका किताबमा समेटिएको छ।

पत्रकारिता तालिम विधि र पत्रकारिताका मूल्य र मान्यतालाई मात्र होइन, एउटा सञ्चारमाध्यम फस्टाउनलाई व्यवस्थापनको कत्तिको महत्त्वपूर्ण भूमिका हुनुपर्छ र हुन्छ भन्ने सत्यता पनि किताबले उजागर गरेको छ।

■ ज्योति देवकोटा



किताब : विश्व प्रसिद्ध व्यंग्य कथाहरू
लेखक : गोपीकृष्ण काफ्ले
पृष्ठ : १७२
मूल्य : रु १२५।-
प्रकाशक : महन्त श्रेष्ठ



किताब : नयी नेपाली कविताएँ
कथाकार : रामदयाल राकेश
पृष्ठ : १३६
मूल्य : रु २००।-
प्रकाशक : सफारी नेपाल




किताब : शची शोक
लेखक : वैरागी जेठा
पृष्ठ : ६०
मूल्य : रु १००।-
प्रकाशक : रीता अधिकारी



किताब : शान्तिक्षेत्र भित्रको ज्वाला क्षेत्र
लेखक : भीमबहादुर शाही 'अशोक'
पृष्ठ : ६७
मूल्य : रु ५५।-
प्रकाशक : श्रीमती रीता शाही

# अनुहार खोजिरहेछ रामभरोस

■ श्रवण मुकारुङ

एक्काइसौं शताब्दीको एकदिन
लोकतन्त्रको सादा ऐना अगाडि उभिएको रामभरोस
अचानक आहत भयो !

चार्ल्स डार्बिनको चौथो अनुहार खोइ ?
खोइ यौटा मानिस पृथ्वीको ?
समयको यति लामो, क्रूर र छली यात्रामा
कतै खसेछ आफ्नो अनुहार
रामभरोस आहत भयो !
क्रोधाग्निले बलेका उसका दुई आँखा
अहिले
हिँडिरहेछ आफ्नो अनुहार खोज्न ।

पहाडको कुनै प्राथमिक विद्यालयमा पढ्ने बालिकाले
हराएको किलिप
सम्भवतः
भेट्न सकिन्छ, घरदेखि स्कुलसम्मको गोरेटोमा
सहरमा हराएका कुनै प्रौढ मानिस
भेटिन सक्छ-
पाटीमा, प्रहरीमा, अस्पतालमा
अथवा मृत, कुनै छिँडीमा
शीतलहरले निलेको यो देहातमा
कता खोज्नु आफ्नो अनुहार ?
तर व्यग्र रामभरोस
हिँडिरहेछ आफ्नो हराएको अनुहार खोज्न ।

मधेसको यो भावरमा
उसका कयौं गतिशील पाइला
उसकै पसिनाको प्रचण्ड रापले पग्लिरहेको छ
उसले खेलाएको माटो, खेत र पानीमा जमेको-
उसकै बाक्लो रगतले
उसको आँसुको इनार
र दुःखका आहालहरूलाई सिम्सार बनाइरहेको छ
यी रूखहरूमा बारम्बार काँपिरहने बतासको दृश्य
उसको हो
यो अनन्तसम्म फैलिएको सपनाको क्षितिज
र सभ्यताको मैदान उसको हो
तर अहँ कहीँ छैन उसको अनुहार
यौटा श्रापित भूमिझैं यस उष्ण-प्रदेशमा
धानको लहलहाउँदो बाला नयाँ चौधरी भएर
मुस्कुराइरहेको छ
तोरीको लर्किएको फूल नयाँ जमिनदार भएर
मुस्कुराइरहेको छ

उसलाई थाहा छ त्यो अनुहार उसको होइन
पर...
गइरहेको बयलगाडामा को छ ?
को छ त्यहाँ ...?
हेऱ्यो उसले, अहँ छैन अनुहार
प्रत्येक सूर्योदयदेखि सूर्यास्तसम्म
मात्रै बयलगाडा-
गइरहेछ - गइरहेछ ।

एक्काइसौं शताब्दीको एक दिन
लोकतन्त्रको सादा ऐनाअगाडि अभिएको रामभरोस
अचानक स्तब्ध भयो !
कहाँ खस्यो मेरो अनुहार ?
औलोसित जुध्दा नजुध्दै खस्न सक्छ अनुहार
ऊ इतिहासको घना जंगलहरूमा पस्न खोजिरहेछ
बाढीसित भिड्दा-भिड्दै खस्न सक्छ अनुहार
ऊ वर्तमानका नदी र खोलाका मुहानहरूलाई
सोध्न खोजिरहेछ
मालिस गर्दा-गर्दै
मालिकका पिठ्यूँहरूमा खस्न सक्छ अनुहार
उसलाई, मालिकहरूसित बात गर्नु छ
पालिस लाउँदा- लाउँदै
मानिसका गोडाहरूमा खस्न सक्छ अनुहार
उसलाई मानिसहरूसित बात गर्नु छ
लोकतन्त्रको सादा ऐनाअगाडि उभिएर रामभरोस्
अहिले,
खोज्दै छ आफ्नो हराएको अनुहार ।

अचम्म !
जन्मौंजन्म कमैया बस्नेहरूसित छैन आफ्नो अनुहार
अचम्म !
जन्मौंजन्म कमलरी बस्नेहरूसित पनि छैन आफ्नो अनुहार
अचम्म !
जन्मौंजन्म बदिनी हुनेहरूसित पनि छैन आफ्नो अनुहार
लौ के भयो यो ?
कहाँ हराए यहाँका यी मेरा प्रियजनहरूले आफ्नो अनुहार
रामभरोस हैरान भयो !

यो सगरमाथाको फेदीमा
उसले छिचोलेका दुःखका बाक्ला डोबहरू
जहीँकहीँ छन्
हलिया, कुल्ली वा कामदार भएर गुजारेका
अत्यासलाग्दा युगका जिउँदा विम्बहरू जहीँकहीँ छन्
तर छैन उसको अनुहार
र ऊ खोजिरहेछ त्यो अनुहार


एक्काइसौं शताब्दीको एक दिन
लोकतन्त्रको सादा ऐनाअगाडि उभिएको रामभरोसले
अचानक ऐनाभरि देख्यो-
आफूजस्तै अनुहार हराएका लाखौंलाख रामभरोसहरू
रामभरोस उत्तेजित भयो !

उसले छाम्यो रङ फागुको
तर देखिएन कुनै रङमा उसको अनुहार
उसले पियो रङ माघीको
तर भेटिएन कुनै गीतमा उसको अनुहार
नजिकै
आकाश छोएर उभिएका पहाडका अहम्हरूलाई कुल्चिँदै
क्रोधाग्निले बलेका दुई आँखा लिएर
लोकतन्त्रका सादा ऐना अगाडि उत्तेजित रामभरोस
मेरा साम्नु उभियो र भन्यो उसले-

'ए कवि !
मैले फालेँ तिम्रो प्रियकविलाई
मैले टुक्र्याएँ प्रियकविको सालिकलाई
बुख्याँचाझैं मेरा साम्नु कसले उभ्यायो तिम्रो कविलाई ?
ए कवि !
जुन दिन उभियो तिम्रो कवि
त्यही दिन हराएँछु मैले मेरो अनुहार !
ए कवि ! ए नयाँ कवि !!
खोज मेरो अनुहार तिमी तिम्रो कवितामा
आजै खोज ! अहिल्यै खोज !!
अनि राखुँला तिम्रो सालिक मेरो हृदयमा ।'

एक्काइसौं शताब्दीको एक दिन
लोकतन्त्रको सादा ऐनाअगाडि उभिएको रामभरोस
अचानक मानिस भयो !
लोकतन्त्रको सादा ऐनापछाडि उभिएको नयाँ कवि म
अचानक सालिक भएँ !

# ५६ वर्षपछि फर्किंदा




**राणाशासनका बेला** आफ्नो सुरिलो गलाको माध्यमबाट क्रान्तिको बीउ रोपेर आफ्नो गायन कार्यलाई अगाडि बढाएकी थिइन्, रानुदेवीले। मुलुकमा प्रजातन्त्र उदाएपछि क्रान्तिको बीउ रोप्ने यिनै गायिका नेपाली सांगीतिक क्षेत्रबाट एकाएक हराएकी थिइन्। ५६ वर्षसम्म ओझेलमा परेकी उनै गायिकाको नेपाली सांगीतिक क्षेत्रमा पुनरागमन गराइएको छ, पत्रकार शंकर खरेलको सक्रियतामा। खरेल, सुमित खड्का र विराटनगरका युवाहरूको पहलमा रानुदेवीको जीवनशैलीमा आधारित डकुमेन्ट्री बनाएर सार्वजनिक गरिएको छ।

राणाशासनका बेला क्रान्तिका गीत गाउनु रानुदेवीका लागि असुरक्षित अवस्थाको सिर्जना गर्नु मात्र थिएन, सामाजिक चुनौतीको पनि त्यत्तिकै सामना गर्नु परेको थियो। तर, उनको गला कहिल्यै डगमगाएन। जब मुलुकमा प्रजातन्त्रको उदय भयो तब एकाएक क्रान्तिका गीतहरूको बीउ रोपेर मुलुकलाई राणाशासनको दलदलबाट मुक्त हुन आन्दोलनमा होमिन प्रेरित गर्ने यिनै गायिका नेपाली रंगमञ्चबाट टाढिइन्।

त्यसपछि शिक्षिकाका रुपमा बितेको उनको जीवनशैली र ओझेलमा परेको उनको प्रतिभाको खोजी कहीँ कतैबाट भएन। उनको गलाले नेपाली सांगीतिक क्षेत्रका लागि दिएको योगदान मधुरो बन्दै गयो। शिक्षण पेसामा बाहेक अन्त कतै रानुदेवी सार्वजनिक भइनन्। उनको परिचय विस्तारै ओझेलमा पर्दै गएको अवस्थामा जनआन्दोलन-२ को मौका छोपेर उनको जीवनमा आधारित डकुमेन्ट्री बनाइएको हो, पत्रकार खरेलको सक्रियतामा। सात सालको क्रान्तिमा उनका गीतले विराटनगरका सर्वसाधारणलाई आन्दोलनमा सक्रिय हुन बल मात्र पुगेन। बनारसमा पुगेका नेपालीहरूलाई समेत राणाशासनविरुद्ध उनका गीतले जोस थप्ने गर्थे। शिक्षिकाका रूपमा आफ्नो जीवनयापन गरिरहेकी रानुदेवी पत्रकार खरेल र विराटनगरका युवाहरूको योगदानले इतिहास बोकेकी गायिका नेपाली सांगीतिक आकाशमा पुनः सक्रिय भएकी छन्।

उनको विगतदेखि वर्तमानसम्मको अवस्थालाई समेटिएको डकुमेन्ट्री '५६ वर्षपछि...' मा सन्ताउन्न वर्षसम्म सांगीतिक क्षेत्रबाट टाढा रहेकी रानुदेवीको जीवनशैलीलाई पत्रकार खरेलकै परिकल्पनामा निर्माण गरिएको हो।

ज्योति देवकोटा/काठमाडौं ■



भास्कर ओझा

# गजबको 'पर्सनालिटी'

**चितवनका चन्दन** अग्रवालले छोटो समयमै आफूलाई अन्तर्राष्ट्रिय मोडलको रुपमा स्थापित गरेका छन्। पुरुष मोडलहरूको लागि सबैभन्दा प्रतिष्ठित मानिने अन्तर्राष्ट्रिय 'म्यान हन्ट' प्रतियोगितामा चन्दनले उत्कृष्ट 'पर्सनालिटी'को उपाधि जितेका छन्। विश्वका ५१ राष्ट्रका पुरुष मोडलहरू सहभागी यस प्रतियोगितामा भाग लिन चन्दन दुई साताअघि दक्षिण कोरियाको राजधानी सिओल पुगेका थिए। उनलाई विश्वका पन्ध्र प्रतिष्ठित निर्णायकहरूले उत्कृष्ट व्यक्तित्वका लागि मनोनीत गरेका थिए। 'यो मेरो लागि मात्र होइन, देशकै लागि गौरवको कुरा हो', गत वर्षदेखि मोडलिङमा उदाएका चन्दनले मंगलवार काठमाडौं फर्किएपछि समयलाई प्रतिक्रिया दिए।

चितवनको रेसिडेन्सी कलेजमा बिबिएस पाँचौं सत्रमा अध्ययनरत २१ वर्षीय चन्दन आफ्नो दाजु कञ्चन अग्रवालको प्रेरणाले मोडलिङ क्षेत्रमा प्रवेश गरेका थिए। चन्दनका दाजु कञ्चनले सन् २००३ को अन्तर्राष्ट्रिय 'म्यान हन्ट'को छनोटका लागि काठमाडौंमा सम्पन्न नेपाल 'म्यान हन्ट'मा भाग लिएका थिए, जसमा उनले 'मिस्टर ट्यालेन्ट'को उपाधि जितेका थिए। चितवनको मेन बजारमा खाद्यान्नको व्यापार सम्हालेर बसेका चन्दनले यो प्रतियोगितामा भाग लिनका लागि ९० केजी तौल घटाएर ७२ केजीमा झारेका थिए। 'केही न केही जित्ने आशा गरेको थिएँ, तर यही भन्ने थिएन', ५ फिट १० इन्च अग्ला शाकाहारी मोडलले भने। उनी कृष्ण प्रणामी धर्ममा विश्वास राख्छन्। यो प्रतियोगिताअघि उनले कहिले पनि परिवार छोडेर बाहिर रात बिताएका थिएनन्। 'खानाको समस्या पऱ्यो, प्रतिस्पर्धा निकै गाह्रो थियो', उनले भने।

नेपालले यसअघि अन्तर्राष्ट्रिय 'म्यान हन्ट' प्रतियोगितामा दुईपल्ट सहभागिता जनाएको थियो, जसमा खाली हात फर्किएको थियो। सन् १९९४ मा प्रशान्त ताम्रकारले पहिलोपल्ट यो प्रतियोगितामा भाग लिएका थिए। पछिल्लोपल्ट सुरीत ज्योतिले भाग लिएका थिए।

**■ नवीन अर्याल/काठमाडौं**



# हिउँमय भ्यालेन्टाइन डेमा क्यान्डललाइट डिनर

श्याम श्रेष्ठ

फागुन २ मा काठमाडौंमा मात्र होइन, मुलुकका अधिकांश पहाडी भेगमा हिमपात भयो

**राजधानीमा भ्यालेन्टाइन** डेकै दिन सातघन्टे लोडसेडिङ सुरु भएको थियो। फागुन पहिलो साताको झरीले सम्भवतः संसारकै कमजोरमध्ये एक काठमाडौंको विद्युत् प्रणाली लोडसेडिङका अतिरिक्त पनि पटकपटक असफल भइरहेको थियो, झर्कोलाग्दो गरी बेला-बेला भ्यापभ्याप निभिरहेको बत्तीले राजधानीको चिसो दिन अझ चिस्याइरहेको थियो।

ह्याङ आउटका लागि सहरमै चर्चित मानिएका दरबारमार्ग, ठमेल र बानेश्वरका रेस्टुराँहरूमा विद्युत्को ब्याकअप नभए पनि भ्यालेन्टाइन डेका जोडीहरूलाई कुनै परवाह भइरहेको थिएन। उल्टै उनीहरू वेटरलाई आफ्नो टेबुलमा मैनबत्ती नल्याउन भनिरहेका थिए। कतिपय सस्तो दरमै क्यान्डल लाइट डिनर (अँध्यारा खालका रेस्टुराँमा लन्च, कफी, मोमो पनि) हासिल भएकामा मख्ख पनि परिरहेका थिए। भ्यालेन्टाइन डेकै दिन पारेर लोडसेडिङ अवधि बढाउने विद्युत् प्राधिकरणको निर्णय पनि सायद ठिकै थियो, जसले प्रेमजोडीहरूलाई क्यान्डल लाइट डेटिङको मौका जुराइदिएको थियो।

झरी र लोडसेडिङले चिसिएको मौसम भ्यालेन्टाइन जोडीहरूका लागि राम्रैसँग फापेको थियो। झरीले सडक सुनसान थियो र रेस्टुराँहरू भरिभराउ। राजधानीका मुख्य ह्याङ आउट जोनका रेस्टुराँहरूमा प्लस टु पुस्ताको बाहुल्य थियो। जोडीहरूको माया चिसोले अझ बढाएको थियो र उनीहरू एकापसको बाफमा तातिन अझ नजिक बनिरहेका थिए। रेस्टुराँमा उनीहरूको फुसफुसाहट चिसो र आत्मीयताको मिश्रणले मादक बन्दै गइरहेको थियो।

उति नै बेला बाहिरको फुसफुसले प्रेमजोडीहरूको फुसफुसाहट ओझेल पारिदियो। भ्यालेन्टाइन डेमा जोडीहरूको फुसफुसाहट बर्सेनि यसैगरी हुने गर्थ्यो, तर बाहिरी फुसफुस काठमाडौं सहरमा वर्षौंपछि देखिएको थियो। मौसमविज्ञान विभागका अनुसार काठमाडौंमा यसअघि ६२ वर्षअघि हिउँ फुसफसाएको थियो। राजधानीको तापक्रम हिउँ नै पर्ने गरी भने नघटेको विभागले बताएको छ।

चिसो र लोडसेडिङले बढाएको भ्यालेन्टाइन जोडीहरूको मुखको बाफ हिउँले अझ चुल्याएको थियो। हिउँ कहिल्यै नदेखेका जोडीहरू रेस्टुराँबाट बाहिर निस्कन पनि पछि परेनन्। कोही सेलफोनको क्यामराबाट हिउँ र प्रेमिकाको तस्बिर सँगै खिच्ने असम्भव प्रयास गरिरहेका थिए। केही बेर फुसफुसाएको हिउँको तस्बिर त समेटिन सकेको थिएन, तर प्रेमिका मुस्काएको छवि क्यामरामा अटाएको थियो।

टिनएज भ्यालेन्टाइन जोडीहरूका लागि मात्र नौलो थिएन यो, थुप्रै काठमाडौंवासीले फागुन २ गते बुधवार पहिलोपल्ट आफ्नो जीवनमा हिउँ फुसफुसाएको देखेका थिए र सातघन्टे लोडसेडिङ पनि। एक साताअघिसम्म गर्मीले रन्किएको

> चिसो र लोडसेडिङले बढाएको भ्यालेन्टाइन जोडीहरूको मुखको बाफ हिउँले अझ चुल्याएको थियो। हिउँ कहिल्यै नदेखेका जोडीहरू रेस्टुराँबाट बाहिर निस्कन पनि पछि परेनन्। कोही सेलफोनको क्यामराबाट हिउँ र प्रेमिकाको तस्बिर सँगै खिच्दै थिए

काठमाडौंको दिउँसो एक्कासि लोडसेडिङ र हिउँले कठाङ्ग्रिएको थियो, जुन भ्यालेन्टाइनप्रेमीहरूका लागि रमाइलो बनेको थियो।

अठार सय वर्षअघि प्रेमका पक्षमा उभिएका र प्रेमीहरूको मिलन गराएका सन्त भ्यालेन्टाइन बुधवार राजधानीमा थिए भने काठमाडौंको चिसो मौसम र हिउँलाई मात्र धन्यवाद दिने थिएनन्, आफ्ना चेलाहरूको डेटिङ अझ प्रेमपूर्ण र रोमाञ्चित बनाउन सघाएकोमा विद्युत् प्राधिकरणको पनि सह्राना गर्ने थिए होलान्। लोडसेडिङले उपलब्ध गराएको क्यान्डललाइट डिनरको वातावरणमा चिसोसँगै मसिनो गरी फुसफुसाएको हिउँले अझ राप थपेको थियो, भ्यालेन्टाइन जोडीहरूको आत्मीयतामा। ■



# चेतना छर्दै विक्की

**एक दिन डाक्टर** बन्न इच्छुक एक परियार बालिकाले उनलाई भनिन्, 'दमाईकी छोरी डाक्टर बन्न हुँदैन रे हो मिस ?' यो प्रश्नले उनलाई झक्झकायो, उनले ती बालिकालाई यति राम्ररी सम्झाइन् कि आज तिनै बालिका डाक्टर बन्न एक वर्ष मात्र बाँकी छ ।

यस्ता अनेकन् उदाहरण छन्, ४७ वर्षीया भिक्टोरिया सुविराना अर्थात् विक्कीसँग । उनी २७ वर्षको उमेरमा घुम्दै नेपाल आएकी थिइन्, काठमाडौंको गल्लीमा फोहरका थुप्रामा फालिएका खाना खोज्नका लागि कुकुरसँग भिड्दै गरेका बालबालिका देखेपछि उनले जीवनको एउटा अर्थ भेटिन् र नेपाली बालबालिकाको सेवामै आफ्नो जीवन अर्पण गर्ने निर्णय गरिन् । त्यसपछि आफ्नो राम्रो जागिर छोडेर उनी नेपाल आइन् । त्यो निर्णय निकै कठिन थियो, उनकी आमाले समेत भिक्की बहुलाएको भनेर मनोविज्ञकहाँ जचाउन समेत पठाइन् ।

नेपाली बालबालिकाको सेवा गर्दागर्दै उनको प्रवेशाज्ञा सकिएपछि उनलाई नेपाल छाडेर जान भनियो । उनका शुभचिन्तकले उपाय सुझाए र नेपाली सेर्पासँग विवाह गरिन्, उनले । नेपाली बालबालिकाको सेवामा उनी यति धेरै तल्लीन भइन् कि उनले आफ्नो पारिवारिक सुखदुःख सबै बिर्सिइन् । एक दिन घर पुग्दा उनको घरमा न खाना थियो न पकाउनका लागि केही खाद्यान्न । यो गरिबीबाट बच्न उनले लिंकन स्कुलमा जागिर खान थालिन् ।

विक्की एजुकेसन एन्ड डेभलपमेन्ट फाउन्डेसनको मार्फतबाट उनले सामाखुसी र बालाजुमा दुईवटा स्कुल खोलेकी छन्, जहाँ ५ सय ३० जना गरिब विद्यार्थी शिशु कक्षादेखि १० कक्षासम्म आवासीय रुपमा पढ्छन् । नेपालको अनुभवका आधारमा उनलाई अफ्रिकाको सियरालियोनमा नेपालका जस्तै स्कुल खोल्न बोलाइएको छ । उनी भन्छिन्, 'तर नेपाली बालबालिका सधैं मेरो प्राथमिकता परिरहनेछन् ।' ■



शून्य समय



युवराज घिमिरे

# खुलामञ्चको धम्कीपूर्ण सन्देश

**राजनीतिमा औपचारिकताको** आफ्नै महत्त्व हुन्छ। त्यसमा रणनीतिको अंश पनि हुन्छ। फागुन १ गते माओवादी आन्दोलनको बाह्रौं वर्षगाँठको अवसर पारेर प्रचण्डले त्यो औपचारिकता निर्वाह गरे। साँचो अर्थमा भन्ने हो भने प्रचण्ड विगत १४ महिनामा धेरैपल्ट सार्वजनिक भइसकेका छन् र असारदेखि उनी अक्सर हरेक दिन सरकारी तथा निजी टेलिभिजन च्यानलमा देखा पर्ने गरेका छन्। त्यसैले फागुन १ गते खुलामञ्चको उनको सार्वजनिक उपस्थितिलाई रणनीतिक महत्त्वले हेरिनु पर्छ। यद्यपि, उनका सार्वजनिक उपस्थिति पनि अति बढी संख्यामा हुन थालेमा त्यसले अर्थशास्त्रको घट्दो उपयोगिता (ल अफ डिमिनिसिङ युटिलिटी)को सिद्धान्त आकर्षित हुनेछ वा त्यसले जनतालाई विकर्षित गर्नेछ, अरू नेताहरूलाई जस्तै।

मंगलवारको माओवादी कार्यक्रमले प्रचण्डबाट वैकल्पिक राजनीतिको सफल नेतृत्व हुन सक्ने आशा राखेकाहरूले समेत त्यस्तो आशा गुमाउन थालेका छन्। प्रचण्डको लामो भाषणमा शान्ति प्रक्रियाप्रति न प्रतिबद्धता देखियो, न हतियार तथा हिंसाको राजनीतिबाट सिर्जित आतंकको शक्तिभन्दा बाहिरको राजनीतिलाई अंगीकार गर्न खोजेको सन्देश दिन सके, उनले।

प्रचण्डले माडी हत्याकाण्डप्रति दुःख व्यक्त गरे, तर त्यसमा न इमानदारी झल्कन्थ्यो, न प्रायश्चित। उनले बराबर गल्ती भयो भन्नुको औचित्य र अर्थ त्यस बेलासम्म रहनेछैन, जबसम्म त्यो घटनाका रचयिता र कार्यान्वयनकर्ताहरू कानुनको घेरामा आउँदैनन् वा प्रचण्डले निःसर्त निरस्त्र भएर त्यो घटनाबाट प्रभावितहरूसँग त्यहीं गएर माफी माग्दैनन्। अझ महत्त्वपूर्ण के हो भने प्रचण्डले व्यक्तिगतरुमा त्यस बेलासम्म आन्तरिक शान्ति महसुस गर्न सक्नेछैनन्, जबसम्म उनलाई माडीका जनताले क्षमा प्रदान गर्दैनन्। उनको अबको राजनीतिमा त्यो विन्दु नै नैतिक विजयको क्षण हुनेछ।

जेठसम्म संविधानसभाको निर्वाचन हुन नसकेमा वैशाखमा नै गणतन्त्र घोषणा गर्ने नारा दिनु प्रचण्डको अधिकार हो। तर, निर्वाचन विश्वसनीय प्रक्रिया र भयरहित वातावरणमा हुनु पर्नेभन्दा हिंसाको राजनीतिको भय समाप्त नहुँदै होस् भन्नेमा माओवादीको जोड देखिएको छ। पार्टीका महत्त्वपूर्ण नेताहरूले समेत आजको साझा शत्रु 'राजा' भएको र राजसंस्थालाई समाप्त गरेपछि अहिलेका प्रजातान्त्रिक दलहरूलाई राजालाई जस्तै निसाना बनाइनेछैन भनेर आश्वासन दिन सकेका छैनन्।

जेठसम्म संविधानसभाको निर्वाचन हुन नसकेमा वैशाखमा नै गणतन्त्र घोषणा गर्ने नारा दिनु प्रचण्डको अधिकार हो। तर, निर्वाचन विश्वसनीय प्रक्रिया र भयरहित वातावरणमा हुनु पर्नेभन्दा हिंसाको राजनीतिको भय समाप्त नहुँदै होस् भन्नेमा माओवादीको जोड देखिएको छ। पार्टीका महत्त्वपूर्ण नेताहरूले समेत आजको साझा शत्रु 'राजा' भएको र राजसंस्थालाई समाप्त गरेपछि अहिलेका प्रजातान्त्रिक दलहरूलाई राजालाई जस्तै निसाना बनाइनेछैन भनेर आश्वासन दिन सकेका छैनन्। चन्दा आतंकको बचाउ गर्दै विगत २५० वर्षको शोषणको राजनीतिमा राजसंस्थालाई जसरी नै अन्य दललाई पनि वर्गीय हिसाबले राजाका मतियारका रूपमा प्रस्तुत गरेका छन्, प्रचण्डले। यद्यपि, लाटै हिसाबले भए पनि जनताले माओवादी नेतृत्वसँग सोध्नै पर्ने हुन्छ - नेतृत्वमा ब्राह्मणहरूकै वर्चस्व भएका माओवादीका पितृहरूलाई २५० वर्षको शोषणको इतिहासलाई वर्गीकृत गराउँदा कता राख्नु पर्छ? नयाँ इतिहासको निर्माण मेलमिलाप र साझा चिन्तन अनि त्यसमा आधारित समझदारीबाट मात्र हुन्छ। अहिलेको शान्ति प्रक्रियालाई हिंसाको राजनीतिकै रणनीतिक निरन्तरता मान्ने भुल माओवादीले गरेमा त्यो उनीहरूको अन्त्यको सुरुवात हुनेछ। तराईले त्यो प्रक्रियालाई गति दिएको छ।

विगत आठ महिनामा माओवादी अवश्य पनि वैकल्पिक राजनीतिको मुख्य प्रतिनिधिका रुपमा आफूलाई पेस गर्न सफल भएको छ। तर, त्यसले जनअनुमोदन पाउन बाँकी नै छ। जनअनुमोदन त्यस बेला मात्र उनीहरूले पाउनेछन्, जब हतियार, हिंसा र आतंकको राजनीतिलाई उनीहरूले विश्वसनीय ढंगबाट त्यागेको प्रमाण पेस गर्न सक्छन्। खुलामञ्चको बैठकमा त्यससम्बन्धी स्पष्टता नदेखिँदा माओवादीप्रति जनताको आशा विस्तारै अब आशंकामा परिणत हुनेछ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला मेलमिलाप र शान्तिका लागि असल नियत देखाउन सफल भए पनि शारीरिक अशक्तता र स्वार्थी गिरोहको षड्यन्त्रबाट उनको क्षमता क्षीण हुन पुगेको छ। त्यसैले मधेसलगायत मुलुकका समस्यालाई जनसशक्तीकरण तथा नयाँ शक्ति संरचनामा सबै जनतालाई हिस्सेदार बनाउने प्रक्रिया परिभाषित गर्नुभन्दा अल्पदृष्टिको प्रयोगबाटै सत्ता टिकाउने रणनीति उनले अख्तियार गर्न पालेका छन्। शिवरात्रिमा बर्सेनी भारतबाट आउने साधुहरूलाई दरवारिया षड्यन्त्रका वाहकका रूपमा चित्रित गर्दै उनीहरूको आगमन रोक्नुको अर्थ निरपेक्ष राज्यको कर्तव्य नभएर आन्तरिक रूपमा सरकारको चरित्र र शक्तिमा आएको ह्रासको प्रमाण हो।

मूल्य टाट पल्टेको यो राजनीतिबाट सरकारको छटपटी देखिन्छ। तर, त्यसैलाई माओवादीले आफ्नो शक्ति ठान्ने भुल गरेको छ र त्यसैले जनअनुमोदन खोज्नुभन्दा उसले फेरि आफ्नो हतियारकै अतीतको राजनीतिको आडमा आफूलाई शक्तिशाली प्रस्तुत गर्न खोजेको छ। हतियारको राजनीतिले 'माडी' मात्र घट्न सक्छ, मुलुकको रुपान्तरण हुन सक्दैन। माओवादी माडीकै व्यापक पुनरावृत्ति चाहन्छन् वा रूपान्तरण? ■